# प्रशासनिक सरोकार

वर्ष १३ | अङ्क ४ | पुस, २०८२ | मूल्य रु. १००/- | www.prashasaniksarokar.com

मासिक



## नयाँ सार्वजनिक शासन :

# सहभागितामूलक र उत्तरदायी शासनको आधार

लोकसेवा विशेष

## "स्वदेश भ्रमणः हाम्रो गर्व, हाम्रो पहिचान"

**नेपालमा रहेका ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक सम्पदाहरू हाम्रो साझा गौरव हुन् । पर्यटनको विकासले रोजगारी सिर्जना, स्थानीय उत्पादनको खपत र नेपालको समग्र आर्थिक प्रगति सुनिश्चित गर्छ ।**

**त्यसैलेः**

- आन्तरिक तथा बाह्य पर्यटकलाई स्वागत गरौं ।
- पर्यटकस्थलहरु सफा, सुरक्षित र व्यवस्थित राखौं ।
- स्थानीय संस्कृति, परम्परा र आस्थाको सम्मान गरौं ।
- अतिथिलाई देवतासरह व्यवहार गरौं ।

नेपाल सरकार

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

सिंहदरबार, काठमाडौं

---

## बर्दिबास नगरपालिकाको अनुरोध

- आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- नगरपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।

**बर्दिबास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

बर्दिबास, महोत्तरी, मधेश प्रदेश, नेपाल




**१८ आवरण**

**नयाँ सार्वजनिक शासनः**

# सहभागितामूलक र उत्तरदायी शासनको आधार

- तोमनाथ उप्रेती



**६**

अन्तर्वार्ता

**'नागरिकमुखी सेवाका लागि कार्यविधिको पालना अनिवार्य हुन्छ'**

**अशोक कोइराला**
प्रमुख प्रशासकीय अधिकृत
देवचुली नगरपालिका
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

**साथमा**

अस्वाभाविक बजेट आकार प्रवृत्तिः कारण, प्रभाव तथा आगामी कार्यदिशा
- डा. दामोदर रेग्मी / १३

सङ्घीयता र मध्यमकालीन खर्च संरचनाः अवस्था, आवश्यकता र आगामी कार्यदिशा
- नवीन अधिकारी / २९

जलवायु परिवर्तनबाट आर्थिक तथा सामाजिक क्षेत्रमा प्रभाव-समस्या समाधानका उपाय
- गम्भीरबहादुर हाडा / ३३

लोकसेवा विशेष / ३६-४०



**१०**

अन्तर्वार्ता

**'हामीले जनमुखी सेवा प्रवाहलाई अँगालेका छौं'**

**भरतप्रसाद श्रीवास्तव**
प्रमुख प्रशासकीय अधिकृत
चन्द्रपुर नगरपालिका, रौतहट



**२२**

अन्तर्वार्ता

**'आन्तरिक व्यवस्थापन र प्रविधिमार्फत सेवा प्रवाह सुधारमा जोड दिएका छौं'**

**राममणी अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत
बर्दिबास नगरपालिका, महोत्तरी,



**२६**

अन्तर्वार्ता


**'नीतिमा आधारित सहभागितामूलक विकासमा जोड दिएका छौं'**

**रामबाबु पौडेल**
प्रमुख प्रशासकीय अधिकृत
बेनीघाट रोराङ गाउँपालिका, धादिङ


द्रष्टव्यः यस पत्रिकामा प्रकाशित लेख-रचनाहरुमा व्यक्त गरिएका विचारहरु सम्बन्धित लेखकका निजी हुन् । ती विभिन्न विचारहरुले यस संस्थाको आधिकारिक रुपमा प्रतिनिधित्व गर्दैनन् । - प्रधान सम्पादक

**संस्थागत वार्षिक ग्राहक शुल्क रू. १,५००/-**

प्रशासनिक सरोकार
जि.प्र.का. काठमाडौं द.नं. ४७/०६९/०७०




**प्रकाशक/प्रधान सम्पादक**:
सुरेशराज बराल

**सम्पादक**:
सरोज घिमिरे

**कार्यकारी सम्पादक**:
राजेश अधिकारी

**वरिष्ठ संवाददाता**:
यशोदा कोइराला

**समाचार प्रमुख**:
समुन्द्र अधिकारी

**ठेगाना**:
का.म.न.पा. १०, काठमाडौं
prashasaniksarokar@gmail.com

**मुद्रण**:
ग्रिष्मा ग्राफिक प्रा.लि.
बागबजार, काठमाडौं
E-mail: grishmagraphic@gmail.com

सम्पादकीय |

# निष्ठा, अनुशासन र सुशासनः प्रभावकारी राज्य संयन्त्रको नयाँ मार्ग

नेपालको राज्य र प्रशासनिक प्रणालीको मूल उद्देश्य जनताको जीवनस्तर उन्नत पार्नु, सार्वजनिक हितको संरक्षण गर्नु र दीगो विकास सुनिश्चित गर्नु हो । तर नियम, संरचना र नीति मात्रै प्रशासनलाई प्रभावकारी बनाउन पर्याप्त छैन । त्यसका लागि निष्ठा, अनुशासन र सुशासन जस्ता मूल्यहरू अपरिहार्य छन् । निष्ठा भनेको आफ्नो कर्तव्यप्रति ईमानदारी, सत्यनिष्ठा र प्रतिबद्धता हो, जसले कर्मचारीलाई व्यक्तिगत स्वार्थभन्दा सार्वजनिक हितलाई प्राथमिकता दिन प्रेरित गर्छ । अनुशासनले निश्चित नियम, समयपालन र जिम्मेवारी पालन सुनिश्चित गर्छ । यी मूल्यहरू बिना प्रशासनिक प्रणाली ढिलो, असंगत र अनियमित बन्ने खतरा हुन्छ ।

नेपालमा प्रशासनिक प्रणाली ऐतिहासिक, सामाजिक र राजनीतिक दबाबसँग जुज्दै आएको छ । कर्मचारीतन्त्रीकरण, राजनीतीकरण, पारदर्शिताको अभाव र कमजोर निगरानीले सुशासनमा बाधा पुऱ्याउँछ । यसैले निष्ठा र अनुशासनमा आधारित प्रशासन पुनर्निर्माण अनिवार्य छ । योग्य र निष्ठावान कर्मचारी छनोट, नियमित प्रशिक्षण, निगरानी, कठोर कानूनी व्यवस्था र प्रेरणादायक नेतृत्व आवश्यक छन् । साथै, सामाजिक र सांस्कृतिक मूल्यहरूको प्रवर्द्धनले सेवा भाव, सहिष्णुता र जिम्मेवार आचरण विकास गर्न मद्दत गर्छ ।

सदाचार र सुशासन एकअर्कामा अन्तर-आबद्धित छन् । सदाचारी कर्मचारीले स्वार्थ, लोभ, लालसा वा दबाबसँग सम्झौता नगरी निष्पक्ष र पारदर्शी निर्णय गर्छ । सुशासन भनेको केवल नियमको पालना होइन; यो निर्णयमा पारदर्शिता, निष्पक्षता र नागरिकको विश्वास कायम गर्ने क्षमता हो । सुशासन भएको राज्यमा सेवा प्रदायक र नागरिकबीच पारस्परिक भरोसा बढ्छ, भ्रष्टाचार न्यून हुन्छ, नीति कार्यान्वयन प्रभावकारी हुन्छ र दीगो विकास सहज हुन्छ ।

नेपालमा निष्ठा र अनुशासनमा आधारित प्रशासनिक प्रणालीले मात्रै नागरिकको विश्वास बढाउँछ, सामाजिक न्याय सुनिश्चित गर्छ र दीगो विकासको मार्ग प्रशस्त गर्छ । यसले सरकारी योजना प्रभावकारी कार्यान्वयन, सेवा प्रवाहमा ढिलासुस्ती कम गर्ने र असमानता घटाउने भूमिका खेल्छ । कर्मचारीमा सेवा भाव र अनुशासनको विकास भएमा मात्र प्रशासनिक सुधार पूर्ण रूपमा सम्भव छ ।

प्रशासनिक सुधारका लागि कानुनी, नीतिगत र व्यवहारगत सुधारहरू आवश्यक छन् । पारदर्शिता, जवाफदेहिता, गुणस्तरीय सेवा प्रवाह, कडा निगरानी र प्रशिक्षणमार्फत मात्र प्रशासन सुधार गर्न सकिन्छ । यस्तो संरचना निर्माण गर्दा मात्र नागरिकको विश्वास पुनःपाउँछ र समृद्ध नेपाल निर्माणको सपना साकार हुन्छ । जहाँ प्रशासनिक कर्मचारीहरू निष्ठावान र अनुशासित हुन्छन्, त्यहाँ दिगो विकास र शान्तिपूर्ण समाज सम्भव हुन्छ ।

नेपाललाई सक्षम, उत्तरदायी र विश्वासिलो प्रशासन आवश्यक छ, जसले राष्ट्रलाई नयाँ उचाइमा पुऱ्याउनेछ । निष्ठा, अनुशासन र सुशासनमा आधारित प्रशासनिक प्रणाली नै दीगो विकास, सामाजिक न्याय र नागरिकको विश्वास सुनिश्चित गर्ने आधार हो ।

# मतदानमा सहभागी बनौं

- मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो ।
- मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं ।
- मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं ।
- मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं ।
- मतदान गर्न जाँदा मतदाता परिचयपुत्र अनिवार्यरुपमा लिएर जाऔं ।
- दबाब र प्रभावमा परी मतदान नगरौं ।
- व्यक्तिगत विवेकका आधारमा मतदान गरौं ।
- अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं ।
- सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावर्ण कायम गरी मतदान गरौं ।
- राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# सरकारी संस्थान/निकायमा कर्मचारी र संचालकलाई मनपरी सुविधा, नियन्त्रण गर्न सिफारिस

**राज्य**को लगानी भएका नियामक निकाय, प्रतिष्ठान, बोर्ड, समिति तथा सार्वजनिक संस्थानका पदाधिकारी र कर्मचारीले जथाभाबी सेवा-सुविधा लिँदै आएको पाइएको छ । सरकारी निकायमा कार्यरत कर्मचारीहरूको पारिश्रमिक तथा सेवा-सुविधामा एकरूपता कायम गर्न गठित सुझाव कार्यदलको अध्ययनले सार्वजनिक संस्थानहरूमा मनपरी ढंगले भत्ता र सुविधा वितरण भइरहेको तथ्य उजागर गरेको हो ।

कार्यदलको प्रतिवेदनअनुसार केही संस्थान तथा प्रतिष्ठानहरूले कर्मचारीलाई ४१ थरीसम्मका भत्ता प्रदान गर्दै आएका छन् । सरकारले स्थानीय र महँगी भत्ताबाहेक अन्य भत्ता नदिने नीति लिएको भए पनि राज्य कोषबाट लगानी भएका निकायहरूले अर्थ मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा विभिन्न संसदीय समितिका निर्देशनलाई बेवास्ता गर्दै सेवा-सुविधा दिँदै आएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनमा सार्वजनिक संस्था तथा नियामक निकायमा कार्यरत कर्मचारीले ४१ थरीसम्मका भत्ता-सुविधा लिँदै आएको उल्लेख छ । सरकारले स्थानीय भत्ता र महँगी भत्ता बाहेक अन्य भत्ता नदिने नीति लिएको भए पनि अध्ययन गरिएका सबै नियामक निकाय, संस्थान, प्रतिष्ठान, बोर्ड तथा समितिहरूले कुनै न कुनै शीर्षकमा अतिरिक्त भत्ता वितरण गर्दै आएको छ ।

संस्था र निकायको प्रकृति, स्थापना उद्देश्य, कार्यक्षेत्र तथा सेवा प्रवाह गर्ने स्थानलाई आधार मानेर कर्मचारीलाई पोसाक भत्ता, टेलिफोन भत्ता, खाजा खर्च, यातायात भत्ता, आवास तथा घर भाडा भत्ता, सञ्चार खर्च, अतिरिक्त समय भत्ता, वार्षिकोत्सव भत्ता, कार्यसम्पादनमा आधारित भत्ता, प्रोत्साहन तथा उत्पादकत्व भत्ता, स्टेशन भत्ता, जोखिम तथा कठिन कार्य भत्ता, आयोजना भत्ता, सिफ्ट भत्ता, नगद भत्ता, कार्यदक्षता भत्ता, व्यवसाय प्रवर्द्धन तथा उत्प्रेरणा भत्ता, कार्यालय प्रमुख भत्ता, बाह्य कार्यालय भत्ता, नियमन भत्ता, विशेष भत्ता, शिशु स्याहार भत्ता, पानी भत्ता, केन्द्रीय बैंक भत्ता, बैंकिङ भत्ता, हिसाब मिलान भत्ता, स्थानीय भत्ता, चाबी भत्ता, टेलर भत्ता लगायत ४१ प्रकारका भत्ता प्रदान गरिएको देखिन्छ ।

कतिपय संस्था तथा निकायका विनियमावलीमा ती भत्ताहरूको स्पष्ट रकम उल्लेख गरिएको छैन । अधिकांशमा 'सञ्चालक समितिले तोकेबमोजिम' भत्ता उपलब्ध गराइने व्यवस्था गरिएको छ । अझ सञ्चालक समितिको निर्णयका आधारमा कानुनमा उल्लेख नभएका थप भत्ता समेत वितरण गर्न सकिने प्रावधान राखिएको पाइएको छ ।




यसरी सरकारी नीति विपरीत जथाभाबी भत्ता वितरण हुँदा राज्यकोषमा अनावश्यक आर्थिक भार थपिँदै गएको छ भने सार्वजनिक संस्थानमा सेवा-सुविधाको असमानता झनै गहिरिँदै गएको देखिन्छ ।

कार्यदलले तयार पारेको प्रतिवेदन अनुसार तलब, भत्ता, बोनस, उपदान र पेन्सनजस्ता मौद्रिक सुविधासँगै गैरमौद्रिक सुविधामा पनि ठूलो असमानता देखिएको छ । कर्मचारीले पाउने बिदामा समानता देखिए पनि सञ्चित घर बिदाको भुक्तानीमा फरक-फरक व्यवस्था रहेको प्रतिवेदनमा उल्लेख छ । तलब-भत्ता निर्धारणमा कतै सञ्चालक समितिले तोक्ने, कतै अर्थ मन्त्रालयको सहमतिमा तोक्ने जस्ता भिन्न व्यवस्था रहेको पाइएको छ ।

कतिपय सार्वजनिक संस्थानहरु वित्तीय रूपमा कमजोर अवस्थामा रहे पनि कर्मचारीलाई उच्च सुविधा प्रदान गर्दै आएको तथ्य अध्ययनले देखाएको छ । यस्ता गतिविधिले प्रशासनिक खर्च र कर्मचारी सुविधामा निरन्तर वृद्धि गरिरहेको र यसले राज्यकोषमा थप वित्तीय दायित्व सिर्जना गरेको प्रतिवेदनको निष्कर्ष छ । कतिपय अवस्थामा संस्थानलाई सञ्चालन गर्न सरकारले ऋण वा अनुदानमार्फत सहयोग गर्नुपर्ने अवस्था समेत आएको छ ।

नेपालमा नीति निर्माण, नियमन, अनुसन्धान तथा वस्तु-सेवाको उत्पादन र वितरणका लागि विभिन्न नियामक निकाय, बोर्ड, आयोग, समिति र संस्थान गठन गरिँदै आएको छ । यस्ता निकायहरु सरकारका विस्तारित हातका रूपमा रहे पनि तिनमा कार्यरत पदाधिकारी र कर्मचारीको सेवा-सुविधा निर्धारणका लागि स्पष्ट मापदण्डको अभाव रहेको कार्यदलले औँल्याएको छ ।

हाल देशभर रहेका सार्वजनिक संस्थानमध्ये ३३ वटा कम्पनी ऐन, सात वटा विशेष ऐन, दुई वटा सञ्चार ऐन, एक वटा सहकारी ऐन र एक वटा संस्थान ऐनअन्तर्गत स्थापना भएका छन् । यी संस्थानहरूमा करिब ३४,९५१ कर्मचारी कार्यरत छन् । बोर्ड, समिति र प्रतिष्ठानमा कार्यरत कर्मचारीलाई समेत समेट्दा संख्या अझै बढ्ने देखिन्छ ।

प्रतिवेदनले सेवा-सुविधा निर्धारण गर्दा पर्याप्त अध्ययन नगर्दा दीर्घकालीन वित्तीय दायित्व बढ्दै गएको र पारदर्शी, न्यायोचित तथा एकरूप सेवा-सुविधा प्रणाली विकास गर्नु अत्यावश्यक भएको निष्कर्ष निकालेको छ ।

सरकारको नीतिअनुसार सार्वजनिक संस्थान तथा निकायहरूमा योगदानमा आधारित अवकाश सुविधा व्यवस्थापन भएको नपाइएको कार्यदलको प्रतिवेदनले औँल्याएको छ । प्रतिवेदनअनुसार अधिकांश संस्थानहरूले अवकाश सुविधा अपारदर्शी ढंगले सञ्चालन गर्दै आएका छन् । कतिपय संस्थानले कोष खडा गरी त्यसबाट पटक-पटक गरिएका निर्णयका आधारमा सुविधा वितरण गरेको, केहीले कर्मचारी कल्याण कोषको नाममा कर्मचारीकै नामका रकम जम्मा गर्ने गरेको तथ्य पनि प्रतिवेदनमा उल्लेख छ ।

# क्षयरोगका लक्षणहरु



















माथिका लक्षणहरु मध्ये कुनै एक देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा गई निःशुल्क खकार जचाऔं ।

क्षयरोग उपचारबाट रोकथाम र नियन्त्रण हुने रोग हो ।

**क्षयरोगको औषधी स्वास्थ्य संस्थाहरुमा निःशुल्क पाइन्छ ।**

**राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र**

**ठिमी, भक्तपुर**

---

# कृषि तथा पशुपन्छी विकास मन्त्रालयको अनुरोध

- जीवनाशक विषादीहरु निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुनसक्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरु तथा निर्देशनहरुअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन होसियारी अपनाउनु पर्छ । विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- लक्षित गरेका किराहरु तथा प्रयोग हुने बालीहरुबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नु हुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनु पर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ । विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तैः विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

**मधेश प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**जनकपुरधाम, धनुषा, नेपाल**



**अशोक कोइराला**
प्रमुख प्रशासकीय अधिकृत
देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

# 'नागरिकमुखी सेवाका लागि कार्यविधिको पालना अनिवार्य हुन्छ'

- हामीले हाम्रो नियम र कार्यविधिअनुसार सेवा संचालन गर्ने प्राथमिकता राखेका छौं । खासगरी नागरिकले प्राप्त गर्ने सेवामा कस्तो अनुभव हुन्छ भन्ने कुरालाई केन्द्रमा राखेर सेवा प्रवाह सुनिश्चित गरिएको छ ।
- नगरपालिकाले नागरिकको आयआर्जनका लागि सीपमूलक तालिम, प्रविधि हस्तान्तरण र अनुदानसहितका कार्यक्रमलाई प्राथमिकतामा राखेको छ ।
- देवचुली नगरपालिकाको समृद्धिका लागि अब पूर्वाधार विकाससँगै नागरिकको आयआर्जन र सामाजिक विकासमा ध्यान दिनुपर्छ ।

**देवचुली नगरपालिका नवलपरासी जिल्लाको नवलपुर क्षेत्रमा रहेको एउटा स्थानी तह हो । विशेषगरी कृषि, पर्यटन( लगायतका माध्यमबाट विकास र समृद्धिको यात्रामा अग्रसर यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा हाल *अशोक कोइराला* कार्यरत हुनुहुन्छ । सार्वजनिक प्रशासनका क्षेत्रमा लामो अनुभव सँगाल्नु भएका उपसचिव कोइरालासँग नगरपालिकामा संचालित विकास निर्माणका योजना, कार्यान्वयनको अवस्था, कानुनी प्रक्रिया, सुशासन प्रवर्द्धन लागि गरिएका प्रयासलगायतका विषयमा केन्द्रित भएर *सुरेशराज बराल*ले गरेको कुराकानी प्रस्तुत छः**

**आमनागरिकलाई सुशासनसहितको डिलिभरी दिनलाई सेवा प्रवाह, जनउत्तरदायित्व र संस्थागत सुधारको विषयमा के कस्ता कार्यहरू अगाडि बढाउनुभएको छ ?**

मुख्यतया हामीले हाम्रा जुन नियम, कार्यविधिहरू छन् त्यसैलाई नै परिचालन गर्ने हो । खासगरी हामीले प्रदान गर्ने सेवाहरूमा नागरिकले कस्तो महसुस गर्छन् भन्ने विषय हो । हाम्रा कार्यविधिहरू जुन हुन्छन् त्योअनुसार कार्य संचालन गर्ने, सेवा प्रवाह गर्ने कार्यहरू भइरहेका हुन्छन् ।

**अनावश्यक ढिलासुस्ती, सिफारिस र कागजी झन्झट घटाउन प्रविधिमुखी सुधारका लागि कत्तिको जोड दिनुभएको छ नि ?**

अहिले हाम्रो जस्तै अब धेरै कुराहरू हाम्रो सिष्टममै छन् । लेखा प्रणालीलाई इएफटी भनिन्छ, जुन सूत्रमा छ । राजश्व प्रणाली पनि सूत्रमा छ । योजनाका कुराहरू पनि अब सफ्टवेयरको माध्यबाट हुन्छन् । अन्य कुराहरू पनि छन् । तर प्रविधिसँगसँगै हामी त्यसको प्रयोगमा पनि पोख्त हुनुपर्‍यो ।

**एउटा प्रशासनिक नेतृत्वका हिसाबले देवचुली नगरपालिकामा विकासका आवश्यकता र सम्भावनाका साथसाथै चुनौतिहरू के के देख्नुहुन्छ ?**

मुख्य त आम्दानीका हिसाबले हेर्दा स्रोतको अलि समस्या छ । आम्दानीको स्रोत त्यति छैन । आन्तरिक स्रोतकै समस्या छ । अर्को विषयचाहिँ विकास भनेको पूर्वाधारमात्रै हो भन्ने चलन छ । त्यसले गर्दाखेरी अब विकास भनेको समग्र विकास हो । नागरिकले अनुभूति गर्ने खालको विकास हो भन्ने हिसाबमा देवचुलीको सन्दर्भमा पनि भयो अब समग्रमा पनि त्यस्तो अवस्था छ ।

**स्थानीय तहका लागि छुट्याइएको अनुदान पनि पूर्णरूपमा हस्तान्तरण नहुने परिपाटीले बजेट तथा योजना कार्यान्वयनमा के कस्ता समस्या देखिन्छ ?**

त्यो विषय छन् । जस्तै अब राजश्व बाँडफाँडको कुरामा त राजश्व जति उठ्यो त्यो अनुसार आउनेभयो । माथि पनि शतप्रतिशतै उठ्दैन । अरू अनुदान पनि कटौती गर्ने अवस्था छ । हामीले त्यो हिसाबमा योजनाहरू निर्माण गरिसकिएको हुन्छ, कार्यान्वयनमा गइसकेको हुन्छ तर पछि भुक्तानीमा समस्या हुन्छ । त्यसले गर्दा एक त स्थानीय स्रोत साधन त्यसै सीमित त्यसमा फेरी कटौती भएर आउँदा भुक्तानीमा चाप पर्छ ।

**त्यसो त स्थानीय तहलाई प्राप्त अनुदान पनि राजनीतिक निर्णयको आधारमा अन्य क्षेत्रमा खर्च गर्ने परिपाटीका कारणले अनुदान रकमको सही सदुपयोग हुन सकेन भनेर ओभरसाइट एजेन्सीहरूले औंल्याइरहँदा कमजोरीचाहिँ कहाँ देख्नुहुन्छ ?**

यी विषयहरू छन् । यी विषयहरू त अब नेपाल सरकारदेखि प्रदेश सरकारबाट पनि धेरै वितरणमुखी कार्यक्रम परेका हुन्छन् । त्यसले गर्दाखेरी कानुनी र नीतिले व्यवस्था गरेका विषयहरू हामीले गर्दैनौं भन्न मिल्दैन, त्यो अनुसार कार्यान्वयन गराउँछौं । अब त्यसलाई एकीकृत गर्ने हो कि भन्ने कुरा चाहिँ अलि जटिल जस्तो लाग्छ । अरू कुरामा त यहाँ भएका कामहरू सबै गलत छन् भन्ने होइन । तर स्रोतको सीमितताका बावजुद त्यसलाई एकीकृत गरेर गर्दा राम्रो हो जस्तो लाग्छ ।

**चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा बजेट कार्यान्वयनको अवस्थामा कत्तिको सन्तुष्ट हुनुहुन्छ नि ?**

बजेट कार्यान्वयनको अवस्थामा खासगरी जेन–जी आन्दोलनका कारणले अलि अलमल भयो । त्यसपछि चाडबाड सबैको असर पनि भयो । अहिले योजनाहरू कार्यान्वयनको चरणमा प्रवेश गरेका छन् । उपभोक्ता समिति गठन भएर सम्झौता भएका छन् ।

**नागरिकका माग सम्बोधनका नाममा जनप्रतिनिधिहरूले टुक्रे कार्यक्रमहरूमा जोड दिनु एउटा बाध्यता अथवा राजनीतिक उद्देश्य पनि होला तर पनि स्पष्ट नतिजा नदिने कार्यक्रमहरूलाई निरूत्साहित गर्न उहाँहरूलाई कत्तिको घचघच्याउने गर्नुभएको छ ?**

यसमा धेरै विषयहरू हुन्छन् । त्यो कार्यविधि अनुसार छ कि छैन भनेर हामीले भनेकै हुन्छौं । कतिपयचाहिँ स्थानीय तहमा खुद्रेभन्दा पनि कहिलेकाहिँ अब एउटा गरिब पिछडिएको परिवार उसलाई १० हजारको योजना दियो भने पानी खान पाउने अवस्था हुन्छ । त्योखालका प्राथमिकताका विषय छन् । त्यो बाहेकका योजनामा सुधार गर्नुपर्ने देखिन्छ ।

**आमनागरिकको सशक्तिकरणको लागि आयआर्जन बढाउने सीप विकास, लघु उद्यम प्रवर्द्धन, सहकारी सहयोग र बजार व्यवस्थापनका लागि स्थानीय सरकारले के कस्ता पहल गरिरहेको छ ?**

आफ्ना नागरिकलाई आयआर्जनसँग जोड्नको लागि नगरपालिका विभिन्न किसिमका तालिमको व्यवस्था गरेको छ । त्यसमा प्रविधि हस्तान्तरणदेखि अनुदानसम्मका कुराहरू पनि छन् । अब सहकारीको विषयमा कुरा गर्दा त्यसको नियमनको पाटो पनि छ । यसमा सबैलाई एकतावद्ध गर्ने प्रयास गर्दैछौं । एउटा सिस्टममा भएपछि नियमन गर्न सजिलो हुन्छ । अन्य सीपमूलक तालिमहरू पनि भइरहेका छन् । जस्तो अब थाकलबाट झोलाहरू बनाउने जस्ता तालिम भएका छन् । दुना टपरीका कुराहरू छन् ती विषयहरू भइरहेका छन् ।

**पछिल्लो समयमा स्थानीय तहका गतिविधिमा नागरिक सहभागिता घट्दै गएको, अपनत्व र संरक्षणमा चासो नदेखिनु एउटा समस्या छ भनिन्छ भने अर्कोतिर उपभोक्ता समितिमा पनि बिचौलिया हावी हुँदै गइरहेको भन्ने कुराले स्थानीय तहको विकासमा कस्तो खालको बाधा पारिरहेको अनुभूति गरिरहनुभएको छ ?**

यो विषय अलि जटिल छ । पहिला पहिला जति मान्छेको

सहभागिता हुन्थ्यो, जति उत्साह थियो, अझ सीमित स्रोत साधन हुन्थ्यो र पनि जनतामा एकखालको उत्साह देखिन्थ्यो तर त्यो अहिले समयको हिसाबले पनि होला यसमा साझेदारी कम हुँदै गएको चाहिँ हो । अब एकातिर सार्वजनिक खरिद ऐनका विषयमा पनि गुनासा छन् । अर्कोतर्फ सार्वजनिक नियमावलीमा फेरी उपभोक्ता समितिले गर्न पाउने सीमाचाहिँ बढिरहेको छ । त्यो भएकाले नीति, नियम कार्यान्वयन गर्न अलि समस्या छ, जटिल छ ।

**जनप्रतिनिधिहरूले पनि विकासका नाममा विशेषगरी छिटो परिणाम देखिने पूर्वाधार निर्माणमा बढी जोड दिनु त्यसबाहेक मानव विकास र क्षमता अभिवृद्धिका कार्यक्रमहरूलाई पनि सँगसँगै नसमेट्नुले विकासका गतिविधि त्यति प्रभावकारी हुन नसककेका हुन् कि जस्तो लाग्दैन तपाईंलाई ?**

हामीले विकासका योजना, आयोजनाहरूमा सुरूदेखि नै अध्ययन गरेर त्यसलाई अलि प्राथमिकीकरण गर्नचाहिँ जरूरी छ । त्यो हाम्रो स्थानीय तहको सन्दर्भमा त्यो आवश्यक छ कि छैन, त्यसको विकल्प अरू केही हुन्छ कि, त्यसले कस्तो खालको प्रभाव पार्छ भनेर प्राथमिकीकरण गर्नुचाहिँ एकदमै जरूरी छ । त्योभन्दा हामी छिटो परिणाम खोज्छौं तर त्यसको दीर्घकालिन परिणाम हेर्दैनौं । जसले गर्दा कम प्रभावकारी देखिएको हो कि जस्तो लाग्छ ।

**स्थानीय तहमा वर्षेनी बेरूजु र आर्थिक पारदर्शिताका सन्दर्भमा ओभरसाइट एजेन्सीहरूले प्रश्न उठाइरहँदा सामाजिक जवाफदेहिताको लागि प्रशासनिक तहबाट कत्तिको सजगता अपनाउने गर्नुभएको छ नि ?**

सरोकारवाला निकायहरूबाट विभिन्न विषयहरूका कुराहरू हुन्छन् । त्यो हिसाबले हामीले आन्तरिक नियमन प्रणाली पनि लागु गर्ने कुरा सोचेका छौं । आन्तरिक नियमन प्रणाली लागु गर्‍यौं भने त्यसबाट कार्यसम्पादन हुन्छ । त्यसले एकखालको विषयहरूमा नियमन गर्ने परिपाटीको सुरू हुन्छ ।

**देवचुली नगरपालिकाले विकासको प्राथमिकीकरण गर्नको लागि योजना बैंकको अवधारणामा कत्तिको जोड दिएको छ ?**

अहिलेसम्म यहाँ ठ्याक्कै योजना बैंक भन्ने छैन । मैले योभन्दा अगाडि राष्ट्रिय योजना आयोगमा आयोजना बैंकमै बसेर काम गरेको हो । त्यो हिसाबले यो विषयमा भन्दाखेरी स्थानीयस्तरमा आयोजना बैंकको औचित्यता कति भन्ने प्रश्न पनि हुन्छ । तर योजना बैंकचाहिँ खासगरी संघको, प्रदेशको आयोजनाहरू नछरियोस् भन्ने हिसाबले हो । त्योभन्दा पनि स्थानीय तहहरूले सानो किसिमको योजना बैंक बनाउँदा भने हुन्छ ।

**समृद्ध पालिका र सवल नागरिकको लक्ष्य पूरा गर्न देवचुली नगरपालिकाले अबका वर्षमा कस्ता विषय वस्तुलाई समेट्नुपर्ने देख्नुहुन्छ नि ?**

अहिले जुन खालको विकास हामीले गरिराखेका छौं जस्तो बाटो खनेका छौं त्यो सँगसँगै अब आर्थिक सामाजिक विकासको लागि आयआर्जनको लागि, जिपिकोपार्जनका लागि के गर्न सकिन्छ त्यसतर्फ ध्यान दिनुपर्छ । अर्को विषयचाहिँ विकाससँगसँगै वातावरणीय असर के पर्छ भन्ने पक्षलाई पनि हेर्नुपर्ने हुन्छ र अनि समग्र विकासलाई अगाडि बढाउनुपर्छ । ■


## स्वास्थ्य मन्त्रालयको सन्देशमुलक सूचना

- प्रत्येक ६/६ महिनामा नियमित स्वास्थ्य परीक्षण गरौं ।
- स्वास्थ्य परीक्षणलाई नियमित तथा स्वास्थ्य सेवा लिन राष्ट्रिय बीमा कार्यक्रममा आवद्ध होऔं ।
- गर्भा अवस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं र स्वास्थ्य संस्थामा नै सुरक्षित प्रसुती सेवा लिऔं ।
- नियमित पोषिलो खानेकुरा खाऔं ।
- सुत्केरी तथा गर्भवती महिला, किशोर-किशोरी तथा बालबालिकाको पोषण अवस्थामा विशेष ध्यान दिऔं ।
- बच्चा जन्मने बित्तिकै बिगौती दुध जतिसक्दो चाँडो खुवाऔं साथै ६ महिनासम्म आमाको मात्र दुध खुवाऔं ।
- बच्चा जन्मेपछि पनि सुत्केरी जाँच कम्तीमा ४ पटक स्वास्थ्य संस्था गएर गराऔं ।
- आफ्ना बालबालिकालाई राष्ट्रिय तालिका अनुसार स्वास्थ्य संस्थामा गई पूर्ण खोप लगाऔं ।
- कोभिड १९ लगायत अन्य सरुवा रोगहरुबाट बचौं ।
- नसर्ने रोगको प्रकोप नियमित बढिरहेको हुँदा नियमित खानपानमा ध्यान दिनुका साथै नियमित शारीरिक व्यायाम तथा कसरत गरौं ।
- डाक्टर तथा स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधीको प्रयोग नगरौं ।

मधेश प्रदेश सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

जनकपुरधाम, धनुषा

## डिभिजन वन कार्यालयको अनुरोध

*'वन डढेलो नियन्त्रण गरौं, जैविक विविधता संरक्षणमा योगदान गरौं'*

वन डढेलोको कारण वन, वन्यजन्तु, वनस्पतिलगायत मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने जैविक विविधताको नष्ट हुनुका साथै सामाजिक, आर्थिक तथा वातावरणीय समस्या समेत सिर्जना हुने हुँदा बेलैमा सचेत बनी निम्न कार्य गरी गराई वन डढेलो नियन्त्रणमा योगदान गरी सचेत नागरिकको कर्तव्य निर्वाह गरौं

- सुख्खा समयमा वन क्षेत्रबाट ज्वलनशिल वस्तु हटाउने वा नियन्त्रित डढेलो लगाउने
- वन डढेलोबाट हुने क्षतिको विषयमा जनचेतना वृद्धि गरौं ।
- वन डढेलोको कारण उत्पन्न हुन सक्ने प्रतिकुलताका बारेमा आफु पनि बुझौं र अरुलाई पनि बुझाऔं ।
- वनमा आगो लगाउनु वन ऐन बमोजिम दण्डनीय क्रियाकलाप हो, साथै यस कसुरबाट लाखौं जीवजन्तु डढेर खरानी हुने भएकोले धार्मिक हिसाबले पाप लाग्ने कुरा मनन गरौं । धार्मिक तथा कानुनी हिसाबले समेत दण्डनीय रहेको वन डढेला लगाउने निकृष्ट कार्य कोही कसैले नगरौं ।
- घरबारीमा हरियाली बढाऔं, स्वच्छ, शितल र स्वस्थ वातावरण कायम राखौं, जलवायु परिवर्तनको बढ्दो तापबाट बचौं ।

प्रदेश सरकार
मधेश प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**प्रदेश वन निर्देशनालय**

### डिभिजन वन कार्यालय

चन्द्रनिगाहपुर, रौतहट

---

## "सबल, सक्षम सुशासनयुक्त विकासमुखी स्थानीय सरकार"

- आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- नगरपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।

### टोखा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

मैजुहिटी, काठमाडौं, बागमती प्रदेश, नेपाल



**भरतप्रसाद श्रीवास्तव**
प्रमुख प्रशासकीय अधिकृत
चन्द्रपुर नगरपालिका
रौतहट

# 'हामीले जनमुखी सेवा प्रवाहलाई अँगालेका छौं'

- हामीले जनमुखी सेवा प्रवाहलाई प्राथमिकतामा राख्दै वार्षिक कार्यक्रमको परिधिभित्र सेवा र विकास निर्माण अघि बढाइरहेका छौं । प्रविधिमा आधारित सेवा प्रवाहमार्फत नागरिकलाई छिटो, सहज र झन्झटमुक्त सेवाका जोड दिएका छौं ।
- नगरपालिकाले बिपन्न, महिला र अशक्त नागरिकलाई लक्षित गर्दै सीपमूलक तालिममार्फत आयआर्जनसँग जोड्ने काम गरिरहेको छ ।
- चन्द्रपुरको समग्र विकासका लागि जनमुखी कार्यक्रममा जोड दिनु आवश्यक छ र योजनामा नागरिकको सहभागिता अनिवार्य छ । जनप्रतिनिधिहरूले टोल कमिटीबाट आएका योजनालाई प्राथमिकतामा राखेर विकास निर्माणमा प्रतिवद्ध रहनु पर्दछ ।

**चन्द्रपुर नगरपालिका मधेश प्रदेशको रौतहट जिल्लामा अवस्थित एउटा स्थानीय तह हो । पूर्व-पश्चिम राजमार्गले छोएको यो नगरपालिका विकास र समृद्धिका लागि निरन्तर प्रयासरत रहेको छ ।  हाल नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा *भरतप्रसाद श्रीवास्तव* कार्यरत हुनुहुन्छ । सार्वजनिक प्रशासनका क्षेत्रमा लामो अनुभव सँगाल्नु भएका उपसचिव श्रीवास्तवसँग नगरपालिकामा संचालित विकास निर्माणका योजना, कार्यान्वयनको अवस्था, कानुनी प्रक्रिया, सुशासनलगायतका विषयमा केन्द्रित भएर *सुरेशराज बराल*ले गरेको कुराकानी प्रस्तुत छः**

**आमनागरिकलाई सुशासनसहितको डिलिभरी दिनलाई सेवा प्रवाह, जनउत्तरदायित्व र संस्थागत सुधारको विषयमा के कस्ता कार्यहरू अगाडि बढाउनुभएको छ ?**

हामीले जनमुखी सेवा प्रवाहलाई अँगालेका छौं । वार्षिक कार्यक्रम पनि त्यसैगरी तर्जुमा गरेका छौं । वार्षिक कार्यक्रमकै परिधिभित्र रहेर सेवा प्रवाह र विकास निर्माणका कार्यक्रमहरू अगाडि बढाउन जनप्रतिनिधिहरूलाई सहयोग गरिरहेका छौं । रह्यो कुरा विगतदेखि हाम्रो चन्द्रपुर नगरपालिकाको धेरै घाटा बजेट छ । जसले गर्दा विकास निर्माणमा अलिकति चुनौति नै रहेको छ ।

**अनावश्यक ढिलासुस्ती, सिफारिस र कागजी झन्झट घटाउन प्रविधिमुखी सुधारका लागि कत्तिको जोड दिनुहुन्छ नि ?**

हामी लगभग लगभग डिजिटल प्रविधिको प्रयोगमै छौं । हाम्रा प्रायः सबै काम सेवाहरू अनलाइनका माध्यमबाट हुने गरेका छन् । त्यही भएर हाम्रोमा त्यति कागजी झन्झट हुँदैन । सेवा लिन आउने नागरिकलाई हामीले तुरुन्तै सेवा उपलब्ध गराउने गरेका छौं । अन्य ठाउँभन्दा यहाँबाट प्रवाह हुने सेवा बिना झन्झट चाँडै उपलब्ध हुने गरेको छ जस्तो लाग्छ ।

**तपाईंले एउटा प्रशासनिक नेतृत्वको हिसाबले चन्द्रपुर नगरपालिकामा विकासका आवश्यकता र सम्भावनाका साथसाथै चुनौतिहरू के के देखिरहनुभएको छ नि ?**

हाम्रोमात्रै नभएर प्रायः नेपालका सबै स्थानीय तहको एउटै समस्या भनेको स्रोतकै अभाव हो । जसले गर्दा विगत भएका कामको पनि हामीले भुक्तानी दिन सकिरहेका छैनौं । गत भदौमा भएको जेन-जी आन्दोलनका कारण चन्द्रपुर नगरपालिकामा ठूलै क्षति पुगेको अवस्था हो । कागजपत्र सबै जलेर नष्ट भए । आवश्यक निर्देशनका लागि हामीले अर्थ मन्त्रालयमा पनि एउटा प्रस्ताव पठाएका थियौं । जहाँ जहाँ हामीले भुक्तानी गर्नुपर्ने थियो सबै डकुमेन्ट नष्ट भएकाले भुक्तानीका लागि मान्छेहरू एकदम लाइनमा छन् । कागजात नष्ट भएकाले हामीसँग भुक्तानीको केही आधार देखिएन । त्यही भएर हामीले माथिल्लो निकाय अर्थमन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, महालेखामा माग गरी पठाएका छौं । त्यहाँबाट अहिलेसम्म आवश्यक निर्देशन नआइपुगेकाले हामीलाई अप्ठ्यारो भएको छ ।

**स्थानीय तहका लागि छुट्याइएको अनुदान रकम पनि पूर्णरूपमा हस्तान्तरण नहुने परिपाटीले बजेट तथा योजना कार्यान्वयनमा चाहिँ के कस्ता समस्या देख्नुहुन्छ ?**

नगरपालिकामा संचालित कार्यक्रमभन्दा संघीय सरकारको र प्रदेश सरकारको अनुदान भन्छौं । त्यहाँबाट प्राप्त हुने अनुदानका योजनाहरू पनि राख्छौं । आन्तरिक आय पनि हामीले अनुमानित गर्छौं तर पुरै लक्ष्य भेट्न नसकेको, लक्ष्यमै पुग्न नसकेको अवस्था छ । अब त्यसमा हाम्रो आन्तरिक आय पनि जोडिएको हुन्छ त्यही बजेटहरू हाम्रो सर्दै जाने भएकाले हामीलाई समस्या हुने गरेको छ । अहिले संघबाट आउने अनुदान विस्तारै विस्तारै कटौती हुँदै जानुले स्थानीय तहका योजना तथा कार्यक्रममा असर त पर्ने नै भयो । हामीले पनि जनप्रतिनिधिहरूलाई सचेत गराउने काम गरिरहेका हुन्छौं । आफ्नो बजेटको परिधिभित्र बस्नुस् भनेर भनिरहेका हुन्छौं । अब त्यो संघीय अनुदानमा मात्रैमा भर नपरौं, आफ्नो स्रोतका क्षेत्र बढाउने तर्फ ध्यान दिनुपर्छ जस्तो लाग्छ ।

**चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थाप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ नि ?**

बजेटको कार्यान्वयन प्रक्रिया अनुसार नै भइरहेको छ । हामीले भर्खर नगरसभाबाट  पास गर्‍यौं । अहिलेसम्म केही भएको थिएन । नगरसभाबाट पास भएपछि इन्ट्रिको काममा लागेका छौं । त्यो भएपछि पूर्ण रूपमा सुरूवात हुन्छ । हामीले सोचे अनुरूप नै बजेट खर्च हुने अनुमानमा छौं ।

**नागरिकका माग सम्बोधनका नाममा जनप्रतिनिधिहरूले टुक्रे कार्यक्रमहरूमा जोड दिनु एउटा बाध्यता अथवा राजनीतिक उद्देश्य पनि होला तर पनि स्पष्ट नतिजा नदिने कार्यक्रमहरूलाई निरूत्साहित गर्न उहाँहरूलाई कत्तिको घचघच्याउने गर्नुभएको छ नि ?**

हामीले जहिले पनि उहाँहरूलाई टुक्रे योजनाहरूमा जोड नदिउँ भनिरहेका हुन्छौं । पर्याप्त स्रोत नभएको अवस्थामा ठोस प्रतिफल दिने योजनामा बढी जोड दिनुपर्छ भन्ने कुरामा प्रमुख लगायतका सबै जनप्रतिधिहरूले बुझ्नु भएकै कुरा हो । सबैभन्दा नजिकको सरकार भएकाले जनताको माग धेरै छ जसले गर्दा त्यसलाई पुरै निरूत्साहित गर्न सकिएको अवस्था भने छैन । हामी कर्मचारीले त उहाँहरूलाई सुझाव र सल्लाह दिने मात्रै हो ।

**पछिल्लो समय स्थानीय तहका गतिविधिमा नागरिक सहभागिता घट्दै गएको, अपनत्व र संरक्षणमा चासो नदेखिनु एउटा समस्या छ भनिन्छ भने अर्कोतिर उपभोक्ता समितिमा पनि विचौलिया हावी हुँदै गइरहेको भन्ने कुराले स्थानीय तहको विकासमा कस्तो खालको बाधा पारिरहेको अनुभूति गरिहनुभएको छ ?**

उपभोक्ता समितिबाट हुने कामका सवालमा पनि हामीले अनुगमन गरिरहेका हुन्छौं । काहिंकतै त्यस्तो गुनासो आएमा हाम्रा प्राविधिकहरूबाट त्यसको परीक्षण हुने गर्दछ । यदाकदा त्यस्ता घटनाहरू नसुनिएका होइनन् तर हाम्रोमा उपभोक्ता समितिमा बिचौलिया हावी भएको भनेर त्यस्ता गुनासा आएका छैनन् ।

**त्यसो त जनप्रतिनिधिहरूले पनि विशेषगरी छिटो परिणाम दिने पूर्वाधार निर्माण बढी जोड दिनु त्यसबाहेक मानव विकास र क्षमता अभिवृद्धिका कार्यक्रमहरूलाई पनि सँगसँग त्यतिधेरै समेट्न नसक्नुले विकासका गतिविधि प्रभावकारी हुन नसकेका हुन् कि जस्तो लाग्दैन तपाईंलाई ?**

चन्द्रपुरको हकमा यहाँ पूर्वाधार निर्माणको काम धेरै भइसकेको

छ । अरू अरू ठाउँको तुलना गर्दा त यहाँ धेरै नै विकास भएको छ । केही केही त लाभग्राहीको हिसाबले पनि कार्यक्रम परेका हुन्छन् । तर जनप्रतिनिधिहरूलाई पनि यो थाहा छ पूर्वाधारको विकासले मात्रै हुँदैन त्यसमा सामाजिक विकासलाई पनि अब सँगसँगै बढाउनुपर्छ भन्ने भएकाले नै हामीले एउटा क्षेत्रमात्रै नभएर स्वास्थ्य, शिक्षा, रोजगारी, क्षमता विकासका कुराहरूलाई पनि उत्तिकै महत्व दिएका छौं ।

**आमनागरिकको सशक्तिकरणको लागि आयआर्जन बढाउने सीप विकास, लघु उद्यम प्रवर्द्धन, सहकारी सहयोग र बजार व्यवस्थापनका लागि स्थानीय सरकारले के कस्ता पहल गरिरहेको छ ?**

नागरिकको आयआर्जनका लागि हामीले बेलाबेलामा सीपमूलक तालिमका कार्यक्रमहरू पनि राखेका छौं । हाम्रो सहरी विकासतिरको कार्यक्रम बिपन्न, महिला, अशक्त लक्षित नै हुन्छ । त्यसमा हामीले ड्राइभिङ, प्लम्बिङ, इलेक्ट्रिसियन, पशु पालन, कृषिमा तरकारी खेतिका लागि आवश्यक सहयोग गरिरहेकै छौं । मल, विउविजन, प्राविधिक सहयोगका कार्यहरूलाई निरन्तरता दिइरहेका छौं । यहाँबाट तालिम लिएर मान्छेहरूले बाहिर गएर पनि आम्दानी गर्न सकुन् भन्ने उद्देश्यले हामीले वैदेशिक रोजगारीदेखि लिएर स्वदेशी रोजगारीसम्मको अवस्थालाई मध्यनगर गरेर विभिन्न तालिम दिइरहेका छौं ।

**स्थानीय तहमा वर्षेनी बेरूजु र आर्थिक पारदर्शिताका सवालमा ओभरसाइट एजेन्सीहरूले प्रश्न उठाइरहँदा सामाजिक जवाफदेहिताको लागि प्रशासनिक तहबाट कत्तिको सजगता अपनाउने गर्नुभएको छ नि ?**

हाम्रोमा बेरूजुको भोलुम अन्य ठाउँको तुलनामा अलि कमै छ । कामको सवालमा पनि गुणस्तरमा कुनै सम्झौता हुँदैन । त्यही भएर त्यति धेरै बेरूजु छैन । सैद्धान्तिक बेरूजु भने अलिअलि आउँछ त्यसलाई पनि हामीले छलफलको माध्यमबाट आवश्यक प्रक्रिया पुऱ्याएर घटाउने प्रयास गरिरहेका छौं ।

**नगरपालिकाले योजना बैंकमार्फत विकासका कार्यक्रमहरू कार्यान्वयनमा कत्तिको जोड दिएको छ नि ?**

योजना बैंक बनाउने कुरा पनि भइरहेको छ । अहिलेसम्म जे जसरी योजना कार्यान्वयन भए त्यो भइहाल्यो तर सीमिति स्रोतको कारणले अब चाहिँ हामीले यो वर्ष यो कार्यक्रम गर्ने अनि अर्को वर्ष त्यो कार्यक्रम गर्ने भनेर अगाडि बढ्दा विकासलाई अझ प्रभावकारी रूपमा अगाडि बढाउन सजिलो हुन्थ्यो भन्ने चाहिँ हो । ठूला ठूला योजना त स्रोतको कारणले पनि नगरपालिका आफैंले संचालन गर्न सक्ने अवस्था हुँदैन तर साना साना योजनालाई एकीकृत गर्दै प्राथमिकता निर्धारण गरेर योजना बैंकमार्फत कार्यान्वयन गर्न सक्दा अझ राम्रो हुन्थ्यो भन्ने चाहिँ हो ।

**समृद्धि पालिका र सवल नागरिकको लक्ष्य पूरा गर्न चन्द्रपुर नगरपालिकाले अबका वर्षमा चाहिँ कस्ता विषयलाई समेट्नुपर्ने देख्नुहुन्छ नि तपाइँले ?**

अबका वर्षमा चन्द्रपुरको समग्र विकासको लागि जनमुखी कार्यक्रमलाई नै जोड दिनुपर्छ । हामीले त्यही कुरा जनप्रतिनिधिहरूलाई पनि भनिरहेका छौं । उहाँहरूले विकास निर्माणका जुनै पनि कार्यक्रमहरू बनाउनुहुन्छ ती कुराहरू जनता अथवा समाजबाट आओस्, टोलटोलबाट आओस् त्यस्तो खालको योजनालाई जनप्रतिनिधिहरूले प्राथमिकतामा राख्नुपर्छ । वडामा बसेरमात्रै योजना छनौट गर्नुभएन । टोल टोलबाट योजना आउनुपऱ्यो ती कुरालाई हामीले पटक पटक भनिरहेका छौं । अहिले ती कुराहरू सिष्टममा गइरहेका छन् । उहाँहरू पनि आफ्नो क्षेत्रको विकासमा प्रतिवद्ध देखिनु भएकाले टोल कमिटीबाटै योजना आउनुपऱ्यो । अनिमात्र नागरिकले विकासको अनुभूति प्राप्त गर्न सक्छन् भन्ने मलाई लाग्छ । ■


# गौशाला नगरपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**गौशाला बजार, महोत्तरी, मधेश प्रदेश**

## जनस्वास्थ्य सम्बन्धी सन्देशमुलक सूचना

- प्रत्येक ६/६ महिनामा नियमित स्वास्थ्य परीक्षण गरौं ।
- स्वास्थ्य परीक्षणलाई नियमित तथा स्वास्थ्य सेवा लिन राष्ट्रिय बीमा कार्यक्रममा आवद्ध होऔं ।
- गर्भा अवस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं र स्वास्थ्य संस्थामा नै सुरक्षित प्रसुती सेवा लिऔं ।
- नियमित पोषिलो खानेकुरा खाऔं ।
- सुत्केरी तथा गर्भवती महिला, किशोर–किशोरी तथा बालबालिकाको पोषण अवस्थामा विशेष ध्यान दिऔं ।
- बच्चा जन्मने बित्तिकै बिगौती दुध जतिसक्दो चाँडो खुवाऔं साथै ६ महिनासम्म आमाको मात्र दुध खुवाऔं ।
- बच्चा जन्मेपछि पनि सुत्केरी जाँच कम्तीमा ४ पटक स्वास्थ्य संस्था गएर गराऔं ।
- आफ्ना बालबालिकालाई राष्ट्रिय तालिका अनुसार स्वास्थ्य संस्थामा गई पूर्ण खोप लगाऔं ।
- नसर्ने रोगको प्रकोप नियमित बढिरहेको हुँदा नियमित खानपानमा ध्यान दिनुका साथै नियमित शारीरिक व्यायाम तथा कसरत गरौं ।
- डाक्टर तथा स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधीको प्रयोग नगरौं ।

# अस्वाभाविक बजेट आकार प्रवृत्तिः कारण, प्रभाव तथा आगामी कार्यदिशा

**बजेट आम्दानी खर्चको सूचीमात्र नभई सरकारको राजनीतिक प्रतिबद्धता, आर्थिक रणनीति र सामाजिक प्राथमिकता समेटिएको, यथार्थपरक अनुमान र सन्तुलित बजेट चक्रमार्फत आर्थिक अनुशासन र राष्ट्रिय विश्वास कायम गर्ने एकीकृत दस्तावेज हो ।**



डा. दामोदर रेग्मी

**बजेटको सार यसको आकारमा होइन, आम्दानी र खर्चबीचको यथार्थपरक सन्तुलनमा निहित हुने भएकाले आर्थिक क्षमता र कार्यान्वयन सामर्थ्यमा आधारित 'मोटो' बजेट स्वीकार्य भए पनि लोकप्रियतामुखी 'सुन्निएको' बजेटले दीर्घकालीन आर्थिक अनुशासनमा क्षति पुऱ्याउँछ ।**

बजेट सरकारको राजनीतिक, आर्थिक, सामाजिक घोषणापत्र र कार्यनीतिपत्र पनि हो । बजेट सरकारको वित्तीय नीतिहरूको एकीकृत स्वरूप हो । यो सामान्यतयाः एक आर्थिक वर्षका निमित्त तर्जुमा गरिएको राजस्व र व्ययको अनुमानित विवरण हो । बजेट भनेको सरकारको आम्दानी र खर्चको विवरणसहित सार्वजनिकरूपमा घोषणा गरिने कार्यक्रमहरूको संगालो हो । बजेट विगत वर्षको आर्थिक अवस्थाको यथार्थ चित्रण र अभिलेखन, चालु आर्थिक वर्षको आर्थिक स्थितिको प्रवृत्ति चित्रण र आगामी आर्थिक बर्षको आर्थिक कार्ययोजनाहरूको प्रक्षेपण समावेश भएको एकीकृत दस्तावेज हो । यसको प्रावधान संविधान वा कानुनद्वारा व्यवस्थित गरिएको हुन्छ । बजेट विधायिकाद्वारा अनुमोदन गरिन्छ । बजेट आर्थिक क्षेत्रको एउटा व्यवस्थापकीय आयाम पनि हो, जसको तर्जुमा कार्यपालिकाले गर्दछ, स्वीकृति व्यवस्थापिकाबाट हुने गर्दछ र यसले देशको सामाजिक, आर्थिक परिवर्तन गर्ने लक्ष्य राखेको हुन्छ । बजेट निर्माण प्रक्रियामा विभिन्न चरणहरु रहेका हुन्छन्, जसलाई बजेट चक्र भन्ने गरिन्छ । बजेट चक्रमा तर्जुमा, स्वीकृति, कार्यान्वयन र मूल्याङ्कन पर्दछन् ।

बजेट केवल आम्दानी-खर्चको तालिका होइन यो राष्ट्रको आर्थिक यात्रा नक्सा हो, जसले विगतको आर्थिक स्वास्थ्यको चित्रण, वर्तमानको प्रवृत्ति र भविष्यको सम्भावना एउटै कागजमा उतार्छ ।

यसले सरकारको राजनीतिक घोषणापत्र, आर्थिक रणनीति र सामाजिक प्राथमिकता एकैसाथ झल्काउँछ । संविधान वा कानूनने यसलाई संस्थागत बनाएको छ र विधायिकाले अनुमोदन गरेपछि मात्र यसको कानुनी हैसियत स्थापित हुन्छ । बजेट निर्माण प्रक्रिया आफैँमा बजेट चक्र भन्ने बहु-चरणीय यात्रा हो । यसमा तर्जुमा, स्वीकृति, कार्यान्वयन र मूल्याङ्कन गरी चार चरण समावेश हुन्छन् । यस्ता चरणचक्रको सन्तुलन बिग्रिँदा आर्थिक अनुशासनमात्र होइन, सरकारप्रतिको विश्वास पनि हल्लिन थाल्छ ।

बजेट सार्वजनिक वित्त व्यवस्थापनको एउटा महत्वपूर्ण आयाम पनि हो । प्रभावकारी वित्त व्यवस्थापनले आम्दानीका स्रोतहरूको भरपुर उपयोग गर्ने, वितरणमा प्रभावकारिता ल्याउने र प्रभावकारी खर्च गर्न सक्ने क्षमतामा वृद्धि ल्याउनुको अतिरिक्त वित्तीय जोखिमहरूको पूर्वानुमान गरी जोखिमहरूबाट निम्तिन सक्ने नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्नमा सहयोग पुऱ्याउँदछ । यसै सन्दर्भमा बजेट प्रभावकारिताको विषय सामयिक बन्ने गर्दछ । बजेटको प्रभावकारिताको चर्चा गर्दा दुईवटा शब्दावलीहरु प्रयोगमा आउने गर्दछन् । ती हुन्- विनियोजन दक्षता वा विनियोजन कुशलता र खर्चमा दक्षता वा कुशलता ।

बजेट निर्माणको प्रक्रियामा राजस्व वा आम्दानी अस्वाभाविक रूपमा बढी देखाउने प्रवृत्ति पनि आएको छ । यस्तो प्रवृत्तिको मूल कारण राजनीतिक, प्रशासनिक र मनोवैज्ञानिक पक्षसँग जोडिएको पाइन्छ । बजेटको आकार ठूलो देखिएमा जनतामाझ प्रभाव पार्न सकिन्छ र सरकारको कार्यक्षमता सशक्त देखिन्छ भन्ने धारणा बजेटका निर्माताहरूसँग रहने गर्दछ । । विशेषतः चुनावी प्रयोजनका लागि यो प्रवृत्ति झनै तीव्र हुन्छ, जहाँ लोकप्रियता कमाउने उद्देश्यले महत्वाकांक्षी विकास योजना ता कार्यक्रमहरु बजेटमा समावेश गरिन्छन्, जुन कार्यक्रम कार्यान्वयनका दृष्टिले व्यावहारिक नहर सक्छन् ।

त्यस्तैगरी अन्तर्राष्ट्रिय विकास साझेदारहरु, दातृ निकायहरु तथा ऋणदाता

संस्थाहरूसँगको सम्बन्धमा सुधार देखाउन पनि राजस्वको अनुमान कृत्रिमरूपमा बढाइन्छ ताकि सरकार आर्थिक अनुशासन तथा राजस्व वृद्धि लक्ष्यप्रति प्रतिवद्ध देखियोस् । यस्ता अनुमानले बजेटको खर्च गर्ने क्षेत्रका आकार बढाउनसमेत मद्दत गर्दछ । तर यस प्रवृत्तिको कारणले राजस्व वा आम्दानीको अनुमान जसरी कृत्रिमरूपमा बढाइन्छ त्यसैगरी कुनै कार्यक्रमहरूको लागि विनियोजित बजेट पनि कृत्रिम नै रहने खतरा बढ्दछ किनकी आम्दानी नभएमा सो कार्यक्रमको लागि विनियोजित बजेटको सुनिश्चितता हुँदैन ।

वर्षको अन्त्यतिर आउँदा वास्तविक राजस्व संकलन अनुमानभन्दा धेरै कम हुने, प्रतिवद्धता वा अनुमान गरिएअनुरूपको वैदेशिक सहायता प्राप्त नहुने, ऋण प्राप्त नहुने कारणले बजेट कार्यान्वयन क्षमतामाथि प्रश्न उठाउँछ र आर्थिक अनुशासन कमजोर बनाउँछ । यस्ता अस्वाभाविक प्रवृत्तिले अर्थतन्त्रको विश्वसनीयता घटाउँछ र दीर्घकालीन रूपमा बजेट व्यवस्थापन अस्थिर बनाउने खतरा बढाउँछ । अतः यस्ता प्रवृत्तिहरु न्यूनीकरण गरी तथ्यमा आधारित, यथार्थपरक र कार्यान्वयनयोग्य बजेट निर्माण अभ्यासको विकास गर्नु अपरिहार्य हुने गर्दछ ।

बजेटमा आम्दानीलाई अस्वाभाविक बनाउने प्रवृत्तिलाई राजस्व वा आम्दानी अत्यधिक अनुमान गर्ने प्रवृत्ति, बजेटमा भ्रम सिर्जना गर्ने अभ्यास, राजस्व वा खर्चको यथार्थ नहेरी लोकप्रियतामा मात्र ध्यान दिएर बनाइएको बजेट, चुनावी वा राजनीतिक उद्देश्यले अतिरञ्जित बजेट बनाउने प्रवृत्ति, बजेटलाई आकर्षक देखाउने प्रयोजनका लागि तथ्याङ्कको सौन्दर्यीकरण, सुन्निएको वा फोक्से बजेट आदि नामबाट चिन्ने गरिन्छ ।

**आम्दानीको अनुमान अत्यधिक बनाएर बजेट ल्याउनुका कारणहरू :**

**राजनीतिक लोकप्रियताको सोचः**

सत्तारूढ सरकार वा दलले बजेटमार्फत आगामी निर्वाचन लक्षित जनसमूहलाई आकर्षित गर्न लोकप्रिय योजना, अनुदान, बेरोजगारी भत्ता, वृद्ध भत्ता वृद्धि, कृषि अनुदान, ऋण माफी आदि घोषणाहरु गर्छन् । यस्ता घोषणाको लागि ठुलो आकारको बजेट आवश्यक पर्दछ तर सोअनुसार आय हुन सकिरहेको हुँदैन ।

■ ■

**आम्दानी अस्वाभाविक रूपमा बढाएर बजेट ल्याउने राजनीतिक र प्रशासनिक प्रवृत्तिले देखावटी योजना, कार्यान्वयन कमजोरी, राजस्व प्रशासनमाथि दबाब र विकास बजेटको न्यून कार्यान्वयनमार्फत समग्र वित्तीय अनुशासन र बजेटको विश्वसनीयता कमजोर बनाउँछ ।**

■ ■

**राजश्व संकलन क्षमताको यथार्थ मूल्याङ्कनको अभावः**

नेपालको राजस्व संकलन प्रणाली सीमित स्रोतमा निर्भर छ, मुख्यतः भन्सार, आयकर, मूल्य अभिवृद्धि कर जस्ता अप्रत्यक्ष करहरूमा । यद्यपि, बजेट निर्माण गर्दा कतिपय अवस्थामा अत्यधिक राजस्वको अनुमान राखिन्छ, जुन अनुमान पूरा गर्न कठिन हुन्छ ।

**राजस्वको अनुमान क्षमताभन्दा बढी व्ययको प्रस्तावः**

वास्तविक राजश्व संकलन क्षमताको गहिरो मूल्याङ्कन गरी अत्यधिक अनुमान गरेर बजेट बनाइन्छ । परिणामस्वरूप कार्यान्वयनको क्रममा सो अभाव भई बजेट अपूर्ण रहन्छ ।

**बजेट निर्माणमा भविष्यपरक दृष्टिकोणको अभावः**

बजेट निर्माण गर्दा मध्यमकालीन खर्च संरचना र आयोजना बैंकको अवधारणा पूर्णरूपमा अँगाल्नु पर्दछ तर मध्यकालीन खर्च संरचना र आयोजना बैंकको वास्तविक प्रयोग हुन नसक्दा बजेटको वास्तविक आकार निर्धारण हुन नसक्नु र अस्वाभाविक आम्दानीको अनुमान गरी ठूलो आकारको बजेट ल्याउने प्रवृत्ति बढ्दछ ।

**स्रोत अनुमान समिति र राजस्व परामर्श समितिले गृहकार्य नगर्नुः**

बजेट तर्जुमाको चरणमा कुल स्रोत अनुमान र आन्तरिक राजस्व अनुमान दुई समितिहरूको परिकल्पना गरिएको छ । संघीय संरचनामा तीनै तहको सरकारले बजेट तर्जुमा गर्ने प्रयोजनको लागि स्रोत अनुमान समिति र राजस्व परामर्श समितिको व्यवस्था गरिएको छ तर अधिकांश बजेटहरु खर्चको आवश्यकताको सम्बोधन गर्ने नाममा क्षमताभन्दा बढी आम्दानीको अनुमान गर्ने प्रवृत्ति देखिन्छ । स्रोत अनुमान समिति र राजस्व परामर्श समितिले गृहकार्य नगरिदिँदा वा यी समितिको प्रतिवेदनलाई ध्यान नदिइने प्रवृत्तिले यस्तो समस्याको सिर्जना गर्ने गर्दछ ।

**नकारात्मक प्रभावहरुः**

- लक्ष्यअनुरूप आम्दानी नहुनु ।
- आम्दानीका प्रगति कमजोर हुनु ।
- रकमको अभावमा कैयन आयोजना वा कार्यक्रमहरु कार्यान्वयन हुन नसक्नु ।
- योजना अपूर्ण रहने वा ढिलो सम्पन्न हुने ।
- योजना र बजेटप्रति जनताको विश्वास घट्ने ।
- बजेटको आकार संशोधन गर्न पूरक बजेट ल्याउनुपर्ने ।

**सुधारका क्षेत्रहरूः**

- बजेट निर्माणमा राजस्व र अन्य आम्दानीहरूको यथार्थपरक पूर्वानुमान गर्नुपर्छ ।
- आयोजना बैंकको आधारमा मात्र बजेटमा कार्यक्रमहरु समावेश गर्ने परिपाटीको विकास गर्नु पर्दछ ।
- बजेट निर्माणमा मध्यमकालीन खर्च संरचनाको प्रयोग अनिवार्यरूपमा गरिनु पर्दछ ।
- राजस्वको पूर्वानुमान गर्दा विगत वर्षहरूमा राजस्व संकलनको प्रवृत्ति र लक्ष्यको तुलनामा कति राजस्व संकलन गर्न सकिएको थियो सोअनुरूप मात्र आगामी बजेटको लागि राजस्वको लक्ष्य निर्धारण गरिनुपर्छ ।
- राजस्व चुहावटका संभाव्य क्षेत्रहरूको पहिचान गरी चुहावट नियन्त्रण गर्ने क्षमता कति छ, सोअनुरूपका रणनीति बनाउनु आवश्यक हुन्छ ।
- गैरकर लगाउँदा अधिक राजस्व संकलन गर्ने दृष्टिले भन्दा पनि सेवाको लागतभन्दा बढी नहुने गरी गैरकरका दरहरू निर्धारण गरिनुपर्दछ । कानुनको परिपालनाको तह बढाउने गरी दण्डजरिवानाको व्यवस्था गरिनुपर्दछ । यदि दण्ड जरिवानावापत बढी शुल्क संकलन भइरहेको छ भने

राजश्व संकलनका दृष्टिले त राम्रो मान्न सकिएला तर यसले कानुनको परिपालनाको तह बढिरहेको छैन भन्ने कुरालाई संकेत गर्दछ । यसर्थ गैरकरको निर्धारण र लक्ष्य निर्धारणमा यी विषयहरूलाई ध्यान दिइनु आवश्यक छ ।

- राजस्वको लक्ष्य बढी राखिँदा सो लक्ष्य प्राप्तिको लागि करदाताको परिपालनाको तह र कर प्रशासनको क्षमताको आँकलन गरेरमात्र लक्ष्य राखिनुपर्दछ ।
- वैदेशिक सहायता र वैदेशिक ऋणका लक्ष्य राखिँदा विगतको प्राप्तिको प्रवृत्तिको आधारमा मात्र यसको लक्ष्य तोकिनुपर्दछ ।
- आन्तरिक ऋणको लक्ष्य निर्धारण गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रत्येक वर्ष तोकिदिने सीमाभित्र रहने गरीमात्र गरिनुपर्दछ ।
- प्रदेश र स्थानीय तहले आन्तरिक ऋण लिन सक्ने सीमा प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रत्येक वर्ष तोकिदिने भए तापनि यससम्बन्धी कानुनी व्यवस्था र संस्था संरचनाको व्यवस्था नहुँदासम्म प्रदेश र स्थानीय तहले आन्तरिक ऋण लिने गरी स्रोतको अनुमान गर्नु राम्रो मानिँदैन ।
- आम्दानीको लक्ष्य र प्राप्तिबिचमा फरकपना रहेमा र गलत लक्ष्य निर्धारण गरिएमा स्रोत समिति र राजस्व परामर्श समिति जिम्मेवार हुनुपर्ने, प्राप्ति हुन नसकेकोमा यससँग सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

आम्दानीको अस्वाभाविक बजेट ल्याउनुका पछाडि राजनीतिक, प्रशासनिक र प्रक्रियागत कारणहरु छन् । यस्ता बजेटले वास्तविक विकासभन्दा बढी देखावटी योजनाहरु समावेश गर्छन, जसले कार्यान्वयनमा समस्या ल्याउँछ । नेपालमा बजेट निर्माणको क्रममा आम्दानी अर्थात् राजस्वको अनुमान अस्वाभाविक रूपमा उच्च राख्ने प्रवृत्ति अभ्यासका रूपमा देखा परेको छ । यस्तो प्रवृत्तिले बजेटको आकार कृत्रिमरूपमा ठुलो देखिन्छ, यसलाई सरकारको कार्यक्षमता देखाउने एक प्रकारको राजनीतिक औजारको रूपमा प्रयोग गरिएको छ । यस्ता अनुमानहरु जनतामाझ प्रभाव पार्न, विकास निर्माणका ठूलो योजना प्रस्तुत गर्न र सरकारको लोकप्रियता बढाउने प्रयोजनका लागि गरिन्छन् । तर यस्ता अनुमानहरु व्यवहारमा नपुगेपछि बजेट कार्यान्वयनमा अपारदर्शिता, अपूर्णता र राजस्व संस्थामाथिको अनावश्यक दबाब सिर्जना हुन्छ । यो प्रवृत्तिको असर खास गरी राजस्व प्रशासनमा प्रत्यक्षरूपमा देखिन्छ । राजस्व लक्ष्य अस्वाभाविक राखिँदा कर अधिकृतहरूमा अनावश्यक लक्ष्यको दबाव सिर्जना हुन्छ, जसले पारदर्शिता र करदातामैत्री व्यवहारलाई असर पार्छ । त्यस्तै, बजेटको दोस्रो भाग अर्थात् खर्च पक्षको आकार पनि राजस्व अनुमानका आधारमा बनाइने हुँदा धेरैजसो मन्त्रालय तथा निकायहरूले विनियोजनअनुरूप खर्च गर्न सक्दैनन् । परिणामस्वरूप, विकास बजेटको न्यूनतम कार्यान्वयन, अप्रयुक्त बजेट र प्रतिवेदनमा असमानता देखिन्छ । यो अवस्था देशको समग्र वित्तीय अनुशासन र बजेटको विश्वसनीयता कमजोर बनाउने खालको हुन्छ ।

यस समस्याको समाधानका लागि केही विषयहरूमा विशेष ध्यान दिनुपर्ने हुन्छ । पहिलो, बजेट निर्माणको प्रक्रियामा राजस्व अनुमान यथार्थपरक र अघिल्ला वर्षको प्रवृत्ति तथा सम्भावनामा आधारित हुनुपर्छ । अनुमान राख्दा राजस्व प्रशासनसँग प्रत्यक्ष परामर्श लिई तथ्याङ्कमा आधारित पूर्वानुमान प्रणाली अपनाउनुपर्छ । दोस्रो, बजेट निर्माणमा


## सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरको अनुरोध

**सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । सडक निर्माण गर्दा राज्यको ठूलो धनराशी खर्च हुन्छ । त्यसैले निर्माण भइसकेको सडक संरचनामा प्रतिकूल असर पर्ने गरी निम्न क्रियाकलापहरु नगरीदिनु हुन विनम्र अनुरोध गर्दछौं ।**

- **निर्माणाधीन सडकको सीमा अतिक्रमण गरी घर टहरा निर्माण नगरौं ।**
- **सडक तथा सडकमा निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीहरुलाई अवरोध नगरौं ।**
- **सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।**
- **सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउने जस्ता कार्य नगरौं ।**
- **सडकको पानी कुनै किसिमबाट निकास गरौं ।**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**सडक डिभिजन चन्द्रनिगाहपुर**
**रौतहट**

बहुवर्षीय अवधारणाअनुरूप दीर्घकालीन वित्तीय योजना मध्यमकालीन खर्च संरचनालाई बजेट निर्माणको आधार बनाइनुपर्छ । तेस्रो, बजेट पारदर्शिता बढाउनका लागि नागरिक बजेट, बजेट ट्र्याकिङ प्रणाली र बजेट सुनुवाइ जस्ता अभ्यासलाई प्रोत्साहित गरिनुपर्छ । चौथो, राजनीतिक हस्तक्षेप वा लोकप्रियता लहरलाई आधार मानेर बजेट अनुमान नगरी प्राविधिक, तथ्यपरक र पूर्वानुमानमा आधारित बजेट प्रणाली विकास गर्नुपर्छ । पाँचौं, बजेटको आकारभन्दा पनि बजेटको कार्यान्वयन क्षमता, उपलब्ध परिणाम र पारदर्शितालाई प्राथमिकता दिनुपर्छ ।

सरकारले बजेट बनाउँदा आम्दानीहरु खास गरी कर, गैरकर र वैदेशिक सहायताको अनुमानलाई कसरी यथार्थपरक बनाउने भनेर विभिन्न उपायहरूको अवलम्बन गर्न सक्दछ ।

### १. आम्दानीको यथार्थपरक अनुमान

- पछिल्ला ३–५ वर्षको कर संकलन विवरण हेरेर सोको प्रवृत्तिको आधारमा यथार्थपरक प्रक्षेपण गर्न सकिन्छ ।
- आर्थिक वृद्धिदरको आधारमा करको लचिलोपनको विश्लेषणः जति अर्थतन्त्र बढ्छ त्यसको अनुपातमा कति कर बढाउनु आवश्यक छ भन्ने सूचक प्रयोग गरिन्छ ।
- करको लोच अर्थात् कर तन्काईको प्रयोग गर्दा राजस्व बढ्न सक्ने सम्भावना र राजस्व छली हुन नसक्ने सम्भावनाको पूर्वानुमान गर्ने ।
- प्रभावकारी कर प्रशासन नयाँ करदाताको दायरा विस्तार, डिजिटल प्रणालीको प्रयोग र कर छली नियन्त्रणले वास्तविक कर आम्दानी बढाउन सकिन्छ ।
- मौजूदा कर नीतिहरूको मूल्याङ्कन नीति परिवर्तन, छुट र कर दायित्वका असर हरूको मूल्याङ्कन गरेर अनुमानलाई यथार्थ बनाउन सकिन्छ ।

### २. गैरकर आम्दानीको यथार्थ अनुमान

- सरकारी सेवा शुल्क, जग्गा भाडा, दण्ड जरिवाना, लाभांश आदिबाट प्राप्त हुने आम्दानीको अघिल्ला वर्षकोहरु संकलन र विश्लेषण ।
- सार्वजनिक संस्थानहरूको लाभांश वा कर क्षमता मूल्याङ्कन ।
- नयाँ सेवा, सुविधा वा स्रोतहरूको पहिचान ।

### ३. वैदेशिक सहायलाई अनुमान यथार्थपरक बनाउन

- प्रतिवद्धता र प्राप्तिबिचको अन्तरको प्रवृत्ति विश्लेषण ।
- परियोजना कार्यान्वयनको स्थितिअनुसार कुन परियोजनाले कुन वर्षमा कति खर्च गर्न सक्छ भन्ने विश्लेषण र सो आधारमा प्राप्तिलाई यथार्थपरक बनाउने ।
- विकास साझेदारहरूसँग नियमित समन्वय र परियोजना कार्यान्वयनको समयसारिणी स्पष्ट गर्ने ।
- सहयोग सम्झौताहरूको आधारमा यथार्थ अनुमान गर्ने ।

### CGE Model को प्रयोग

CGE Computable General Equilibrium मोडेल आर्थिक विश्लेषणको गणितीय मोडेल हो, जसले अर्थतन्त्रको समग्र सन्तुलन कसरी कायम हुन भन्ने देखाउँछ । विशेषगरी नीतिगत परिवर्तन (जस्तै करवृद्धि अनुदान, वैशिक सहायता आदि) वा बाह्य झट्काले आर्थिक क्षेत्रमा कस्तो असर पार्छ भन्ने विश्लेषण गर्नमा सहयोग गर्दछ । यसर्थ यस आधारमा आम्दानीको पूर्वानुमानलाई यथार्थपरक बनाउन सकिन्छ ।

यसको एक उदाहरणमा मानौं सरकारले धानमा कर हटाउने निर्णय गर्नुपर्ने भयो भने CGE प्रयोग गरेर गरिने विश्लेषणले सो कर हटाउँदा किसानको आम्दानी कति बढ्छ ? उपभोक्ताको खर्च कति घट्छ ? सरकारले राजस्व कति गुमाउँछ ? अन्य बालीहरूको उत्पादन र मूल्यमा असर कति गर्दछ भन्ने विषयहरूको विश्लेषण गर्न सकिन्छ । यसै गरी मूल्य अभिवृद्धि करको दर १३ प्रतिशतबाट बाट १५ प्रतिशत पुऱ्याइयो भने उपभोग र घरेलु उत्पादनमा अमर कति पर्दछ ? मूल्य बढ्ने भएकाले उपभोग कति घट्न सक्छ ? उपभोग घटेपछि बिक्री घट्छ र यसबाट उत्पादनमा कति कमी आउन सक्छ ? दर बढेकाले राजस्व बढ्ने सम्भावना कति छ भन्ने जस्ता विषयहरूको विश्लेषण गर्न सकिन्छ ।

व्यापार उदारीकरणको असर पत्ता लगाउन CGE मोडेल प्रयोग गर्न सकिन्छ । यदि आयात शुल्क घटाइयो वा अन्य कुनै द्विपक्षीय व्यापार सम्झौता गर्दा कुन क्षेत्रको व्यापार बढ्छ, कुन क्षेत्रको व्यापार घट्छ ? यसबाट राजस्व कति गुम्छ वा बढ्छ ? रोजगारमा असर कस्तो हुन्छ ? कृषिजन्य आयात खुल्ला गर्दा घरेलु कृषकहरूमा कस्तो असर पर्छ भन्ने जस्ता विषयको मूल्याङ्कन गर्न सकिन्छ ।

### ARIMA मोडेलको प्रयोग

ARIMA – Auto Regressive Integrated Moving Average को संक्षिप्त रूप हो । यो समय श्रृङ्खला तथ्याङ्कको विश्लेषण र अनुमान गर्न प्रयोग गरिन्छ । यसबाट वार्षिक जिडिपी, कर आम्दानी, महंगी दर, विदेशी सहायता, रोजगारी दरहरु यी सबै समयक्रममा परिवर्तन हुने विषयहरु हुन् । यिनको अनुमान ARIMA मोडेलबाट गर्न सकिन्छ ।

ARIMA मोडेलको प्रयोग विभिन्न चरणमा गर्न सकिन्छ । बजेट पूर्वानुमान चरणमा आगामी वर्षको कर/गैरकर आम्दानी अनुमान गर्न, उपभोक्ता मूल्य सूचकांकको अनुमान र महंगीको पूर्वानुमान गर्न, अघिल्लो वर्षहरूका आधारमा वैदेशिक सहायता आगामी प्रवाह अनुमान गर्न, आर्थिक वृद्धि दरको प्रवत्ति विश्लेषण र पूर्वानुमान गर्न ।

बजेटको सार केवल कति ठूलो वा सानो छ भन्नेमा नभई त्यो आम्दानी र खर्चको यथार्थपरक सन्तुलनमा निर्भर हुन्छ । खर्चका प्राथमिकताहरु पूर्ण गर्न आवश्यक स्रोत जुटाउने प्रयास स्वाभाविक हो तर आम्दानीको अनुमान यथार्थको धरातलमा उभिनैपर्छ । ठूलो अर्थात 'मोटो' बजेट आर्थिक सम्भावना र कार्यान्वयन क्षमतामा आधारित छ भने त्यो राष्ट्रको विकासका लागि अवसर बन्न सक्छ । तर लोकप्रियताको मोहमा 'सुन्निएको' वा 'फोक्सिएको बजेट तयार गर्नु केवल भ्रम सिर्जना गर्ने अभ्यास हो, जसले दीर्घकालीन आर्थिक अनुशासनमा आघात पुऱ्याउँछ । त्यसैले, नेपालजस्तो विकासशील अर्थतन्त्रका लागि चुनौती स्पष्ट छ– आकांक्षलाई व्यवहारिक सीमामा राख्दै स्रोतको विश्वसनीयता र खर्चको कार्यक्षमता दुवैलाई बराबरी प्राथमिकता दिने बजेट संस्कारको विकास गर्ने । बजेट खर्च र आम्दानीको सन्तुलन मिलाएर ल्याइने प्रक्रिया हो । खर्चका आवश्यकताको मिलनबिन्दुको रूपमा सन्तुलित वा घाटा बजेट दुवैमा बजेट खर्च र आम्दानीको सन्तुलन मिलाउनु नै पर्दछ । खर्चका क्षेत्रहरूले थप आम्दानीको अपेक्षा त पक्कै गर्दछ तर खर्चको तन्काइको आधारमा आम्दानीको तन्काइ भने यथार्थपरक हुन्, अपरिहार्य नै रहन्छ । त्यसकारण बजेटको आकार ठूलो अर्थात 'मोटो' बन्न सक्दछ तर ठूलो वा 'मोटो' बन्ने नाममा 'सुन्निएको वा 'फोक्सिएको नबन्ने गरी र ठूलो आकारको बजेट निर्माणले लोकप्रियताको लोभ पूरा गर्नेभन्दा पनि आर्थिक अनुशासनका सीमाहरूको परिपालनामा चुनौती नल्याउने गरी बजेट निर्माण गरिनुपर्दछ । ■

# भौतिक पूर्वाधार विकास मन्त्रालयको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । सडक निर्माण गर्दा राज्यको ठूलो धनराशी खर्च हुन्छ । त्यसैले निर्माण भइसकेको सडक संरचनामा प्रतिकूल असर पर्ने गरी निम्न क्रियाकलापहरु नगरीदिनु हुन विनम्र अनुरोध गर्दछौं ।

- निर्माणाधीन सडकको सीमा अतिक्रमण गरी घर टहरा निर्माण नगरौं ।
- सडक तथा सडकमा  निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीहरुलाई अवरोध नगरौं ।
- सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउने जस्ता कार्य नगरौं ।
- सडकको पानी कुनै किसिमबाट निकास गरौं ।

मधेश प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

जनकपुरधाम, धनुषा, नेपाल

---


## "रोशीको दृष्टि पर्यटन र कृषि"

- आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- गाउँपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- गाउँपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।

**रोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

अमलटार, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल



■ यो स्केच एआईद्वारा सिर्जना गरिएको हो ।

आवरण

# नयाँ सार्वजनिक शासन:
# सहभागितामूलक र उत्तरदायी शासनको आधार



तोमनाथ उप्रेती

**नयाँ सार्वजनिक शासन शासकीय प्रणाली सुधारको आधुनिक मान्यता हो, जसले साझेदारी र सहकार्यमार्फत नागरिक सहभागिता बढाई स्रोत व्यवस्थापन र सेवा प्रवाह सुदृढ गर्न जोड दिन्छ । अभ्यासमा देखिने जटिलता चिर्दै सहकार्यात्मक शासनमार्फत नागरिकलाई विकासका प्रतिफल सुनिश्चित गर्नु नै यसको मूल उद्देश्य हो ।**

**नयाँ सार्वजनिक शासनले नागरिक सहभागिता प्रवर्द्धन गर्दै सार्वजनिक संस्थाको क्षमता सुदृढ गरी सेवा प्रवाहलाई सरल, प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउँदै शासकीय प्रणालीको दिगो विकास र सामूहिक लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउँछ ।**

**बिषय प्रवेश**

शासनमा सहकार्य र साझेदारी मार्फत सार्वजनिक सेवा र सरोकारका विषयमा आमनागरिकसँग सहकार्य बढाउने र सामाजिक सञ्जालको उपयोगमार्फत सरकार र नागरिक अन्तरक्रियाको दायरा विस्तृतीकरण गरी सरकारको सामाजिक सम्बन्ध प्रगाढ बनाउनु पर्दछ । नेपालको सार्वजनिक व्यवस्थापनलाई सवल, स्वच्छ, पारदर्शी, नतिजामुखी, जनमैत्री, जवाफदेही बनाउन नयाँ सार्वजनिक शासनको कार्यान्वयन अगाडी बढाउनु पर्ने आवश्यक्ता देखिन्छ । सार्वजनिक क्रियाकलापमा साझेदारी र सहकार्यमार्फत नागरिक संलग्नता बढाउने, साझा स्रोतहरूको प्रभावकारी व्यवस्थापन र परिचालन गरी सार्वजनिक सेवा प्रवाह प्रणाली सुदृढ गर्ने, स्वपरिचालित सञ्जालको स्थापना र तीनको विकास कार्यमा आवद्धता बढाउने जस्ता रणनीतिको अवलम्बन गर्दा नयाँ सार्वजनिक शासनलाई व्यवहारिक प्रयोग गर्न सकिन्छ ।

नयाँ सार्वजनिक शासन शासन प्रणालीको एक आधुनिक अवधारणा हो, जसले बहु-हितधारकहरूको सहभागिता, सहकार्य, उत्तरदायित्व र पारदर्शितामार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउन जोड दिन्छ । परम्परागत नौकरशाहीमुखी शासन प्रणाली जहाँ केन्द्रमा सरकार हुन्थ्यो, नयाँ सार्वजनिक शासनले नागरिक, निजी क्षेत्र, गैरसरकारी संस्था, स्थानीय निकायलगायत

सबैलाई साझेदारका रूपमा समेट्छ । यसले सेवाप्रदान गर्ने होइन, सेवा सह-निर्माणमा पनि जोड दिन्छ, जसबाट सेवाको गुणस्तर र जनताको सन्तुष्टि बढ्छ । नेपालजस्तो लोकतान्त्रिक र बहुजातीय समाजमा यस्तो शासन प्रणालीले समावेशीता, पारदर्शिता र उत्तरदायित्व बढाउन सघाउँछ ।

नयाँ सार्वजनिक शासनमा सरकार 'एक्लो प्रदायक' नभएर 'संयोजक र सुगमकर्ता' को भूमिकामा हुन्छ । यसले जनताको आवश्यकता र आवाजलाई प्राथमिकता दिँदै नीति निर्माण र कार्यान्वयनमा सहभागी गराउँछ ।

नयाँ सार्वजनिक शासन आधुनिक शासन अवधारणाको एक महत्वपूर्ण विकास हो, जसले परम्परागत राज्य-केन्द्रित र बजार-केन्दित शासन मोडेलभन्दा फरक दृष्टिकोण प्रस्तुत गर्छ । यस शासन प्रणालीको मूल आधार सहभागिता, सहकार्य र उत्तरदायित्वमा आधारित मूल्यहरु हुन्, जसले राज्य, निजी क्षेत्र र नागरिक समाजबीच साझा जिम्मेवारीको भावना विकास गर्छ ।

यस अवधारणाको पहिलो प्रमुख मूल्य सहभागितामूलक शासन हो । नागरिकहरु केवल सेवाग्राही मात्र नभई नीति निर्माण, कार्यान्वयन र मूल्याङ्कनका सक्रिय साझेदार मानिन्छन् । यसले लोकतन्त्रलाई औपचारिक मतदान प्रक्रियाबाट अघि बढाएर दैनिक शासन अभ्यासमा रूपान्तरण गर्छ । दोस्रो मूल्य उत्तरदायित्व र पारदर्शिता हो । नयाँ सार्वजनिक शासनले निर्णय प्रक्रिया खुला, जवाफदेही र परिणाममुखी हुनुपर्ने मान्यता राख्छ । सार्वजनिक संस्थाहरूले आफ्ना निर्णय, स्रोत उपयोग र कार्यसम्पादनबारे नागरिकसमक्ष स्पष्ट जवाफ दिनुपर्ने हुन्छ । तेस्रो, सहकार्य र साझेदारी यसको केन्द्रिय मूल्य हो । जटिल सार्वजनिक समस्याहरु राज्यले एक्लै समाधान गर्न नसक्ने भएकाले सरकारी निकाय, निजी क्षेत्र, गैरसरकारी संस्था र समुदायबीच समन्वय आवश्यक हुन्छ । यस सहकार्यले नवप्रवर्तन, दक्षता र विश्वासको विकास गर्छ । चौथो मूल्य समावेशिता र समानता हो। नयाँ सार्वजनिक शासनले हाशियामा परेका वर्ग, समुदाय र समूहको आवाजलाई नीति प्रक्रियामा समेट्ने लक्ष्य राख्छ, जसले सामाजिक न्याय र समान अवसरलाई प्रवर्द्धन गर्छ । विश्वास र नैतिकता नयाँ सार्वजनिक शासनको आधार भूत मूल्य हो । जब शासन प्रणाली नैतिक आचरण, निष्पक्षता र पारस्परिक विश्वासमा

**विकासमैत्री वातावरण र सामाजिक संगठनको क्षमता अभावका कारण नागरिक, सामाजिक संस्था, सरकारको त्रिपक्षीय सहभागिता सुदृढ गर्न चुनौती देखिएको छ र नयाँ सार्वजनिक शासनलाई व्यवहारमा उतार्न व्यापक सामाजिक-राजनीतिक प्रतिबद्धता तथा मूल्य-मान्यताको रूपान्तरण आवश्यक छ ।**

आधारित हुन्छ, तबमात्र दिगो, उत्तरदायी र जनमुखी शासन सम्भव हुन्छ । यसरी, नयाँ सार्वजनिक शासनले मूल्य-आधारित, सहभागितामूलक र उत्तरदायी शासन प्रणालीको सुदृढ आधार निर्माण गर्दछ ।

सूचना प्रविधिको उपयोग, जनसुनुवाई, सामाजिक लेखापरीक्षण जस्ता अभ्यासले नयाँ सार्वजनिक शासनलाई अझ मजबुत बनाउँछन् । यस्ता अभ्यासहरूबाट सेवा प्रवाहमा विश्वास बढ्ने र शासनप्रति जनताको सम्बन्ध बलियो बन्ने गर्दछ । नयाँ सार्वजनिक शासनले समावेशी, सहभागी र उत्तरदायी शासन प्रणालीको निर्माणमार्फत लोकतान्त्रिक सुशासनको मार्ग प्रशस्त गर्छ ।

शासन प्रणालीमा नागरिकको सक्रिय सहभागिताको सुनिश्चितता गरी सह-शासनको पद्धति स्थापना गर्ने, सहकार्य र साझेदारी, सार्वजनिक सेवाको उत्पादन, वितरण र उपभोगमा सरोकारवालाको संलग्नता बढाई मूल्यवान परिणाम सृजना गर्ने र दोहोरो अन्तरक्रियामा आधारित नागरिक सरकारको सम्बन्ध प्रगाढ तुल्याई सम्पूर्ण शासन प्रणालीलाई नै पूर्ण प्रजातान्त्रिक बनाउने विषय नयाँ सार्वजनिक शासनका चासो र अध्ययन तथा अनुसन्धानका क्षेत्र हुन् ।

सार्वजनिक शासनको नयाँ आयामका रूपमा स्थापित नयाँ सार्वजनिक शासनको अवधारणा संगठनको समाजशास्त्र र सामाजिक सञ्जालको सैद्धान्तिक धरातलमा विकास भएको पाइन्छ । यसले संगठनमा विविधताको व्यवस्थापन तथा सेवाको प्रक्रिया र परिणाममा तथा शासन पक्रियामा सरोकारवालाको विश्वास आर्जन गर्नुपर्ने कुरामा जोड दिन्छ । नयाँ सार्वजनिक शासनले शासनका प्रक्रिया र क्रियाकलापमा सरकारको मात्र संलग्नता नभई सार्वजनिक क्षेत्रका अन्य सामाजिक संस्था र कर्ताहरूसमेतको संलग्नता हुने भएकोले तीनको भूमिकालाई समेत महत्व दिन्छ । यसले शासकीय व्यवस्थामा विविधताको सम्मान र प्रवर्द्धनमार्फत स्पष्ट जवाफदेहिता, एवम् व्यवस्थित सञ्जालको व्यवस्थापन र तिनको अन्तर्क्रियामा जोड दिन्छ ।

२१ औँ शताब्दीको सुरूवातसँगै सार्वजनिक प्रशासनमा नयाँ सार्वजनिक शासनलाई समसामयिक बहसको केन्द्रमा राखिएको पाइन्छ । नयाँ सार्वजनिक शासन शब्दको प्रयोग बारम्बार भएता पनि यसको अवधारणात्मक व्याख्यामा पृथक अवधारणा रहेको देखिन्छ । बुझाईमा पृथकता भएपनि यसको मुख्य लक्ष्य भनेकै शासन प्रणालीको सुदृढिकरण हो ।

'शासन' भनेकै समाजको विकास र यसको सामाजिक, आर्थिक र साँस्कृतिक पक्षको प्रवर्द्धन तथा सामूहिक लक्ष्य प्राप्ति भएकोले नयाँ सार्वजनिक शासन व्यवस्थाले शासकीय प्रणालीको दिगो विकासमा योगदान पुरयाँउदछ । नागरिक समाजको सहभागिता प्रवर्द्धन गर्नु र उक्त सहभागिता फराकिलो बनाउनु शासनको लक्ष्य हो । शासकीय अभ्यासमा यसले सार्वजनिक संगठनहरूको संस्थागत क्षमता विकासमा जोड दिन्छ जसबाट नागरिकलाई प्रदान गर्नुपर्ने सेवा र सुविधाहरु सरल, सक्षम, गुणस्तर प्रभावकारी, पारदर्शी, निष्पक्ष र उत्तरदायी तवरले प्रवाह गर्ने अवस्थाको सुनिश्चितता हुन्छ ।

सामुदायिक शासनले समुदायका सदस्यको सकारात्मक सहभागिता प्रवर्द्धन गर्दछ । राज्य र सरकार भत्ता र कर्मचारीतन्त्रमा आधारित हुन्छन जसले समुदायको मुद्दालाई सम्बोधन गर्न सक्दैनन् । यस्तो अवस्थामा सामुदायिक शासनले सरकारबिना नै समुदायको संगठित प्रयासको माध्यमबाट धेरै समस्याको समाधान गर्न सक्छ भन्ने सैद्धान्तिक मान्यतामा यस दृष्टिकोणको विकास भएको देखिन्छ ।

नयाँ सार्वजनिक शासन सार्वजनिक व्यवस्थाको पछिल्लो अवधारणा हो । यसलाई शासन प्रणालीको सुधारका लागि भएका निरन्तर सैद्धान्तिक बहस र

अभ्यासको परीक्षणको परिणामका रूपमा लिइन्छ । यसले बहुसरोकारवालाको प्रत्यक्ष संलग्नतामा शासकीय अभ्यासमा जोड दिन्छ । सार्वजनिक सेवामा सह–उत्पादन र कल्याणकारी सेवाहरूमा तेस्रो पक्षको संलग्नता यसका आधारभूत मान्यता हुन् । सार्वजनिक चासोको प्रभावकारी व्यवस्थापन र शासकीय अभ्यासलाई जनमुखी बनाउनु यसको मुख्य मान्यता हो ।

नयाँ सार्वजनिक शासन नयाँ ढाँचामा सार्वजनिक शासनको संचालन गर्नु हो । यो नयाँ ढाँचाले शासनको कार्यक्रम तथा प्रशासनिक प्रक्रियाको व्यवस्थापनमा नयाँ नीति, विधान र कार्यविधिहरु अपनाउँछ । यसले सार्वजनिक नेतृत्व, सार्वजनिक सेवा प्रदान र सार्वजनिक सम्पत्ति को ब्यवस्थापनमा सरकारका पात्रहरूवीच सहकार्यमा जोड दिन्छ । नयाँ सार्वजनिक शासनलाई नेपालमा सार्वजनिक प्रशासनको सुदृढीकरण, न्यायपालिका, प्रशासन सुधार, सार्वजनिक सेवा प्रवाह, जनतासँगको समर्थन र सहयोग, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, पारदर्शिता र जवाफदेहीता, नागरिक अधिकार र सुरक्षा,सामाजिक न्याय र विकास, प्रविधीको प्रगति र नवप्रर्वतन, राष्ट्रिय एकता, अन्तराष्ट्रिय सहयोग आदि क्षेत्रमा सुधार गर्दै समृद्ध नेपाल र सुखी नेपालीको गन्तव्यमा पुरयाउने महत्वपुर्ण औजारको रूपमा प्रयोग गरिनु पर्दछ ।

नयाँ सार्वजनिक शासनले शासकीय प्रणालीको मान्यता र व्यवहारमै परिवर्तनको वकालत गरेको स्पष्ट हुन्छ । राज्य र सरकारको बदलिंदो भूमिका, नागरिकको तीव्र परिवर्तनको चाहना, विश्वव्यापिकरण र प्रविधिको द्रुत विकासले सिर्जना गरेका चुनौतीहरूको सामना सरकार एक्लै र उसको सीमित स्रोतबाट असम्भव प्राय भएकोले शासन प्रणालीमा 'बहुकर्ताको अवधारणा आएको हो जुन नयाँ सार्वजनिक शासनको प्रमुख आधार हो । राज्य र समाज संचालनका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा क्रियाशील औपचारिक र अनौपचारिक रूपमा संगठित सामाजिक सञ्जालको एकीकृत परिचालनबाट नागरिक सन्तुष्टि अभिवृद्धि गर्नु यसको लक्ष्य हो। नयाँ सार्वजनिक शासनले सह–शासन मार्फत नागरिकको सक्रिय सहभागिता सुनिश्चित गरी सार्वजनिक सेवा प्रवाह प्रणालीलाई गुणस्तर युक्त बनाउन तथा नागरिक र राज्यबीचको अन्तरनिर्भरता र अन्तरसम्बन्धको विस्तारमा केन्द्रित हुने गर्दछ ।

**सह–शासन सहभागितात्मक व्यवस्थापनको अवधारणा हो जसले विकेन्द्रित निर्णय प्रक्रियामार्फत सेवा प्रदायक र सेवा प्राप्तकर्ताको सहकार्य सुनिश्चित गर्दै सार्वजनिक सेवा र स्रोतको प्रभावकारी तथा समावेशी व्यवस्थापनलाई प्रवर्द्धन गर्छ ।**

### सह–शासन

सह–शासन सहभागितात्मक व्यवस्थापनको पछिल्लो अवधारणा हो जसले निर्णय निर्माणमा हरेक सदस्यको समान अधिकारको सुनिश्चितता गर्दछ र निर्णय निर्माण प्रणाली विकेन्द्रित हुनुपर्ने मान्यतामा जोड दिन्छ । सार्वजनिक सेवा र स्रोतको प्रभावकारी परिचालन र व्यवस्थापनमा सामुदायिक इकाइहरूले आफ्नो परम्परागत प्रणालीमार्फत समान लाभ वितरणको सुनिश्चितता गर्न सक्दछन् भन्ने विश्वास लिइन्छ । सार्वजनिक सेवा दिने र लिने दुवैको संलग्नताले सार्वजनिक सेवाको सम्पूर्णताको विकासमा सकारात्मक प्रभाव पार्दछ भन्ने मान्यतामा यस अवधारणाको विकास भएको हो । सेवा प्रदायक र सेवा प्राप्तकर्ता हरेक दृष्टिकोणबाट एक अर्कोमा अन्तरनिर्भर हुने भएकोले दुवैको सहकार्य जरूरी छ र यसबाटै परस्परका इच्छा, चासो, लक्ष्य र समस्याको उपयुक्त सम्बोधन गर्न सकिन्छ ।

सह–शासन भनेको सार्वजनिक सेवाको सह–निर्माण र सह–उत्पादन पनि हुन् । यस दृष्टिकोणबाट हेर्दा आम नागरिक, सेवाग्राही तथा सरोकारवालाहरू समेतको सहभागिता र सुझावका आधारमा नागरिक सेवाको लागि आवश्यक पर्ने नीतिको निर्माण गरिन्छ भने त्यसलाई सह–निर्माण भनिन्छ । यस अन्तर्गत नागरिक सहभागिताकै आधारमा सेवाको प्रकृति, स्वरूप र ढाँचा निर्धारण गर्ने कार्य समेत पर्दछन् । अर्कोतर्फ सेवाको नीति र विधि निर्धारण गर्ने सहनिर्माण मात्र हैन सेवा वितरणमा पनि नागरिक वा सरोकारवालाहरूको सँलग्नता, हातेमालो वा सहयोगलाई आत्मसात गरी सेवा प्रवाहलाई साझेदारीमा सम्पन्न गर्ने कार्यलाई सार्वजनिक सेवाको सहउत्पादन कोप्रडक्सनको कार्य भन्ने गरिन्छ । त्यसैले सहशासन मूलुकको नूतन शासकीय प्रवन्धमा सेवाहरूको सह–निर्माण र सह–उत्पादनको आधारभूत चरित्र वा तत्वहरूको योगफलको समुच्चरूप हो भन्न सकिन्छ ।

शासकीय निर्णय नियन्त्रणमा साझेदार हरूको सहभागिताले नागरिक र सरकारको सम्बन्धलाई औपचारिक र बलियो बनाउने भएकोले साझा धारणाको निर्माण, साझा उत्तरदायित्व र सहकार्यको सुनिश्चितता मार्फत सम्पूर्ण प्रणालीकै प्रभावकारिता ल्याउनु यसको मुख्य ध्येय हो । सह–शासन सेवा प्रदायक र सेवा ग्रहणकर्ताबीचको सम्बन्ध विकासको नयाँ आयाम पनि हो। नीति प्रणालीको अन्तरक्रिया मार्फत निर्णय निर्माणमा प्रत्यक्ष र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने, सार्वजनिक मामिलाका विषयमा उपभोक्ता को अनुभव र ज्ञानको प्रयोगको अवसर सृजना गर्ने, राजनीतिज्ञ र व्यवसायिक व्यक्तिहरूलाई नागरिकसँग सिधै र दोहोरो अन्तरक्रियाको सुनिश्चितता मार्फत सह–शासन प्रवर्द्धन गर्न सकिन्छ । शासनमा सरोकार राख्ने सबैको बराबर भूमिका, जिम्मेवारी, उत्तरदायित्व र सहभागिता सुनिश्चित गराउनु निकै चुनैतीपूर्ण र जटिल कार्य हो । शासकीय व्यवहारमा संलग्न र यसका साझेदारहरूबीचको सहकार्य मार्फत सह–शासन प्रवर्द्धन गर्न सकिन्छ ।

सहकार्य र सहयोग, सार्वजनिक निजी साझेदारी, सञ्जालको स्थापना र विकास मार्फत सह–शासनको प्रवर्द्धन गर्न सकिन्छ । सह शासन नयाँ सार्वजनिक शासनको एउटा प्रमुख चरित्र हो जसले सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन लगायतका क्षेत्रमा सरोकारवालाहरूको जीवन्त अन्तरसम्बन्ध र सहकार्यको वकालत गर्दछ । नेपालको संविधान वि.स. २०७२ मा जारी भएपछि शासकीय प्रवन्धमा तीन तहका सरकारहरूको व्यवस्था गरी उनीहरूका लागि एकल अधिकार सूचि तथा साझा अधिकार सूचि सहित कार्यहरूको बाँडफाँडको कार्य भएपछि यस अवधारणाले सुस्पष्ट तथा गहिरो गरी स्थापित हुने अवसर प्राप्त गरेको छ । साथै तीनै तहका सरकारहरूबीच सहकारिता, सह अस्तित्व तथा समन्वयको सिद्दान्तलाई नै संविधानले सुस्पष्ट गरेको पृष्ठभूमिमा सहशासन वा साझा शासनले थप सैद्दान्तिक जग प्राप्त गरेको देखिन्छ ।

अर्कोतर्फ संविधानमा उल्लेख गरिएको राज्यका नीति तथा निर्देशक सिद्दान्तहरूमा भनिए झैं मुलुकको आर्थिक तथा सामाजिक विकासमा निजी क्षेत्र, सहकारी क्षेत्र, गैसस, सामुदयिक संगठनहरूको परिचालनका कुराहरू उल्लेख गरिएकाले सहशासनका पक्षमा प्रयाप्त वकालत गरेको पाइन्छ ।

## सह-निर्माण र सह-उत्पादन

यस अवधारणाले सार्वजनिक सेवाको प्रणाली साझेदारी हुनुपर्ने कुरामा जोड दिन्छ । सेवाको उत्पादनमा हुने साझेदारीले नागरिकको सशक्तिकरणमा सहयोग पुर्‍याउँछ । उनीहरूको स्रोत, क्षमता र अनुभवको उच्चतम प्रयोगको सुनिश्चितता गर्छ र सेवा वितरणमा नागरिक नियन्त्रणको अवस्था सृजना गर्दछ भन्ने कुरामा जोड दिन्छ । सह-उत्पादन र सह-निर्माण सार्वजनिक सेवाको दिगो विकासको केन्द्रीय तत्व हुन् । यसले परिणाममा सुधार, सक्रिय साझेदारीको निर्माण, नागरिक योगदानको सुनिश्चितता र सेवाको मूल्य प्रवर्द्धनमा सघाउ पुर्‍याउँछ । जसका कारण सार्वजनिक सेवाको प्रणालीको प्रभावकारीता अभिवृद्धिमा सबैले योगदान दिन सक्छन्। पारस्परिक भावनाको विकास हुन्छ र सामाजिक सम्बन्ध समेत सुदृढ हुन्छ । नागरिकलाई स्रोतमाथिको अधिकार प्रदान गर्ने, पारस्परिक सशक्तिकरणमा ध्यान दिने, उपलब्धिको वैज्ञानिक व्यवस्थापन गरी समान लाभ हानीको सुनिश्चितता गर्ने र नागरिकको योगदान अभिवृद्धि गर्न सहयोगी व्यावसायिकता विकासको माध्यमबाट सह-उत्पादन र सह-निर्माण प्रवर्द्धन गर्न सकिन्छ ।

नेपालको प्रणालीवद्ध सामाजिक परिवर्तनले सिर्जना गरेका चुनौती सम्बोधन गर्नु जरूरी छ । शासकीय प्रणालीको नयाँ ढाँचा र सामाजिक वातावरणको परिवर्तनबाट उत्पन्न भएका जल्दाबल्दा संकटहरु समाधान गर्न सरकारको दक्षता बढाउनु पर्ने अवस्था छ । त्यसैगरी परिवर्तित राजनीतिक व्यवस्थाप्रति नागरिक विश्वासबृद्धि गर्न र प्रणालीको अनुसरणलाई व्यापक र सुदृढ तुल्याउन आर्थिक-सामाजिक स्रोत साधनको प्रभावकारी व्यवस्थापन गर्नु जरूरी छ । शासकीय अभ्यासहरु नागरिक केन्द्रित बनाउन नागरिक र सरकार दुवैको सामूहिक क्रियाशीलता र प्रतिवद्धता आवश्यक पर्दछ । त्यसैगरी शासनको संरचना, त्यसको प्रणाली र उप-प्रणाली नयाँ सार्वजनिक शासनमैत्री हुनु जरूरी छ । यसका साथै शासनमा संलग्न बहुकर्ताहरूलाई सार्वजनिक सेवाको उत्पादन र वितरण पक्रिया तथा सामाजिक निर्णय प्रक्रियामा सहभागितात्मक पद्धतिको अवलम्बन गर्न तत्पर र प्रतिवद्ध बनाउनु पर्ने आवश्यकता छ ।

**शासनको अन्तिम लक्ष्य नागरिक सन्तुष्टि भएका कारणले पनि नयाँ सार्वजनिक शासनका मान्यताको अभ्यासबाट शासकीय व्यवहारहरू नागरिक मैत्री बनाई सामाजिक सञ्जालको सकारात्मक र उच्चतम प्रयोगमार्फत सार्वजनिक सेवा प्रवाह प्रणाली सुधार्नु अहिलेको आवश्यकता हो ।**

संघीय नेपालमा लोकतान्त्रिक गठनः नेपालमा संघीय नेपालको गठन तथा आवश्यक संरचनाको निर्धारण गर्नुपर्ने छ । यसले पारदर्शिता, उत्तरदायित्व, तथा सार्वजनिक सेवाका प्रतिस्पर्धी तत्वहरूलाई जीवनु र नेपाली जनतालाई अधिकारिकताको अनुभव दिलाउनेछ ।

## नेपालमा नयाँ सार्वजनिक शासन

नयाँ सार्वजनिक शासनको अवधारणा विकास भएसँगै समुदाय प्रहरी, सामुदायिक अस्पताल, सामुदायिक वन विकास कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविकाजस्ता कार्यक्रम कार्यान्वयनमा ल्याइयो । यद्यपि, यी कार्यक्रमहरु नयाँ सार्वजनिक शासनको अवधाराा विकास हुनुपूर्व नै हाम्रोमा कार्यान्वयनमा रहेका थिए ।

नेपालमा नयाँ सार्वजनिक शासनको व्यावहारिक अवलम्बनका लागि अवसर पनि छन् । संघीय शासनका आधारभूत संरचनाहरु निर्माणको तीव्रताको क्रममा हुनु, प्रजातन्त्रप्रति नागरिकको विश्वास र प्रतिवद्धता बढ्दो क्रममा हुनु, सहभागितात्मक निर्णयप्रति नीति प्रतिवद्धता व्यक्त हुनु र राजनीतिक रूपान्तरणसँगै शासकीय व्यवहार परिवर्तन हुनुपर्ने दवावका कारण नयाँ सार्वजनिक शासनको अभ्यासमा सहजता देखिने अवस्था रहेको छ । शासनको अन्तिम लक्ष्य नागरिक सन्तुष्टि भएका कारणले पनि नयाँ सार्वजनिक शासनका मान्यताको अभ्यासबाट शासकीय व्यवहारहरु नागरिक मैत्री बनाई सामाजिक सञ्जालको सकारात्मक र उच्चतम प्रयोगमार्फत सार्वजनिक सेवा प्रवाह प्रणाली सुधार्नु अहिलेको आवश्यकता हो ।

नयाँ सार्वजनिक शासनका मान्यतालाई अभ्यासमा लैजान सार्वजनिक सेवा सञ्जाललाई स्पष्ट भूमिका सहित उत्तरदायी बनाउने प्रमुख चुनौती रहेको छ । सामाजिक सञ्जालले बहुलतामा जोड दिने भएकोले सामाजिक सञ्जालको विविधताको व्यवस्थापनमा समस्या छ । त्यसैगरी सामाजिक समस्याको समाधान गर्न पनि चुनौतिपूर्ण रहेको छ । नागरिक र सरकारको भूमिका, दायित्व र जिम्मेवारी बराबरी हुने कि नहुने तथा दुवैको समानान्तर भूमिकालाई कसरी नियन्त्रित र व्यवस्थित गर्ने भन्ने समस्या पनि छ । नेपालको सन्दर्भमा पूर्ण प्रजातन्त्रको संस्थागत विकास भई नसकेको अवस्थामा यसको अवधारणालाई आन्तरिकीकरण गर्न निकै कठिनाई रहेको अवस्था छ । सरकारलाई आफ्नो भूमिका घटाउन र अन्य निकायको भूमिका प्रवर्द्धनमा सहजीकरण गर्ने कार्यमा कसरी तत्पर बनाउने भन्ने सवाल महत्वपुर्ण रहेको अवस्था छ ।

## उपसंहार

नयाँ सार्वजनिक शासन प्रणालीको अभ्यासका क्रममा शासकीय प्रणालीको सुधारको उपायको रूपमा विकास भएको पछिल्लो मान्यता हो । सार्वजनिक क्रियाकलापमा साझेदारी र सहकार्य मार्फत नागरिक संलग्नता बढाउने, साझा स्रोतहरूको प्रभावकारी व्यवस्थापन र परिचालन गरी सार्वजनिक सेवा प्रवाह प्रणाली सुदृढ गर्ने, स्वपरिचालित सञ्जालको स्थापना र तीनको विकास कार्यमा आवद्धता बढाउने जस्ता मान्यताको अवलम्बन गर्दा नयाँ सार्वजनिक शासनको व्यवहारिक प्रयोग बढाउन सकिन्छ । नयाँ सार्वजनिक शासनको अभ्यासमा संगठनको विविधता व्यवस्थापन, बहुलवादी सामाजिक सञ्जालको पूर्ण विकास, नागरिकको सक्रिय सहभागिता र सकारात्मक योगदानको सुनिश्चितता, शासनमा सहकार्य विधिको प्रयोग आदी जस्ता पक्षमा जटिलता आउने सम्भावना रहन्छ । यस्ता जटीलताहरूलाई चिर्दै सहकार्यात्मक शासन व्यवस्थावाट आमनागरिकहरूलाई विकासको मिठो फल चखाउनु पर्दछ ।



**राममणी अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत
बर्दिबास नगरपालिका
महोत्तरी

# 'आन्तरिक व्यवस्थापन र प्रविधिमार्फत सेवा प्रवाह सुधारमा जोड दिएका छौं'

सेवा प्रवाहलाई सहज, पारदर्शी र प्रभावकारी बनाउन हामीले आन्तरिक व्यवस्थापन, प्रविधि प्रयोग, अधिकार प्रत्यायोजन र सूचना पहुँचलाई प्राथमिकतामा राखेका छौं ।

बर्दिबास नगरपालिका मधेश प्रदेशको महोत्तरी जिल्लामा अवस्थित एउटा स्थानीय तह हो । विकासका विभिन्न आयामहरूको प्रयोग गर्दै अगाडि बढिरहेको यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा हाल राममणी अधिकारी कार्यरत हुनुहुन्छ । सार्वजनिक प्रशासनका क्षेत्रमा लामो अनुभव सँगाल्नु भएका प्रमुख प्रशासकीय अधिकृत अधिकारीसँग नगरपालिकामा संचालित विकास निर्माणका योजना, कार्यान्वयनको अवस्था, कानुनी प्रक्रिया, सुशासनलगायतका विषयमा केन्द्रित भएर सुरेशराज बरालले गरेको कुराकानी प्रस्तुत छः

**तपाइँले बर्दिबास नगरपालिकामा आमनागरिकलाई सुशासनसहितको डेलिभरी दिन प्रशासनिक नेतृत्वका हिसाबले सेवा प्रवाह, जनउत्तरदायित्व र संस्थागत सुधारको विषयमा के कस्ता प्रशासनिक सुधारका कार्यहरू अगाडि बढाउनुभएको छ ?**

सेवा प्रवाहलाई सहज ढंगले संचालन गर्नको लागि हामीले पहिलो सुरू आन्तरिक व्यवस्थापनलाई जोड दिएका छौं । पहिलो सेवा दिने भनेको हाम्रो वडा कार्यालयले हो । वडा कार्यालय नै सेवाको पहिलो बिन्दु भएकाले त्यहाँनेर बत्ति गयो भने चाहिँ अथवा विगत बत्ति गएको अवस्था सेवा अवरूद्ध हुन सक्थ्यो । इन्भटर नहुँदा कम्प्युटर नचल्ने हुनसक्थ्यो । ति सामान्य व्यवस्थापन जस्तै इन्भटरहरू जोडिसकेपछि बत्ति जाँदा पनि अहिले नियमित काम हुन थाल्यो । त्यस्तै अरू सेवाग्राहीहरूलाई आउन, बस्न, खान होटल सुविधाहरूको लागि वडा कार्यालयहरूमा अहिले त्यसलाई महत्वपूर्णरूपमा संचालन गरिएको छ । अर्को सेवा प्रवाहलाई सहज बनाउनका लागि नगरपालिकाबाट मात्रै हुने कामहरू पनि अधिकार प्रत्यायोजन गरेका छौं । अर्थात प्रमुख प्रशासकीय अधिकृत नहुँदा पनि त्यहाँ कुनै खालको काम रोकिँदैन । किनभने शाखा प्रमुखले नै काम गरेर पठाइदिन सक्नुहुन्छ । तोक लगाउने अधिकारसमेत पनि उहाँहरूलाई शाखासँग सम्बन्धित कामको अधिकार दिएको अवस्था हो ।

अर्को प्रविधि प्रयोगमा हामीले जस्तै कर्मचारीहरू नियमित रूपमा उपस्थित छन् कि छैनन् के छन् भनेर प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा सम्पूर्ण वडा र स्वास्थ्य चौकीहरूको रियल टाइम मनिटरिङ गरिरहेका छौं । उहाँहरू कार्यालयमा हुनुहुन्छ कि हुनुहुन्न, काम गर्नुभएको छ कि छैन भन्ने कुरा रियल टाइम मनिटरिङ हुन्छ र हाजिरको पनि रियल टाइम मनिटरिङ हुन्छ । अहिले सेन्ट्रलाइज ढंगले त्यसलाई हामीले मनिटरिङ गर्ने गरेका छौं । अर्को भनेको सेवा प्रवाहकै हकमा हामीले पारदर्शिताको लागि जे जति हाम्रा मालसामान खरिद, निर्माण, परामर्श खरिदहरू हुन्छन् जुन १० लाखभन्दा तलका विषय वस्तुहरूका लागि पनि हामीले सूचना निकाल्छौं । र त्यसलाई प्रतिस्पर्धाका आधारमा नगरपालिकाले कुनै एउटा व्यापारी अथवा कुनै एउटा फर्ममात्रै नभएर सबैले प्रतिस्पार्ध गर्न पाउन् भन्ने हिसाबले काम गरेका छौं । अरू विषय वस्तुका पनि जस्तै सूचनाहरूमा कृषिको कुनै सूचना निकाल्यो भने त्यो सबैको मोबाइलमा म्यासेजमा जान्छ । त्यस्तै अर्को भनेको कुनै हामीले कम्प्युटर खरिद गर्नुपऱ्यो भने यति दिनभित्र तपाइँहरूले सूचना हाल्नुहोला भनेर कम्प्युटर व्यवसायीहरू सबैकोमा म्यासेज जान्छ । यसरी मुख्य यही आन्तरिक व्यवस्थापन र प्रविधिको प्रयोगलाई जोड गर्दै हामीले यहाँको सेवा प्रवाहलाई विस्तार गर्नुपर्छ भन्ने अभिप्रायले लागेका छौं । जनउत्तरदायित्व र पारदर्शिताका विषयमा पनि हामीले हाम्रा सबै सूचनाहरू, गतिविधिहरू वेवसाइटमा राख्ने गरेका छौं । पारदर्शिताका विषयमा पनि हामीले त्यसै गरेका छौं ।

**तपाइँले बर्दिबास नगरपालिकामा विकासका आवश्यकता र सम्भावनाका साथसाथै चुनौतिहरूचाहिँ के के देखिरहनुभएको छ ?**

मलाई जहाँसम्म लाग्छ, बर्दिबास नगरपालिकामा मात्रै नभएर सबै स्थानीय तहहरूको प्रमुख चुनौति भनेको हाम्रो स्रोत र साधनको सीमितता रहेको छ । अहिले मान्छेको सबैभन्दा नजिकको सरकार भनेको स्थानीय सरकार नै हो र कुन काम संघीय सरकारले, कुन काम प्रदेश सरकारले, कुन काम स्थानीय सरकारले गर्ने भन्ने कुरा सबैलाई थाहा छैन । त्यो स्पष्टतता नभए पछि मान्छे ठोक्किन आउने भनेको कि वडा कि नगरपालिका हो । संघ र प्रदेशमा पहुँच पुग्दैन । त्यसकारणले जे हुँदा पनि उसले हरेक चिज स्थानीय सरकारलाई भन्छ । नागरिकले खाजेको कुरा स्थानीय सरकारको कार्य क्षेत्रभित्र त्यो नभएको पनि हुनसक्छ तर नभए पनि नागरिकले भन्छ । अब ठूल्ठूला पूर्वाधारका योजनाहरूमा सिँचाइका योजना, शित भण्डारका योजनाहरू अरू ठूला ठूला दुई वटा तीन वटा राजमार्गसँग जोड्ने सडकहरू, ठूल्ठूला पुलहरू स्थानीय सरकारको क्षमताभन्दा अलि बाहिरका विषय वस्तुहरू हुन् । तर पनि जनताको आकांक्षाचाहिँ त्यही हुन्छ । यो सीमित स्रोत र साधन अनि जनताको आकांक्षाचाहिँ यति धेरै छ कि त्यो स्थानीय सरकारबाट मात्रै हुन सक्दैन, त्यसका लागि संघ र प्रदेशबाटै आउनुपर्छ । अब आन्तरिक स्रोत नभएका पालिकाले १०/१५ लाखभन्दा बढीको खर्च गर्न पनि सक्दैनन् । यस्तो अवस्थाले गर्दा त्यो सीमित स्रोत र साधनले जनताको सबै इच्छा आकांक्षा पूरा गर्नचाहिँ चुनौति नै छ । अनि प्राथमिकता एकातिर हुन्छ अनि धेरै विषय वस्तुहरू अहिले त विपद्, बाढी पहिरो भन्यो त्यो भन्ने वित्तिकै शित लहरी आउँछ, त्यो हुने वित्तिकै उता आगलागी सुरू हुन्छ । त्यो हुनेवित्तिकै फेरी बाढी पहिरोको हुन्छ । अनि अहिले धेरै ठूलो पैसाचाहिँ विपद् व्यवस्थापनमा पनि खर्च हुने अवस्था छ ।

**स्थानीय तहका लागि छुट्याइएको अनुदान रकम पनि कतिपय अवस्था पूर्णरूपमा हस्तान्तरण नहुने परिपाटीले योजना तथा कार्यक्रम कार्यान्वयनमा चाहिँ के कस्ता समस्याहरू झेल्नुपरिरहेको छ नि ?**

संघले स्थानीय सरकारलाई दिने भनेको एउटा वित्तीय समानीकरणको पैसा, अर्को भनेको नियमित रूपमा आउने संघीय राजश्व बाँडफाँड हो । अरू केही पैसा सशर्त अनुदानको रूपमा पनि आउँछ । वित्तिय समानिकरण अनुदानचाहिँ विगतदेखि नै अन्तिम अन्तिम चौमासिकतिर घटेर आउने चलन रहेको छ । त्यसले गर्दा हाम्रा योजनाहरूको भुक्तानी गर्न समस्या हुन्छ । एकातिर योजनाको सम्झौता भइसकेको हुन्छ अनि पैसा घटेर आउँदा भुक्तानी बाँकी रहेर फेरी अर्को साल नगरपालिका आफैंले बजेट राखेर भुक्तानी दिनुपर्ने अवस्था आउँछ । स्रोतको सुनिश्चिता हुन्छ कि हुँदैन भनेर विश्वास गर्न नसकिने हुनाले कुनै योजनाचाहिँ जानीजानी नै संचालन नगर्ने अवस्था पनि आउँछ । पैसा नआउन सक्ने सम्भावना हुन्छ । उपभोक्ताले काम सक्ने वित्तिकै भोलिपल्ट पर्सिपल्टै पैसा लिनलाई आइपुगिहाल्नु हुन्छ । जसले गर्दा समस्या हुने र त्यसले एउटा विवाद सिर्जना हुन पुग्छ ।

**त्यसो त स्थानीय तहलाई प्राप्त अनुदान पनि राजनीतिक निर्णयका आधारमा अन्य क्षेत्रमा खर्च गर्ने परिपाटीका कारणले अनुदान रकमको पनि सही सदुपयोग हुन सकेन भनेर ओभरसाइट एजेन्सीहरूले औंल्याइरहँदा कम्जोरीचाहिँ कहाँ देख्नुहुन्छ ?**

हाम्रोमा त्यस्तो छैन, सशर्तको पैसा जेमा भनेको त्यसमै खर्च गर्नुपर्छ नत्र एक कोलेनीकाले पैसा नै भुक्तानी दिँदैन । त्यसैले सशर्तको जेमा आएको छ त्यसैमा खर्च गर्छौं । अर्को वित्तीय समानिकरण र संघीय राजश्व बाँडफाँडको पैसा हो त्यो पनि तलव भत्ताहरू हामीले आफ्नो आन्तरिक स्रोत र आन्तरिक स्रोतले पुगेन भने राजश्व बाँडफाँडको पैसाबाट खर्च गर्ने हो । अनि वित्तीय समानीकरण अनुदानचाहिँ विशुद्ध हाम्रा पूर्वाधार विकासहरू लगायत स्थानीय विकास निर्माणका कार्यहरूमा खर्च गर्ने हो । अनि वित्तिय समानीकरणबाट हामीले विकास निर्माणका कामहरू होल्ड गरेर तलव

भत्तातिर खर्च गरौं भनेदेखि त्यसमा बेरूजु पनि देखिन्छ । त्यस्तो हाम्रो स्थानीय तहमा चाहिँ हैन अरू कतिपय स्थानीय तहको काम गर्ने सिलसिलामा राजश्व बाँडफाँडको पैसाले नपुगेर वित्तीय समानिकरणको पैसा पनि खर्च गर्नुपर्ने हुन्छ । त्यस्तो अवस्थाको छ भनेदेखि त्यस्ता स्थानीय तहलाई प्रदेश सरकारले हेर्नुपर्ने, संघीय सरकारले पनि विशेष निगरानी राखेर उसलाई हेर्नुपर्ने भन्नेचाहिँ प्रकृतिक तथा वित्त आयोगको प्रतिवेदनहरूमा देखिन्छ । त्यसको वास्तविक कारण पत्ता लगाएर त्यस्ता स्थानीय तहहरूलाई निगरानी गरेर उसको बजेट व्यवस्थापन र खर्चमा संघीय सरकार र प्रदेश सरकारले सहयोग गर्नुपर्ने हो । व्यवस्थापनकै माध्यमबाट सहयोग गर्ने, पैसै दिनुपर्छ भन्ने पनि छैन । कहिँकतै सुधार गर्न सकिन्छ भने ती सुधारहरूलाई सहयोग गर्नुपर्ने दायित्वचाहिँ हुन आउँछ । यसरी गर्दाखेरी चाहिँ अब खासै सशर्तको यताउता गर्न सक्ने अवस्था त अहिले हुँदैन ।

**चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा बजेट कार्यान्वयनको अवस्थामा कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

हाम्रोमा बजेट कार्यान्वयन लगभग सन्तोषजनकै अवस्था हो । त्यसका लागि विषयवस्तु र सबै सूचना निकालिसकेका छौं । उपभोक्ता समिति गठन गरेर केहीको त उपभोक्ता समितिले भुक्तानि पनि लगिसकेको अवस्था छ । केही सम्झौताहरू चाहिँ हामी ढिलै गर्छौं । किनभने स्थानीय तहमा चौमासिक रूपमा पैसा आउने हुनाले त्यसपछि मात्रै हामीले उपभोक्ता समितिको सम्झौता गर्छौं । अनि उहाँहरूले असारसम्म सक्ने हिसाबले अगाडि बढ्नुहुन्छ । यो अवधिसम्म आइपुग्दा हाम्रोमा बजेट कार्यान्वयनको अवस्था सन्तोषजनक नै छ । खासै त्यस्तो समस्याहरू आउने भन्ने विषय अहिले छैन ।

**नागरिकको माग सम्बोधनका नाममा जनप्रतिनिधिहरूले टुक्रे कार्यक्रमहरूमा जोड दिनु एउटा बाध्यता अथवा राजनीतिक उद्देश्य पनि होला तर पनि स्पष्ट नतिजा नदिने कार्यक्रमहरूलाई निरूत्साहित गर्न उहाँहरूलाई कत्तिको घचघच्याउने गर्नुभएको छ नि ?**

हामीले घचघच्याउने भन्नाले नतिजा दिने नदिने भन्दाखेरी पनि बजेट बनाउने क्रममै अहिले सात चरण भन्छौं । तल्लो तहदेखि नै यो बजेट बनाउने चरण सुरू हुँदै आएको हुन्छ । अनि त्यसरी स्थानीय तहले बजेट बनाइसकेपछि यो ठिक भएन यो यो गलत भयो भनेर हामी कर्मचारीले भन्ने होइन । जस्तै कर्मचारी त म छ महिना हुँला मलाई त्यो ठिक लाग्ला, भोलि अर्को कर्मचारी आउला उसलाई त्यो ठिक नलाग्न सक्ला । त्यसैको लागि त स्थानीय सरकारको परिकल्पना गऱ्यो हो नि । त्यहाँनेर स्थानीय सरकारले बनाएका योजनाचाहिँ हामीले कार्यान्वयन गर्नुपर्छ । प्रतिफल नै नहुने किसिमको चाहिँ हुँदैन तर त्यो कार्यान्वयन गर्ने सिलसिलामा नियम संगत भयो कि भएन, फजुल खर्च हुन नदिने त्यस्तो धेरै तडकभडक हुन नदिने विषय वस्तुलाई चाहिँ हामीले अलिकति हेर्ने हो । अब स्थानीय सरकारले बनाइसकेको योजनाहरूमा यो कार्यान्वयन गर्ने यो नगर्ने भनेर हामीले छुट्याइरहनु चाहिँ उपयुक्त हुँदैन ।



**बर्दिबास नगरपालिकासहित सबै स्थानीय तहको प्रमुख चुनौती सीमित स्रोत र साधन हुन्, जसले जनताको सबै आकांक्षा पूरा गर्न कठिन बनाउँछ । ठूला पूर्वाधार, सडक, पुल र शित भण्डार जस्ता परियोजनाहरूका लागि स्थानीय सरकारले मात्र सम्भव नहुँदा संघ र प्रदेशको सहयोग आवश्यक पर्छ ।**

**पछिल्लो समय स्थानीय तहका गतिविधिमा नागरिक सहभागिता घट्दै गएको अपनत्व र संरक्षणमा चासो नदेखिनु एउटा समस्या छ भनिन्छ भने अर्कोतिर उपभोक्ता समितिमा पनि विचौलिया हावि हुँदै गइरहेको भन्ने कुराले स्थानीय तहको विकासमा कस्तो खालको बाधा पारिरहेको अनुभव गरिरहनुभएको छ, तपाइँले ?**

विकासमा बाधा भन्दापनि बिचौलिया त होइन अहिले हाम्रो उपभोक्ता समितिको अवधारणाअनुसार मान्छे अहिले आफैं कोदालो लिएर खन्न जाने, यो गर्ने त्यो गर्ने भन्ने जुन छ त्यो अब प्रविधिअनुसार धेरै प्रविधि आइसकेपछि मान्छे प्रविधिको प्रयोग गर्न छोडेर पुरानो शैलीमा बस्दो रहेनछ । जस्तोसुकै बरू रोजगारी नपाइयोस् तर प्रविधिकै प्रयोग गर्छन् । त्यसको लागि पनि हाम्रो कानुनमा परिमार्जन गर्नुपर्ने विषय वस्तु हो । अनि उपभोक्ता समितिमा पनि आफु अनुकुल हुने किसिमले गर्न खोजिन्छ । पहिलेको जस्तो जनसहभागितामा अहिले कमी आएको छ तर त्यो आउनुमा चाहिँ एक किसिमको प्रविधिको विकास हो जस्तो मलाई लाग्छ ।

**आमनागरिकको सशक्तिकरणको लागि आयआर्जन बढाउने सीप विकास, लघु उद्यम प्रवर्द्धन, सहकारी सहयोग र बजार व्यवस्थापनका लागि स्थानीय सरकारले के कस्ता पहल गरिरहेको छ ?**

हाम्रो यसपालिकाको बजेटको प्राथमिकता पनि यही हो । हामीले जति बाटो बनाए पनि जति जे गरे पनि मान्छेलाई अन्तिममा खुसी र सुखी राख्ने भनेको उद्यमशिलताबाटै हो भन्ने नीतिलाई हामीले प्राथमिकतामा राखेका छौं । त्यसलाई हामीले एउटा परिवर्तनको रूपमा लिएका छौं । हाम्रो जुन क्षमता विकासलाई कसरी उद्यमशीलतासँग जोड्ने भन्दाखेरी पहिले हामी क्षमता विकासको तालिम दिन्छौं । विशेषगरी दलित, गरिब, वेरोजगारको सूचीमा परेका व्यक्तिहरूलाई प्राथमिकता दिएर तालिम दिइन्छ । स्थानीय आवश्यकताका आधारमा सिलाइकटाइको हुन सक्छ । ब्युटिसियन हुनसक्छ । त्यस्तै इलेक्ट्रिसियन, प्लम्बिङ हुनसक्छ । त्यस्ता क्षेत्रहरूको छनौट गरेर तालिम दिन्छौं । तालिम दिइसकेपछि समान किसिमका तालिम लिएका सिलाइकटाई लिएकाहरूलाई सिलाइकटाई, ब्युटिसियन लिएकालाई ब्युटिसियन, इलेक्ट्रिसियनको तालिम लिएका व्यक्तिहरूको समूह गठन गर्न लगाउँछौं । त्यसपछि त्यो नगरपालिकामा दर्ता हुन्छ ।

दर्ता भइसकेपछि उहाँहरूलाई हामीले प्रविधि हस्तान्तरण गर्छौं । सिलाइकटाई गर्ने पाँचदेखि १० जना दिदीबहिनीहरूको एउटा समूह गठन भयो भनेदेखि त्यो समूह नगरपालिकामा दर्ता हुन्छ, दर्ता भएपछि हामीले उहाँहरूलाई समूहमा काम गर्ने गरी ५/७ सात वटा सिलाई मेसिनहरू उपलब्ध गराउँछौं । त्यस्तै ब्युटिसियनको लागि आवश्यक हुने ती सामानहरू उहाँहरूको माग अनुसार समूहलाई उपलब्ध गराउँछौं अनि त्यसैबाट उहाँहरूले उद्यमशिलता गर्न सक्नुभयो । उद्यमशिलतामा जोडिनुभयो । त्यो सँगसँगै यसलाई चेन्ज इफेक्टको रूपमा लिएर जान उहाँहरूलाई बेसिक पछि एड्भान्स तालिम पनि दिन्छौं । विगतमा सिकेकालाई पनि त्यसमै एड्भान्स तालिम दिन्छौं । त्यसपछि अनि उहाँहरूलाई हामी सीप परीक्षणको लागि पठाउँछौं । सीप परिक्षणसँगसँगै अब हामीले रोजगार मेला पनि राखेका छौं । ताकि तालिम लिएकाहरूलाई रोजगारीसँग जोड्न सकौं । अर्कोचाहिँ हामीले विपन्न, गरिब महिला विशेष महिलाहरूको कृषक समूह गठन गरेका छौं ।

प्रत्येक वडामा दुई वटाका दरले २८ वटा समूह गठन हुन्छ । अनि त्यसपछि उहाँहरूलाई क्षमता विकास तालिम दिन्छौं । उद्यमशिलताको तालिमपछि कसैले बाख्रा पालन भनेको हुन्छ, कसैले तरकारी खेती भनेको हुन्छ । कसैले भैंसी पालन भनेको छ भने त्यो सम्बन्धी तालिम दिन्छौं । तालिम दिइसकेपछि पछि त्यो समूहलाई हामी प्रविधि र प्राविधिक सहयोग पनि गर्छौं भनेको पशुपालनका लागि गाई बाख्रा, भैंसी उपलब्ध गराउने । कृषिको मल, विउविजन दिने । मकै छोडाउने मेसिनहरू दिने लगायतका सहयोग गर्ने । त्यो सहयोग दिइसकेपछि उहाँहरूलाई नियमितरूपमा निगरानी गरेर हाम्रो एउटा सहकारी संस्था छ त्योसँग सम्झौता पनि हुन्छ । त्यसपछि बजारीकरणका लागि त्यो संस्थाले सहयोग गर्छ । यसरी नागरिलाई आयआर्जनसँग जोड्नका लागि हामीले उद्यमशिलतासम्बन्धी काम गरिरहेका छौं ।

**स्थानीय तहमा वर्षेनी बेरूजु र आर्थिक पारदर्शिताका सवालमा ओभरसाइट एजेन्सीहरूले प्रश्न उठाइरहँदा सामाजिक जवाफदेहिताको लागि प्रशासनिक तहबाट कत्तिको सजगता अपनाउने गर्नुभएको छ नि ?**

हामीले बेरूजु आएका विषय वस्तुहरूमा जे जति बेरूजु आएको छ ती सबैमा प्रत्राचार गरेर बेरूजु फर्स्योटकै विषयमा लागिरहेका छौं । बेरूजु भन्ने विषय कस्तो रहेछ भने बेरूजु भनेको सबैचाहिँ आर्थिक अनियमितता हो भन्ने हिसाबले हामीले हेर्नु पनि भएन । बेरूजु भन्ने कुरा अडिटरलाई कुनै कार्यक्रम चित्त बुझ्न भने स्थानीय कुनै जनप्रतिनिधिले राखेको कार्यक्रम मन परेन भने मानौं हामीले बाख्रा वितरण कार्यक्रम राख्यौं भने उहाँहरूले त्यसलाई वितरणमुखी कार्यक्रम भयो, यसको यति बेरूजु देखियो भनेर लेख्नुहुन्छ । बेरूजुमा त्यस्ता विषयवस्तुहरू पनि हुन्छन् । कतिपय अवस्थामा सैद्धान्तिक प्रकृतिका बेरूजुहरूचाहिँ धेरै हुन्छन् । असुल उपर गर्नुपर्ने बेरूजु र पेश्की बेरूजुहरूचाहिँ हामी उठाइहाल्छौं । सैद्धान्ति बेरूजुहरूलाई पनि त्यही अनुसार समायोजन गर्दै लिएर जाने विषय वस्तुहरू छन् । ती सबै अडिट रिपोर्टहरू हामीले वेवसाइटमै राखिदिएका हुन्छौं । त्यहाँबाट पनि हेर्न सकिन्छ ।

**नगरपालिकाले योजना बैंकमार्फत विकासका कार्यक्रमहरू कार्यान्वयनमा कत्तिको जोड दिएको छ नि ?**

पालिकाले गर्ने योजनाका सम्बन्धमा हामीले संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारलाई एउटै दाँजोमा राखेर हेर्नुचाहिँ हुँदैन । संघीय सरकारको सरकारको खर्बमा बजेट हुन्छ । पालिकाको करोडमा बजेट हुन्छ । पालिकाले चाहिँ साना साना योजनाहरूलाई विशेष जोड दिनुपर्छ । संघीय सरकारले ठूला ठूला योजनाहरूमा जोड दिनुपर्छ । ठूला योजनाहरूको हकमा ठूला योजनाको पनि सबै तयारी पूरा हुनुपर्छ । आइईई गरेको हुनुपर्छ । जग्गा प्राप्ति गरेको हुनुपर्छ । अनि त्यो बहुवर्षिय योजना हुनसक्छ । त्यसलाई स्रोत सुनिश्चितताको लागि एमटीएफमा राखेको हुनुपर्छ । तर स्थानीय सरकारको ५/६ वर्ष योजना बढीमा एउटा, दुई वटा अथवा तीन वटाभन्दा बढी हुँदैन । थोरै बजेट हुनेको त्यो हुँदा पनि हुँदैन । तर स्थानीय सरकारले पनि अहिले योजना बैंक बनाउँदै अभ्यास गर्दै जानु त राम्रै विषयवस्तु भयो । आयोजना बैंक नबनाएर मात्रै आर्थिक सुशासन कायम नहुने, अनियमितता हुने विषयवस्तु स्थानीय सरकारमा अहिले हुँदैन । त्यो विषयमा संघीय सरकार र प्रदेश सरकारले चाहिँ गर्नैपर्छ । आयोजना बैंकको हकमा स्थानीय सरकारले अहिले तत्कालै नगर्दा पनि त्यस्तो केही फरक नपर्ने देखिन्छ ।

अर्कोचाहिँ आयोजनाको हकमा हामीले क्षमता विकासको पाटोलाई पनि लिएर जानुपर्ने विषयवस्तुहरू सँगसँगै रहेका छन् । यो हिसाबले पनि अब आयोजना बैंक हामीले अहिले बनाएका त छैनौं । आयोजना बैंक बनाउँदा त रामै हो तर यसमा पनि समस्या छ । आयोजना बैंक बनाउन आईईई गर्नुपऱ्यो, ईआइए गर्नुपऱ्यो, डिपिआर गर्नुपर्छ । आयोजना बैंक बनाउँदा एउटा स्थानीय तहमा ५० वटा आयोजना होला । ५० वटाको डिपिआर गरेर राख्नुपऱ्यो । भोलि स्थानीय सरकारले सबैमा लगानी गर्न सक्दैन । कि प्रदेशसँग माग्ने, कि संघसँग माग्नुपर्ने हुन्छ । ५० वटा योजना बनाउन हाम्रो ४/५ करोड पनि खर्च हुनसक्छ । फेरी त्यसमा अडिटरले बेरूजु अनि अख्तियारको विषय वस्तु पनि हुनसक्छ । त्यही भएर स्थानीय सरकारले आयोजना बैंकचाहिँ बनाउँदै जाँदा त राम्रो हो ।

**समृद्धि पालिका र सवल नागरिकको लक्ष्य पूरा गर्न पालिकाले अबका वर्षमा कस्ता विषयलाई समेट्नुपर्ने देख्नुहुन्छ ?**

अबको विषय वस्तु भनेको हामीले पूर्वाधार विकासमा धेरै लगानी गरिसक्यौं । लगभग ३५/३६ किलोमिटर सडक नै पिच गरिसक्यौं । २८/३० किलोमिटर ढलानै गरिसकेको अवस्था छ । त्यो हिसाबले हामीले के के काम गऱ्यौं भनेर एक हजार दिनको प्रगति विवरण पनि हामीले एक वर्ष अगाडि सार्वजनिकै गरेका छौं । जो कसैले वेवसाइट खालेर हेर्दा पनि त्यहाँ धेरै कुराहरू देखिन्छ । योभन्दा अगाडिका वार्षिक प्रतिवेदन, हामीले के के काम गऱ्यौं, हाम्रा शाखाहरूमा के कस्ता गतिविधि भए त्यसका पुस्तकहरू, सूचनाहरू हाम्रो वेवसाइटमा राखेका छौं । अबको हाम्रो प्राथमिकताको विषय भनेको अब हामीले पूर्वाधार विकासमात्रै गरेर नहुने रहेछ । मान्छेलाई रोजगार र उद्यमशिलतामा नजोडिकन नागरिक खुसी र सुखी हुन नसक्ने रहेछ भन्ने हिसाबले हाम्रो उद्देश्य अहिले रोजगारी सिर्जना र उद्यमशिलताको विकासतिर हामीले जोड दिएका छौं । रोजगारी सिर्जना र उद्यमशिलता विकासको लागि एउटा पाटो कृषि पहिलो प्राथमिकता, दोस्रो भनेको क्षमता विकास तालिम, क्षमता विकासको तालिमलाई हामीले रोजगारी सिर्जना र उद्यमशिलतासँग जोडेका छौं । अर्को हामीले कृषक त्यसमा पनि समूह र सहकारी गठन गर्ने त्यति भइसकेपछि मान्छेहरूलाई विशेषगरी त्यो पनि महिलाहरूलाई लक्षित गरेर जो चाहिँ घरमै बस्नुहुन्छ, उहाँहरूलाई घरको कामसँगसँगै आयआर्जनका अरू पनि काम गर्न क्षमता विकासका कामहरू गर्न ति पार्टहरूलाई जोडेर हामीले यसपाली पूर्वाधारलाई त्यो सँगसँगै उद्यशीलता त्यसमा पनि रोजगारी, क्षमता विकास र कृषिसँग जोडेर लगिरहेका छौं । ■



**रामबाबु पौडेल**
प्रमुख प्रशासकीय अधिकृत
बेनीघाट रोराङ गाउँपालिका
धादिङ

# ‘नीतिमा आधारित सहभागितामूलक विकासमा जोड दिएका छौं’

**नगरसभाबाट पारित कार्यक्रमहरूलाई नीति र विधिभित्र रही जनप्रतिनिधिले जनतासँग बाँडेका सपनाहरू साकार पार्नु हाम्रो पहिलो लक्ष्य हो । यसका लागि स्थानीय राजनीतिक दल, जनप्रतिनिधि, पूर्व जनप्रतिनिधि, नागरिक समाज र बौद्धिक वर्गसहित सबैको सहभागितामा सहभागितामूलक ढंगले कर्मचारी परिचालन गर्नु मेरो प्राथमिकता हो ।**

बेनीघाट रोराङ गाउँपालिका बागमती प्रदेशको धादिङ जिल्लामा अवस्थित एउटा स्थानीय तह हो । विकासका विभिन्न आयामहरूको प्रयोग गर्दै अगाडि बढिरहेको यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा हाल *रामबाबु पौडेल* कार्यरत हुनुहुन्छ । सार्वजनिक प्रशासनका क्षेत्रमा लामो अनुभव सँगाल्नु भएका प्रमुख प्रशासकीय अधिकृत पौडेलसँग गाउँपालिकामा संचालित विकास निर्माणका योजना, कार्यान्वयनको अवस्था, कानुनी प्रक्रिया, सुशासनलगायतका विषयमा केन्द्रित भएर *समुन्द्र अधिकारी*ले गरेको कुराकानी प्रस्तुत छः

**एउटा प्रशासनिक नेतृत्वका हिसाबले तपाइँले बेनीघाट रोराङ गाउँपालिकामा आमनागरिकलाई सुशासनसहितको डिलिभरी दिनलाई सेवा प्रवाह, जनउत्तरदायित्व र संस्थागत सुधारको विषयमा के कस्ता कार्यहरू अगाडि बढाउनुभएको छ ?**

पहिलो कुरा हामी स्थानीय तहमा कार्यक्रम गर्ने भनिसकेपछि हाम्रो कुराचाहिँ के हुन्छ भने जनप्रतिनिधिहरूले स्थानीय जनतासँग जुन सपना बाँड्नु भएको छ, त्यो सपना पूरा गर्नको लागि नीति र विधिभित्र रहेर जुन नगरसभाबाट पारित भएका कार्यक्रमहरू छन् ती कार्यक्रमहरूलाई नीति र विधिभित्र रहेर सहभागितामूलक तरिकाबाट कार्यसम्पादन गर्ने मेरो पहिलो लक्ष्य हो । मेरो प्राथमिकता पनि त्यही हो । अब त्यो प्राथमिकता कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय जुन पालिका छ त्यो स्थानीय पालिकाभित्र रहेका राजनीतिक दलहरू, त्यहाँका जनप्रतिनिधिहरू, पूर्व जनप्रतिनिधिहरू, त्यहाँको नागरिक समाज, बौद्धिक वर्ग लगायत सबै बेनिघाटबासीको सामुहिक सहभागितालाई सकेसम्म समेटेर सकेसम्म सम्बोधन गरेर सहभागितामूलक ढंगलबाट कर्मचारीहरू परिचालन गर्ने मेरो प्राथमिकता हो ।

**अनावश्यक ढिलासुस्ती, सिफारिस र कागजी झन्झट घटाउन प्रविधिमुखी सुधारका लागि कत्तिको जोड दिएको छ नि ?**

हामीकहाँ ढिलासुस्ती भन्ने कुरा नै के हो भन्ने कुरा छ । जनता जतिबेला आउनुहुन्छ उहाँहरूको काम हामी तुरुन्तै तत्कालै गरेर पठाइदिन्छौं ।

**एउटा प्रशासनिक नेतृत्वका हिसाबले पालिकामा विकासका आवश्यक र सम्भावनाका साथसाथै चुनौतिहरू के के देख्नुहुन्छ ?**

बेनिघाटको सम्भावना त प्रशस्तै छ । मुख्य कुरा बेनिघाटको राम्रो पक्ष भनेको त्यहाँको जनता त्यहाँको राजनीतिक दल, त्यहाँको जनप्रतिनिधि र त्यहाँको कर्मचारीचाहिँ एकदम समन्वयात्मक ढंगबाट बेनिघाटको समृद्धिको लागि जुटेको पाएँ ।

**चालु आर्थिक वर्षको ६ महिनामा बजेट कार्यान्वयनको अवस्थामा कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

हामीले चालु आर्थिक वर्षको बजेटको अर्ध वार्षिक समिक्षा पनि गर्‍यौं । त्यो हाम्रो उत्साहप्रद नै छ । बेनीघाट विगतमा दुई वर्ष लगातार लिजामा नेपाल प्रथम पालिका हो र आगामी वर्ष पनि हामी प्रथम हुने लाइनमा नै छौं । भर्खरैमात्रै पनि जिल्ला समन्वय समिति धादिङका पालिकाहरूको प्रगति समिक्षा कार्यक्रम थियो । त्यो कार्यक्रममा पनि धादिङका गाउँपालिकाहरूको तर्फबाट चाहिँ बेनिघाट रोराङ गाउँपालिका नै प्रथम भयो भने हामी अब बागमती प्रदेशमा हुने प्रदेशस्तरीय समिक्षामा जानको लागि योग्य पनि भयौं । नगरपालिकाको तर्फबाट एउटा र गाउँपालिकाको तर्फबाट एउटा जुन जिल्ला समन्वय समितिले छान्यो त्यो छानिनेमा चाहिँ हाम्रो बेनिघाट रोराङ गाउँपालिका पहिलो स्थानमा छनौट भयो । र, अब हामी बागमती प्रदेशमा सम्भवतः माघको पहिलो हप्तातिर हुने असल अभ्यास प्रस्तुतिकरणको लागि हामी तयारी अवस्थामा छौं । हामी बजेट कार्यान्वयनको अवस्थामा पनि सन्तुष्ट नै छौं । यो आर्थिक वर्षको लगभग छ महिना पुग्न पुग्न लाग्यो । अहिले हामी सन्तोषजनक रूपबाटै अगाडि बढिरहेका छौं ।

**स्थानीय तहका लागि छुट्याइएको अनुदान रकम पनि पूर्णरूपमा हस्तान्तरण नहुने परिपाटीले बजेट तथा योजना कार्यान्वयनमा के कस्ता समस्या आउने गर्छन् नि ?**

बेनीघाट रोराङमा यसबाट खासै त्यस्तो ठूलो समस्या छैन । हाम्रोमा पुराना ठेक्काहरू पनि छैनन् । सबै सटआउट भइसकेका छन् । नयाँ ठेक्काहरू कार्यान्वयनका क्रममा छन् । कतिपय कामहरू उपभोक्ता समितिहरूबाट पनि भइरहेका छन् । हाम्रोमा उत्साहजनक सहभागिताका साथ योजनाहरू सम्पन्न भइरहेका छन् । स्रोतको अभाव भन्ने कुरामा चाहिएजति स्रोत त कहाँ पाइन्छ र ? हाम्रा आवश्यकता अनन्त छन् । जे भए पनि हामीसँग भएको स्रोतलाई हामीले अधिकतम् रूपमा परिचालन गरेका छौं ।

**त्यसो त स्थानीय तहलाई प्राप्त अनुदान पनि राजनीतिक निर्णयको आधारमा अन्य क्षेत्रमा खर्च गर्ने परिपाटीका कारणले अनुदान रकमको सही सदुपयोग हुन सकेन भनेर ओभरसाइट एजेन्सीहरूले औंल्याइरहँदा कमजोरीचाहिँ कहाँ देख्नुहुन्छ ?**

अन्य पालिका र हामीकहाँको फरकचाहिँ मैले यही नै पाएँ । हामीकहाँ कर्मचारी संयन्त्र र राजनीतिक संयन्त्र बिचमा खिचातानी पनि छैन । जनप्रतिनिधि र कर्मचारीहरूबिचमा पनि खिचातानी छैन । कानुन, विधि र प्रक्रियाअनुसार समन्वयात्मक ढंगबाट नै हामी अगाडि बढिराखेका छौं । त्यसकारणले त्यस्तो खालको खिचातानीको अनुभव, अनि बजेट रकमान्तरको अनुभव हामीले गर्नुपरेको छैन ।

**नागरिकका माग सम्बोधनका नाममा जनप्रतिनिधिहरूले टुक्रे कार्यक्रमहरूमा जोड दिनु एउटा बाध्यता अथवा राजनीतिक उद्देश्य पनि होला तर पनि स्पष्ट नतिजा नदिने कार्यक्रमहरूलाई निरूत्साहित गर्न उहाँहरूलाई कत्तिको घचघच्याउने गर्नुभएको छ ?**

हामीले सकेसम्म टुक्रे योजनाहरूको सन्दर्भमा निरूत्साहित गर्ने नै हो । सकेसम्म भौतिक प्रगति राम्रो देखिने सबै जनजनले देख्न सक्ने हिसाबले कम्तिमा यो वर्ष यो कार्यक्रम गरियो भनेर हामीले गौरवका आयोजनाहरूमा जोड दिने हाम्रो कर्तव्य पनि हो, धर्म पनि हो, जिम्मेवारी पनि हो । त्यसको लागि हामी कटिवद्ध र प्रतिवद्ध पनि छौं ।

**आमनागरिकको सशक्तिकरणको लागि आयआर्जन बढाउने सीप विकास, लघु उद्यम प्रवर्द्धन, सहकारी सहयोग र बजार व्यवस्थापनका लागि स्थानीय सरकारले के कस्ता पहल गरिरहेको छ नि ?**

आमनागरिकका लागि त्यस्ता कार्यक्रम हामीसँग छन् । आयआर्जनसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू कार्यान्वयनको चरणमा छन् हामी त्यसको लागि छलफल गरिरहेका छौं । स्थानीय संघ संस्थाहरूसँग हामी छलफलको क्रममा छौं । जस्तै हामीले धादिङको नेत्रहिन संघसँग मिलेर एक महिना अगाडि मात्रै अपांगता भएका अथवा विशेष क्षमता भएका व्यक्तिहरूलाई मौरी पालन तालिम दिएर मौरीको घार पनि हस्तान्तरण गरियो । अब नेत्रहीन संघले नै त्यसरी नै फरक क्षमता भएका जुन नेत्रहीन व्यक्तिहरूलाई सहभागी गराएर बाटेको धुप बनाउने तालिम पनि अब चलाउँदै छ । यसरी नै उहाँहरूको आवश्यकताको आधारमा र स्थानीय जनताहरूको सक्रिएताको आधारमा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू पनि चलिरहेकै छन् ।

**पछिल्लो समय स्थानीय तहका गतिविधिमा नागरिक सहभागिता घट्दै गएको, अपनत्व र संरक्षणमा चासो नदेखिनु एउटा**



**बेनिघाटमा विकासका सम्भावना प्रशस्तै छन्, र यसको सबैभन्दा सकारात्मक पक्ष भनेको जनता, राजनीतिक दल, जनप्रतिनिधि र कर्मचारीबीचको बलियो समन्वय हो ।**

**समस्या छ भनिन्छ भने अर्कोतिर उपभोक्ता समितिमा पनि बिचौलिया हावी हुँदै गइरहेको भन्ने कुराले स्थानीय तहको विकासमा कस्तो खालको बाधा पारिरहेको अनुभूति गरिरहनुभएको छ ?**

अलिकति ठूलो बजेट हुने ठाउँमा त्यस्तो होला । हामीकहाँ चाहिँ त्यस्तो देखिएको छ । त्यसमा हामी एकदमै सजग छौं । उपभोक्ता समितिमा बिचौलिया हाबी हुने कुरा स्थानीय तहमा सुनिएको पनि हो । तर हामीले चाहिँ त्यस्तो महसुस गर्नुपरेको छैन । त्यो विषयमा हामी सजग पनि छौं ।

**जनप्रतिनिधिहरूले पनि विकासका नाममा विशेषगरी छिटो परिणाम देखिने पूर्वाधार निर्माणमा बढी जोड दिनु त्यसबाहेक मानव विकास र क्षमता अभिवृद्धिका कार्यक्रमहरूलाई पनि सँगसँगै नसमेट्नुले कतै विकासका गतिविधि प्रभावकारी हुन नसकेका हुन् कि जस्तो लाग्दैन तपाईँलाई ?**

मानव विकासको हिसाबबाट हाम्रो धादिङको जुन बेनीघाट रोराङ गाउँपालिकामा लगभग ५२ प्रतिशत चेपाङ समुदायको बाहुल्यता छ । हिजोको चेपाङ समुदाय भनेको अलिकति पिछडिएको वर्ग नै थियो । किनभने हिजो सहरबाट मान्छेहरू गाउँ पस्दाखेरी चेपाङहरू जंगल पस्थे भन्ने पनि छ । यिनीहरू आए अब हामीलाई के काम लगाउँछन् भन्ने त्यो अवस्थाबाट चेपाङहरू अहिले अलिकति माथि उठेको अवस्था छ । उहाँहरू पनि विकास निर्माणको साझेदार बन्न खोज्नु भएको छ । अनि उहाँहरू पनि शिक्षा स्वास्थ्य आवश्यक रहेछ भन्ने विषयमा लाग्नु भएको छ । जस्तै हामीले एउटा अनुकरणीय कामचाहिँ बेनीघाट रोराङमा उहाँहरूलाई लक्षित गरेर एक वडा एक आवासीय विद्यालय संचालन गरेका छौं । बालबच्चाहरूलाई हामीले त्यहीँ ल्याएर खानपिन गराउने त्यहीँ पढाउने, त्यहीँ सुताउने विद्यालयमै त्यो कार्यक्रम पनि यहाँ चलेको छ । त्यस्तै जो बालबच्चाहरू अत्यन्तै कुपोषणबाट पिडित छन् त्यस्ता बालबच्चाहरूलाई पनि हामीले पोषण सुधार गृह स्थापना गरेर त्यहाँबाट त्यो बच्चाको स्वास्थ्य स्थितिमा पुरै सुधार भइसकेपछि हामीले पुनर्स्थापना पनि गरेको अवस्था छ । त्यसकारणले गर्दाखेरी मानव विकासको सूचकको हिसाबबाट त हामी पछाडि नै छौं । अरू पालिकासँग हामीले त्यति सजिलै तुलना गर्न सक्ने स्थिति पनि छैन । यो त समयको क्रमसँगै विस्तारै परिवर्तन हुँदै जाने हो । त्यही पनि हाम्रा जनप्रतिनिधिहरूचाहिँ कम्तिमा एउटा पुस्ताचाहिँ म शिक्षाको हिसाबबाट स्वास्थ्यको हिसाबबाट परिवर्तन गर्छु भनेर हरदिन लागिरहनुभएको छ ।

**स्थानीय तहहरूमा वर्षेनी बेरूजु र आर्थिक पारदर्शिताका सवालमा ओभरसाइट एजेन्सीहरूले प्रश्न उठाइरहँदा सामाजिक जवाफदेहिताको लागि प्रशासनिक तहबाट कत्तिको सजगता अपनाउने गर्नुभएको छ नि ?**

हाम्रो त एक आर्थिक वर्षमा शून्य बेरूजु भएको अवस्था पनि हो । विगतका आर्थिक वर्षमा महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण हुँदा बेरूजु शून्य पनि भएको र अहिले पनि हाम्रो बेरूजु शून्यउन्मुख तर्फ नै छ ।

**गाउँपालिकाले योजना बैंकमार्फत विकासका कार्यक्रमहरू कार्यान्वयनमा कत्तिको जोड दिएको छ नि ?**

हामीले योजना बैंकको अवधारणा अपनाएर कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरेका छौं । योजना बैंकमार्फत त्यहाँका स्थानीय नागरिक र जनप्रतिनिधिहरू, वडाका टोलबासीहरू सबैको सहभागितामा नै योजनाको छनौट गर्ने काम गर्दै आएका छौं ।

**समृद्ध पालिका र सवल नागरिकको लक्ष्य पूरा गर्न पालिकाले अबका वर्षमा कस्ता विषय वस्तुलाई समेट्नु पर्ने देख्नुहुन्छ ?**

हाम्रो हकमा अब त्यो आ–आफ्नो हुन्छ । अब प्राथमिकता र मेरो जिम्मेवारी बेनीघाट रोराङ भइसकेपछि बेनीघाट रोराङमा सबैभन्दा पहिला त हामीले त्रिपक्षीय हिसाबबाट सँगै जानुपर्छ । मानवीय सूचकाङ्कहरू पनि वृद्धि गर्दै जाने पनि चुनौति छ । किनभने यहाँ त अहिले पनि घरमै सुत्केरी गराउने परम्परा छ । यद्यपी त्यो कुरालाई चाहिँ हामीले लगभग शून्य अवस्थामा झारिसकेका छौं । अहिले घरमा कोही पनि दिदीबहिनी सुत्केरी हुने अवस्था छैन । हामीले अस्पताल अथवा स्वास्थ्य चौकीसम्म लगेर सुत्केरी गराउने व्यवस्था गरिसकेका छौं । अर्को कुरा पोषणमा हाम्रा बालबच्चाहरू अझै पनि पछाडि परेको अवस्था छ । पोषण सुधारका लागि हामीले पोषण सुधार केन्द्र स्थापना गरेर त्यस्तो आवश्यक बालबालिकाहरूलाई ल्याएर पोषण सुधारका कार्यक्रमहरूमा उहाँहरूलाई संलग्नता गराएर पुनर्स्थापित गर्ने कार्यक्रम पनि हामीले गरेका छौं । त्यस्तै शिक्षा क्षेत्रमा हामी आवासीय विद्यालय संचालन गरेर एक वडा एक आवासीय विद्यालयको स्वीकृति दिएर जो बच्चालाई विद्यालय आउन कठिन हुन्छ जो बच्चालाई सन्तुलित आहार खान कठिन हुन्छ त्यस्ता बच्चाहरूलाई निःशुल्क अनिवार्यरूपमा छात्राबासमा राखेर उनीहरूको शिक्षालाई, स्वास्थ्यलाई ख्याल गर्दै शिक्षित बनाउने अभियान हाम्रा जनप्रतिनिधिहरूको छ ।

त्यस्तैगरी पूर्वाधारको विषयमा पनि पानीको विषयमा पनि हामीले एक घर एक धारा वितरणको अभियानलाई प्राथमिकताका साथ अगाडि बढाएका छौं । हाम्रो आफ्नै खानेपानी बोर्ड पनि छ त्यो बोर्डमा पनि पालिकाको ठूलै स्रोत परिचालन भएको छ । खानेपानीको समस्यालाई पनि हामीले न्यूनिकरण गरिरहेको अवस्था छ भने पूर्वाधारको विषयमा पनि हामीले उच्च प्राथमिकताका साथ अगाडि बढेका छौं किनभने हाम्रो भूगोलचाहिँ हेर्दाखेरी मात्र हाई–वे हो । तर हाम्रो अधिकांश भूगोल माथि पहाड नै हो । त्यसकारणले गर्दाखेरी पूर्वाधारमा थोरै रकमले पनि पुग्दैन । तैपनि कति सकिन्छ त्यसमा सीमित स्रोतलाई अधिकतम् परिचालन गर्दै विकासका गतिविधि अगाडि बढाउने हाम्रो प्राथमिकता छ । हाम्रा जनप्रतिनिधिहरूको ध्येय र उद्देश्य पनि त्यही छ ।

# सङ्घीयता र मध्यमकालीन खर्च संरचनाः अवस्था, आवश्यकता र आगामी कार्यदिशा

**संघीय शासन प्रणालीमा राष्ट्रिय विकास लक्ष्य हासिल गर्न तीनै तहका सरकारबीच स्पष्ट कार्यविभाजनसहित नीति, योजना र बजेटमा प्रभावकारी समन्वय तथा तहगत एकरूपता अपरिहार्य भएको छ ।**

नवीन अधिकारी

**संघ, प्रदेश र स्थानीय तहबीच दीर्घकालीन साझा विकास लक्ष्य स्पष्ट गर्दै बजेट र योजनामा प्रभावकारी समन्वय भएमा राष्ट्रिय प्राथमिकता र स्थानीय आवश्यकताबीच सन्तुलन कायम गर्न सकिन्छ ।**

## १. पृष्ठभूमि

सीमित स्रोत-साधनको प्रभावकारी वित्तीय व्यवस्थापनका लागि तिनको विवेकपूर्ण, परिणाममुखी र प्राथमिकताका आधारमा उपयोग अनिवार्य हुन्छ । यस सन्दर्भमा सरकारले दीर्घकालीन विकास लक्ष्य, आवधिक योजना तथा क्षेत्रगत नीति र रणनीतिहरु तर्जुमा गर्दछ । निर्दिष्ट लक्ष्यहरु हासिल गर्न वार्षिक बजेट र आवधिक योजनाबिच समन्वय अपरिहार्य हुन्छ ।

यसै सन्दर्भमा, मध्यमकालीन खर्च संरचना वार्षिक बजेट र आवधिक योजनाबिचको समन्वय कायम गर्ने प्रमुख उपकरण रहिआएको छ । यसले सरकारका बजेट तथा कार्यक्रमहरूलाई दीर्घकालीन लक्ष्य, नीति तथा योजनाअनुरूप समन्वय गर्न सहयोग पुर्‍याउँछ । यसमा आगामी आर्थिक वर्षको बजेटसहित त्यसपछिका दुई वर्षका सम्भावित आयव्यय, प्रमुख कार्यक्रमहरु र अपेक्षित नतिजाहरूको समग्र रूपरेखा समावेश हुन्छ । यही कारणले यसलाई 'चक्रिय बजेट' पनि भनिन्छ ।

सैद्धान्तिक रूपमा, मध्यमकालीन खर्च संरचनाको औचित्य सार्वजनिक वित्त व्यवस्थापनका तीन प्रमुख स्तम्भहरूमा आधारित हुन्छ वित्तीय अनुशासन, रणनीतिक स्रोत विनियोजन र कार्यक्रमको प्रभावकारिता । वित्तीय अनुशासनले सरकारको खर्चलाई राजस्वको यथार्थपरक अनुमानसँग सन्तुलनमा राख्दै दीर्घकालीन स्थायित्व सुनिश्चित गर्छ । रणनीतिक स्रोत विनियोजनले सीमित स्रोतहरूलाई राष्ट्रिय प्राथमिकता र नीतिअनुरूप लक्षित गरी अधिकतम् प्रभावकारिता हासिल गर्न मद्दत पुर्‍याउँछ । अन्ततः कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्न नतिजामुखी योजना, कार्यान्वयन क्षमताको मूल्याङ्कन र सार्वजनिक सेवाको गुणस्तर सुधारमा जोड दिइन्छ । विश्व बैंक (२०२३) अनुसार सीमित स्रोत र बढ्दो सेवा मागबिचको असन्तुलनले वार्षिक बजेटिङ अभ्यासलाई प्राथमिकता दिँदै दीर्घकालीन योजना निर्माणमा अवरोध पुर्‍याउने चुनौती देखिन्छ । यस्तो सन्दर्भमा एमटिइएफले बहुवर्षीय दृष्टिकोणबाट बजेट निर्माणलाई रणनीतिक बनाउँदै दीर्घकालीन नीति तथा विकास लक्ष्यसँग जोड्न मद्दत गर्छ । यसले सरकारलाई क्षेत्रगत खर्च, जनसाङ्ख्यिकीय परिवर्तन र आर्थिक उतारचढावलाई सम्बोधन गर्दै वित्तीय दीर्घकालीन स्थायित्व सुनिश्चित गर्न सक्षम बनाउँछ । साथै, पूर्वानुमान, क्षेत्रगत सहभागिता र लक्ष्यहरु समावेश गरी स्रोतको प्रभावकारी र न्यायोचित प्रयोगलाई सुदृढ बनाउने माध्यमको रूपमा कार्य गर्छ । यसले नीति प्राथमिकताहरूलाई समयसापेक्ष रूपमा कार्यान्वयन गर्न सहयोग पुर्‍याउँछ ।

नेपाल जस्ता आवधिक योजना निर्माण गरी विकासका लक्ष्यहरु निर्धारण गर्ने तथा सो लक्ष्य प्राप्तिका लागि स्रोत विनियोजन गर्ने प्रणाली अङ्गीकार गरेका मुलुकहरूमा मध्यमकालीन खर्च संरचनाको महत्व अझ बढी रहन्छ । बजेट निर्माण प्रक्रियामा आवधिक योजनाका लक्ष्यहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न उपलब्ध स्रोतहरूको यथोचित मूल्याङ्कन अनिवार्य हुन्छ । आर्थिक प्रणालीमा समय समयमा देखिने उतारचढाव जस्तै आर्थिक वृद्धिदरमा गिरावट राजस्व संलनमा कमी वा बाह्य सहायता प्रवाहमा अस्थिरता आदिले बजेटको आय पक्षमा प्रत्यक्ष असर पार्न सक्छ । यस्ता परिवर्तित परिदृश्यमा योजनाका लक्ष्यहरूलाई यथार्थपरक ढंगले पुनःसमायोजन गरी कार्यान्वयन रणनीति परिमार्जन गर्नुपर्छ । यसबाट स्रोतको सीमितताबिच पनि नीति उद्देश्यहरु प्राप्त गर्न सकिने सम्भावना रहन्छ । यस प्रकारको लचिलो र परिणाममुखी दृष्टिकोणले बजेट प्रणालीलाई यथार्थपरक बनाउने र सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने दिशामा महत्वपूर्ण योगदान पुर्‍याउँछ ।

मध्यमकालीन खर्च संरचनाको प्रभावकारितासम्बन्धी विभिन्न अध्ययनहरूले यस प्रणालीले सार्वजनिक वित्त व्यवस्थापनमा उल्लेखनीय सुधार ल्याएको देखाएका छन् । विशेष गरी अफ्रिकी, दक्षिण एसियाली तथा ल्याटिन अमेरिकी देशहरूमा गरिएको मूल्याङ्कनहरूले सार्वजनिक खर्च व्यवस्थापन र वित्तीय अनुशासन कायम राख्न सकारात्मक प्रभाव परेको देखाएका छन् । विश्व बैंकको २०१३ को प्रतिवेदनअनुसार, मध्यमकालीन खर्च संरचनाले मुख्यतया तीनवटा पक्षमा प्रभाव पार्ने देखिएको छ । पहिलो, यस प्रकारका उपकरणहरूले वित्तीय अनुशासन मजबुत बनाउन र सार्वजनिक स्रोतहरूको रणनीतिक उपयोग

बढाउन स्पष्ट योगदान पुऱ्याउँछन् । दोस्रो, यी उपकरणहरूले राजनीतिक रूपमा बजेट निर्माण प्रक्रियालाई पारदर्शी बनाउन मद्दत गर्छन् । तेस्रो, आयोजना योजना छनोट, कार्यान्वयन तालिका, पूर्वतयारी मूल्याङ्कन, निगरानी तथा मूल्याङ्कन जस्ता क्षेत्रहरु संस्थागत हुँदै जान्छन् ।

यद्यपि, यसको सफल प्रयोगमा विभिन्न चुनौतीहरु रहेका छन् । यस्ता उपकरणहरूको उपयोगिता र उपादेयता राजनीतिक रूपमा आत्मसात नगरेसम्म यसको प्रभावकारिता सीमित रहन्छ । खासगरी, योजना छनोट, स्रोत विनियोजन तथा दीर्घकालीन योजना बजेट समन्वयका प्रक्रिया राजनीतिक रूपमा मात्र गरिएमा यसको प्रभावकारिता कम हुन्छ । साथै, तथ्याª\S संकलन प्रणालीको अपर्याप्तता, पूर्वानुमान विधिको अभाव र प्राविधिक जनशक्तिको कमी जस्ता संस्थागत क्षमताका कमजोरीहरूले यसको प्राविधिक पक्षलाई कमजोर बनाउँछन् । यसै सिलसिलामा, प्रस्तुत लेखमा संघीयतामा मध्यमकालीन खर्च संरचनाको अभ्यास, आवश्यकताहरु तथा आगामी कार्यदिशाका बारेमा चर्चा प्रस्तुत गरिएको छ ।

## २. नेपालमा मध्यमकालीन खर्च संरचनाको अभ्यास

नेपालमा मध्यमकालीन खर्च संरचनाको अभ्यास सार्वजनिक वित्त व्यवस्थापन सुधारको एक महत्वपूर्ण प्रयासको रूपमा स्थापित भएको हो । तत्कालीन समयमा आवधिक योजना र वार्षिक कार्ययोजनाबिचको तालमेल नहुने, आवश्यक बजेटमा न्यून रकम विनियोजन, सालबसाली रूपमा प्रतिफल नदिएका योजनामा समेत बजेट विनियोजन हुने, बजेटको सुनिश्चितता नहुने जस्ता समस्याहरु विद्यमान थिए । यसै सिलसिलामा, सार्वजनिक खर्च पुनरावलोकन आयोग २०५७ ले मध्यमकालीन खर्च संरचनाको अंगिकार गर्नुपर्ने सुझाब पेस गरेको थियो । तद्अनुरूप, यसको सुरूआत आर्थिक वर्ष २०५९/६० मा दशौं योजना प्रारम्भ हुँदा गरिएको थियो । यसै समयदेखि नेपालले बजेट प्रणालीलाई रणनीतिक, नतिजामुखी र दीर्घकालीन दृष्टिकोणमा रूपान्तरण गर्ने प्रयास थालेको देखिन्छ । प्रारम्भिक चरणमा यस संरचनालाई शिक्षा, स्वास्थ्य, कृषि, सिंचाइ, ऊर्जा, सडक तथा जलस्रोत जस्ता सीमित र उच्च प्राथमिकता प्राप्त क्षेत्रहरूमा पाइलटरूपमा लागू गरिएको थियो, जसले नीति र कार्यक्रमबिचको समन्वय परीक्षण गर्ने अवसर प्रदान गर्‍यो ।

त्यसपछि आर्थिक वर्ष २०६२/६३ देखि २०६५/६६ सम्मको अवधिमा यस अभ्यासलाई क्रमशः सबै मन्त्रालयहरूमा विस्तार गरियो । यसले वार्षिक बजेट निर्माण प्रक्रियासँग मध्यमकालीन योजना र खर्च संरचनालाई समायोजन गर्ने आधार तयार गर्‍यो । आर्थिक वर्ष २०६६/६७ देखि भने यसलाई औपचारिक रूपमा संस्थागत गर्दै अर्थ मन्त्रालयले जारी गर्ने बजेट निर्देशिकामा समावेश गरियो । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले मध्यमकालीन खर्च संरचनालाई कानुनी मान्यता दिएको थियो । त्यसपछि यसलाई निरन्तर र संस्थागत रूपमा आत्मसात गर्न थालिएको हो । तत्पश्चात, मध्यमकालीन खर्च संरचना स्रोतसाधनको यथोचित वितरण, नीतिअनुरूप कार्यक्रम छनोट, बजेट सीमा निर्धारण र कार्यक्रम प्राथमिकता निर्धारणमा उपयोगी उपकरणको रूपमा प्रयोग हुँदै आएको छ । संघीयता लागु भएपछि प्रदेश र स्थानीय सरकारहरूले पनि आफ्ना बजेट निर्माण प्रक्रियामा अपनाउन थालेका छन् ।


# तेमाल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**पोखरी नारायणस्थान, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल**

## जनस्वास्थ्य सम्बन्धी सन्देशमुलक सूचना

- प्रत्येक ६/६ महिनामा नियमित स्वास्थ्य परीक्षण गरौं ।
- स्वास्थ्य परीक्षणलाई नियमित तथा स्वास्थ्य सेवा लिन राष्ट्रिय बीमा कार्यक्रममा आवद्ध होऔं ।
- गर्भा अवस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं र स्वास्थ्य संस्थामा नै सुरक्षित प्रसुती सेवा लिऔं ।
- नियमित पोषिलो खानेकुरा खाऔं ।
- सुत्केरी तथा गर्भवती महिला, किशोर-किशोरी तथा बालबालिकाको पोषण अवस्थामा विशेष ध्यान दिऔं ।
- बच्चा जन्मने बित्तिकै बिगौती दुध जतिसक्दो चाँडो खुवाऔं साथै ६ महिनासम्म आमाको मात्र दुध खुवाऔं ।
- बच्चा जन्मेपछि पनि सुत्केरी जाँच कम्तीमा ४ पटक स्वास्थ्य संस्था गएर गराऔं ।
- आफ्ना बालबालिकालाई राष्ट्रिय तालिका अनुसार स्वास्थ्य संस्थामा गई पूर्ण खोप लगाऔं ।
- नसर्ने रोगको प्रकोप नियमित बढिरहेको हुँदा नियमित खानपानमा ध्यान दिनुका साथै नियमित शारीरिक व्यायाम तथा कसरत गरौं ।
- डाक्टर तथा स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधीको प्रयोग नगरौं ।

## ३. नेपालमा मध्यमकालीन खर्च संरचनाको कानुनी प्रावधान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ अनुसार, राष्ट्रिय योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा आगामी तीन वर्षको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नु पर्नेछ । यस प्रयोजनका लागि प्रत्येक मन्त्रालयले आफ्नो आवधिक योजना, क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहित एमटिइएफ तयार गरी राष्ट्रिय योजना आयोग र संघीय अर्थ मन्त्रालयमा पेस गर्नुपर्नेछ । एमटिइएफ खाका तयार गर्दा राष्ट्रिय योजना आयोगले समष्टिगत वित्त खाका, बजेट र कार्यक्रमको खाका, अपेक्षित नतिजाको खाका, प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रति एकाइ लागत, कार्यान्वयन अवधि र अपेक्षित प्रतिफलसहित प्राथमिकता निर्धारणको विवरण समावेश गर्नु पर्नेछ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११ अनुसार, राष्ट्रिय योजना आयोगले एमटिइएफ तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी वित्त, बजेट र नतिजा खाका समावेश गरी माघ मसान्तसम्म तयार गर्नु पर्नेछ । सबै केन्द्रीय निकायहरूले आयोगबाट उपलब्ध खाकाको आधारमा आयोजना/कार्यक्रमको क्रियाकलाप, प्रति एकाई लागत, कार्यान्वयन अवधि र अपेक्षित प्रतिफल, तीन वर्षको वार्षिक आयोजना/कार्यक्रमगत अनुमान, गत आर्थिक वर्षको यथार्थ खर्च र चालु वर्षको विनियोजनसहितको बजेट खाका, साथै तीन वर्षमा अपेक्षित प्रतिफल, असर र प्रभावसहितको नतिजा खाका तयार गरी फागुन मसान्तसम्म राष्ट्रिय योजना आयोग र संघीय अर्थ मन्त्रालयमा पठाउनुपर्नेछ । तयार गरिएको एमटिइएफ विवरण सम्बन्धित केन्द्रीय निकायले मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ ।

प्रदेशस्तरमा मध्यमकालीन खर्च सरचना तयारीका लागि प्रदेश योजना आयोगले आर्थिक मामिला मन्त्रालयसँग समन्वय गरी आवधिक योजनाको आधारमा आगामी तीन वर्षको खाका तयार गर्नु पर्नेछ । प्रत्येक मन्त्रालयले आफ्नो क्षेत्रगत नीति र आवधिक योजनालाई आधार मानी तीन वर्षसम्मको खर्च प्रक्षेपणसहित मन्त्रालयगत संरचना तयार गरी आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्छ ।

यसरी संकलित विवरणको आधारमा आयोगले समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रम, नतिजा, आयोजना/कार्यक्रमगत गतिविधि लागत अनुमान, संचालन अवधि र अपेक्षित प्रतिफल समावेश गरी आयोजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारणसहित प्रदेशस्तरीय मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्छ । हाल प्रदेशमा आर्थिक उत्तरदायित्व तथा वित्त व्यवस्थापन ऐन पारित भएपछि यसको कानुनी र संस्थागत आधार निर्माण भएको छ । यसअघि मध्यमकालीन खर्च संरचना आर्थिक मामिला तथा योजना मन्त्रालयअन्तर्गत निर्माण भइरहेकोमा उक्त ऐन लागू भएपछि प्रदेश योजना आयोगले आर्थिक मामिला मन्त्रालयसँग समन्वय गर्दै मध्यमकालीन खर्च संरचना निर्माण गर्ने जिम्मेवारी पाएको छ । यसबाट संघ र प्रदेश दुवै तहमा यो संरचना क्रमशः संस्थागत हुँदै गएको छ ।

## ४. संघीयतामा मध्यमकालीन खर्च संरचनाको आवश्यकता

संघीय शासन प्रणालीअन्तर्गत तीनै तहका सरकारहरूबिच नीति, योजना र बजेट निर्माणमा समन्वयको आवश्यकता आजको दिनमा झनै बढेको छ । राष्ट्रिय विकास लक्ष्यहरु प्राप्त गर्न यी तहहरूबिच स्पष्ट कार्यविभाजन, स्रोतको साझेदारी र रणनीतिक समन्वय अपरिहार्य भएको छ । संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमा संरचना त बनाइएको छ, तर कार्यान्वयनमा अझै पनि समन्वयको कमीले नीति र बजेटबिचको दूरी बढाएको छ । यसबाट समष्टिगत र राष्ट्रिय साझा लक्ष्यहरु प्राप्त गर्न अझ बढी समन्वय तथा नीति र बजेटबिचको तहगत एकरूपताको आवश्यकता रहेको छ ।

प्रदेश र स्थानीय सरकारहरूको मुख्य वित्तीय स्रोत अझै पनि संघीय अनुदानमै निर्भर रहँदै आएको छ । आन्तरिक राजस्व संलनको क्षमता कमजोर भएकाले आफ्नै स्रोतबाट बजेट संचालन गर्न सक्ने अवस्था छैन । यस्तो परिस्थितिमा, विशेषतः प्रदेश र स्थानीय सरकारहरूले आफ्नो आय र खर्चको पूर्वानुमानलाई यथार्थपरक र अनुमानयोग्य बनाउने आवश्यकता झनै बढेको छ । संघीय तहमा अनुमान गरिने राजस्व, राजस्व बाँडफाँट, अनुदान आदिको पूर्वानुमान उपलब्ध भएपछि मात्र प्रदेश र स्थानीय सरकारहरूको आय-प्राप्तिको अनुमान अझ बढी विश्वसनीय बन्न सक्छ ।

प्रदेश र स्थानीय तहमा बजेट विनियोजनको प्रक्रिया सैद्धान्तिक आधारमा पूर्णरूपमा स्थापित भइसकेको छैन । बजेट निर्माणमा देखिने योजनाहरु प्रायः साना साना रहेका छन् र बजेटका अंगहरूसमेत यथार्थपरक नहुने उदाहरणहरु देखिएका छन् । यस्तो सन्दर्भमा बजेट निर्माणलाई वित्तीय अनुशासनको पालना गर्दै, योजनाको उद्देश्यअनुरूप स्रोत विनियोजन गर्ने दिशामा लैजानु अत्यन्त आवश्यक छ । यसका लागि मध्यमकालीन खर्च संरचनाको प्रयोगले नीति, योजना र बजेटबिचको दूरी घटाउने मात्र होइन, सार्वजनिक वित्त व्यवस्थापनलाई परिणाममुखी र उत्तरदायी बनाउने दिशामा महत्वपूर्ण योगदान पुर्‍याउने देखिन्छ ।

विशेष गरी प्रदेशस्तरमा मध्यमकालीन खर्च संरचना मन्त्रालयहरूमा पूर्णरूपमा आत्मसात र आन्तरिकीकरण भइसकेको अवस्था छैन । यसकै कारण मन्त्रालयस्तरमा कार्यक्रम छनोट र बजेट विनियोजनको अभ्यास अझै पनि जजमेन्टल आधारमा हुँदै आएको देखिन्छ । फलस्वरूप साना साना तर धेरै कार्यक्रमहरु प्रदेश तहमा प्रशस्त भएका उदाहरणहरु पाइन्छन् । यस प्रवृत्तिलाई रोक्ने र सुधार गर्ने आशा मध्यमकालीन खर्च संरचनालाई मन्त्रालयस्तरमा आत्मसात गर्दै बजेट तथा कार्यक्रम व्यवस्थापनलाई व्यवस्थित गर्ने अभ्यासबाट गर्न सकिन्छ ।

नेपालका प्रदेश सरकारहरूमा बजेट निर्माण प्रक्रिया अझै वार्षिक, अल्पकालीन र ऐतिहासिक खर्च समन्वयको कमीले कार्यान्वयनमा चुनौती सिर्जना गरिरहेको छ । यससँग सम्बन्धित तथ्य र तथ्याङ्कहरु प्रवृत्तिमा आधारित छ । प्रदेश तहमा प्राविधिक दक्षता, राजनीतिक प्रतिबद्धता र अन्तरसरकारी एकीकृतरूपमा उपलब्ध हुन सकेको अवस्था छैन । मध्यमकालीन खर्च संरचनाले यस प्रसंगमा एक प्रभावकारी माध्यम बन्न सक्ने आधार देखाउँछ ।

## ५. सुधार गर्नुपर्ने पक्षहरू र आगामी कार्यदिशा

**समन्वयः** तीनै तहका सरकार (संघ, प्रदेश र स्थानीय तह) बाट बजेट निर्माण हुने भएकाले राष्ट्रियस्तरमा संस्थागत, साझा र सामुहिक लक्ष्यहरु जस्तै दिगो विकास लक्ष्य प्राप्तिमा अझ बढी समन्वय र तालमेल आवश्यक हुन्छ । वर्तमानमा, संघ, प्रदेश र स्थानीय तहबिच मुख्यरूपमा वार्षिक योजना

र बजेटमार्फत मात्र तालमेल हुने भएकाले दीर्घकालीन रणनीति र बजेटसम्बन्धी समन्वय पर्याप्तरूपमा सुनिश्चित भएको छैन । प्रदेश र स्थानीय तहले निर्माण गर्ने योजनामा साझा विकास लक्ष्यहरूको स्पष्ट उल्लेख गरेर आ–आफ्ना क्षेत्रहरूमा हुने बजेट विनियोजनलाई देखाउन सकिन्छ । यसरी समन्वयले राष्ट्रिय प्राथमिकता र स्थानीय आवश्यकताबिच सन्तुलन कायम राख्न मद्दत गर्दछ ।

**समयसीमा** : हाल मध्यमकालीन खर्च संरचना निर्माण भइरहे पनि यसको प्रभावकारी प्रयोगमा केही चुनौतीहरु कायम छन् । यस खर्च संरचनाले बजेट निर्माण प्रक्रियालाई मार्गदर्शन गर्नुपर्छ, तर बजेटका आँकडा उपलब्ध भएपछि त्यसअनुसार खर्च संरचना अपडेट गर्ने प्रवृत्ति बढ्दो छ । स्रोत अनुमान समितिले प्रस्तुत गर्ने आँकडा समयमै सार्वजनिक नहुँदा र विधि प्रयोग पर्याप्त पारदर्शी नहुँदा कार्यान्वयनमा समस्या देखिन्छ । त्यसैले कानुनमा व्यवस्था गरेअनुरूप तोकिएको समयमा खर्च संरचना तयार गरी सार्वजनिक गर्नु आवश्यक छ । यसले बजेटको सीमानिर्धारण, समयमै बजेट विनियोजन र योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न मद्दत गर्छ ।

**संस्थागत विकास** : संघीयता लागु भएपछि, तीनै तहका सरकार (संघ, प्रदेश, स्थानीय) बाट बजेट निर्माण र कार्यान्वयन हुने भएकाले राष्ट्रियस्तरमा संस्थागत विकास आवश्यक भएको छ । संयुक्त तहमा यस खर्च संरचनाको लामो अभ्यास र अनुभव भए पनि प्रदेश र स्थानीय तहमा यो पूर्णरूपमा संस्थागत हुन सकेको छैन । विशेष गरी लाइन मन्त्रालयहरूले यसलाई पूर्णरूपले आन्तरिकीकरण गर्न सकेका छैनन् । यसका लागि प्रदेश योजना आयोग र आर्थिक मामिला मन्त्रालयहरूको अगुवाइमा तालिम, क्षमता विकास, रिपोर्टिङ फर्म्याट, तथ्याङ्क संकलन जस्ता उपायहरु आवश्यक छन् ।

सामूहिक जिम्मेवारी : यस खर्च संरचना केवल आर्थिक मामिला मन्त्रालय वा योजना आयोगको दस्तावेजको रूपमा नहेरी सबै सरोकारवालाहरूको व्यापक सामूहिक जिम्मेवारी र प्रतिबद्धता आवश्यक छ । यसको महत्वलाई राजनैतिक नेतृत्व सामु स्पष्ट पार्नु जरूरी छ । विशेष गरी मन्त्रीहरु, कानुन निर्माता वर्ग तथा अन्य उच्च प्रशासनिक पदाधिकारीहरूले यसको सैद्धान्तिक पक्ष र सफल अभ्यासहरु बुझ्नुपर्ने देखिन्छ । यसरी सामूहिक जिम्मेवारी र सक्रिय सहभागिताले मात्र तीनै तहका सरकारमा बजेट प्रक्रिया, वित्तीय व्यवस्थापन, योजना कार्यान्वयन र अनुगमनमा दिगो सुधार ल्याउन सक्छ ।

समीक्षा : वर्तमान संघीय संरचनामा बजेट निर्माण र कार्यान्वयन प्रक्रिया प्रभावकारी बनाउन समयमै समीक्षा गर्नु अत्यावश्यक हुन जान्छ । समीक्षामार्फत योजना र कार्यक्रमको प्रभावकारिता, लक्षित परिणाम र स्रोतको उपयोग मुल्याङ्कन गर्न सकिन्छ । यसका लागि संघ, प्रदेश र स्थानीय तहले वार्षिकरूपमा आफ्नो योजनाको समीक्षा गरी उपलब्धि र कमजोरी पहिचान गर्नुपर्छ भने मध्यकालीन खर्च संरचनाअनुसार तयार गरिएको योजनाको कार्यान्वयन प्रभावकारी छ कि छैन भनी प्रत्येक दुई/तीन वर्षमा मध्यमकालीन समीक्षा गरिनुपर्छ । समीक्षा प्रक्रिया तथ्याङ्क, रिपोर्ट, सर्वेक्षण र सहभागीहरूको प्रतिक्रिया आधारित हुनुपर्छ र नतिजा सार्वजनिक गरेर नीति निर्माण, बजेट समायोजन र सुधारात्मक कदमका लागि प्रयोग गर्नुपर्छ । ■

**– उपप्राध्यापक, अर्थशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय**

**"सफा र सभ्य चन्द्रपुर, हाम्रो चन्द्रपुर राम्रो चन्द्रपुर"**

- **आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।**
- **हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।**
- **नगरपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।**
- **जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।**
- **जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।**
- **आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।**
- **नगरपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।**
- **नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।**
- **आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।**

**चन्द्रपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चन्द्रपुर, रौतहट, मधेश प्रदेश, नेपाल**

# जलवायु परिवर्तनबाट आर्थिक तथा सामाजिक क्षेत्रमा प्रभाव – समस्या समाधानका उपाय

**जलवायु परिवर्तन विश्वव्यापी समस्या भए पनि औद्योगिक राष्ट्रहरूको अति–दोहनको असर गरिब तथा दक्षिण एशियाली मुलुकहरूमा असमानरूपमा परेकाले तिनले विशेष संवेदनशीलता र सजगताका साथ सामना गर्नुपर्ने अवस्था आएको छ ।**



गम्भीरबहादुर हाडा

**नेपालमा बढ्दो विश्व तापमानका कारण हिमतालको आकार र जोखिम बढ्दै, हिउँ–बरफको क्षेत्र घट्दै गएको देखिएकाले यसले जलस्रोत, अर्थतन्त्र, समाज र जैविक विविधतामा पार्ने प्रभावबारे गहिरो अनुसन्धान आवश्यक भएको छ ।**

**परिचय**

बढ्दो मानव जनसंख्या र उसका बढ्दा आवश्यकतालाई परिपूर्ति गर्ने क्रममा प्राकृतिक स्रोतहरूलाई उपभोग गरी रित्याउने गति पनि तीव्र गतिमा बढेर जाने गरेको देखिन्छ । यसैक्रममा उर्जा शक्तिको बढ्दो उपयोगबाट स्रोतहरूको आफ्नै धान्न सक्ने क्षमतालाई निरन्तररूपमा कमजोर पार्ने प्रक्रियामा सभ्य समाजको भूमिका अझै बढी देखिएको छ । उदाहरणको लागि सन् १९९० मा वायुमण्डलमा फ्याँकिएको कार्बनडाइअक्साइड मध्ये २६ प्रतिशत त केवल क्यानडा र संयुक्त राज्य अमेरिकाले मात्रै फ्याँकेको, पश्चिमी युरोपले १४ प्रतिशत, पूर्वी युरोप र सोभियत संघसमेतले २३ प्रतिशत फ्याँकेको उल्लेख हुनुलाई लिन सकिन्छ । यसै सन्दर्भमा विश्वव्यापीरूपमा वातावरणीय क्षेत्रलाई बिनास गर्ने क्रमसँगै यसका विशेषखालका वातावरणीय चुनौतिहरू मानव समुदायबिच उपस्थित भइसकेको परिवेशमा तीमध्ये केही महत्वपूर्ण चुनौतिहरूलाई हामी यसरी उल्लेख गर्न सक्दछौं ।

जलवायु परिवर्तन विश्वव्यापी समस्या हो र विश्वका बिभिन्न भागमा बस्ने व्यक्तिले असर र सामना विविध किसिमले भोग्नु र गर्नु परेको अहिलेको अवस्था छ । प्राकृतिक स्वरूपमा र अत्यन्तै न्यून गतिमा प्रकृतिले मानिसलाई जलवायु परिवर्तनको असरका रूपमा दण्ड दिइरहेको छ । भौतिक विकासको लालसामा औद्योगिक राष्ट्रहरूले प्राकृतिक नियमलाई खल्बल्याइरहेका छन् । प्राकृतिक वस्तुहरूको तीव्र गतिमा दोहन गर्दै आर्थिक विकासको सिँढी बढिरहेका छन् । जलवायु परिवर्तनको असर निश्चित रूपमा गरिब राष्ट्रहरूमाथि बढी पर्दछ र गरिब राष्ट्रहरूको गल्ती कम तर प्रकृतिले दिएको सजाय वा विनाश बढी भइरहेको अवस्था छ । नेपाललगायतका दक्षिण एशियाली मुलुकहरू जलवायु परिवर्तनप्रति विशेष संवेदनशील हुनुपर्ने अवस्था आइसकेको छ ।

मानिसले लगभग हालसम्म ७० हजारभन्दा बढी खालका रसायनलाई प्रयोगमा ल्याएको छ । विभिन्नरूपमा प्रयोगमा ल्याएर ७० प्रतिशत जति जमिनमा फ्याँक्ने काम गरिन्छ र साथै जमिनमा उर्वरा शक्ति बढाउन प्रयोग गरिएका मलहरूले समेत माटोमा प्रदुषण ल्याउँछ । जमिनबाट १० किलोमिटर हावामा र जमिनभित्र जीवहरूले जीवनयापन गरिराखेका हुन्छन् । विश्वमा १९ वटा औद्योगिक राष्ट्रहरूले प्रतिवर्ष ५० करोड टन हानिकारक रसायन उत्पादन गर्दछ तिनीहरु अन्तमा माटो मै गएर मिसिन्छन् । एसिया र अफ्रिकामा क्रमशः ३८/३८ प्रतिशत जनसंख्या सहरमा बस्दछ । एसिया र अफ्रिकामा सहरीकरणको प्रक्रिया एकदम तीव्र हुने अनुमान छ । सन् २०३० सम्ममा यो वृद्धिको परिणामस्वरूप ५० प्रतिशत जनसंख्या सहरमा हुने छन् । सन् २०३० सम्ममा यूरोप, उत्तर अमेरिका, ल्याटिन अमेरिका र क्यारेवियन क्षेत्रका सहरहरूमा ८३ प्रतिशत जनसंख्या बस्नेछ । सो प्रतिवेदन अनुसार विश्वका २८.५ प्रतिशत मानिस १० लाखभन्दा कमको जुन आवादी भएका साना साना सहरमा बस्दछन् । वैज्ञानिकहरूको अध्ययन अनुसार भूमण्डलीय तापमानमा वर्तमान वृद्धि दर कायमै रहेमा पृथ्वीमा मानवलगायत सम्पूर्ण जीवकै अस्तित्व पर्ने स्थिति देखा परेको छ । मौसम परिवर्तन तथा भूमण्डलीय तापमान वृद्धि जस्ता समस्या र यसबाट मौसम जलवायु तथा वातावरणमा परेका नकारात्मक व्यथाहरूको कारक तत्व हरित गृह ग्याँस भएको प्रमाण वैज्ञानिकहरूले फेला पारेका छन् । अहिले विश्वमा हरित गृह ग्याँसको मात्रा अध्ययन

भइरहेको छ । जलवायु परिवर्तन अध्ययन परियोजनाका अनुसार व्यावसायिक उर्जाको प्रयोगबाट एक हजार तीन सय ३६ गंगोग्राम कार्बनडाइअक्साइड र कृषि उपजबाट ५० गेगाग्राम मिथियन नेपालमा जम्मा भएको छ ।

बाढी पहिरो, हावाहुरी, असिनापानी लगायतका जलवायुजन्य प्राकृतिक प्रकोपजन्य घट्नाहरु विगतको तुलनामा बढ्दै गएका छन् । सन् २०११ मा यस्ता २५५ घटना घटेकोमा सन् २०२१ को जुनसम्म यस्तोको संङ्ख्या १०२५ पुगेको छ । जलवायु परिवर्तन तथा वातावरण संरक्षणका लागि सरकारले नीतिगत, कानुनी, संरचनागत एवं प्रक्रियागत व्यवस्था गर्दै आएको छ । वातावरण संरक्षण ऐन तथा नियमावली, राष्ट्रिय जलवायु परिवर्तन नीति, राष्ट्रिय वातावरण नीति र १५ औं राष्ट्रिय योजनाका साथै पेरिस सम्झौतामा उल्लेखित अन्तर र्राष्ट्रिय प्रतिवद्धताहरु बमोजिम राष्ट्रिय नीति, रणनीति र योजना तर्जुमा गरी कार्यन्वयनमा ल्याइएको छ । साथै राष्ट्रिय हानी र नोक्सानीको ढाँचा, तेस्रो राष्ट्रिय संचार, खुदशून्य हरित गृह ग्याँस उत्सर्जनको लागि दीर्घकालिन रणनीति, राष्ट्रिय निर्धारित योगदानको कार्यन्वयन योजना, राष्ट्रिय अनुकुलन योजना र जलवायु वित्तीय रणनीति तथा कार्ययोजना हाल कार्यन्वयनमा रहेका छन् । जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकुलनका लागि विभिन्न संस्थागत व्यवस्था गरिएको छ । क्षमता विकास तथा जनचेतना अभिवृद्धि गर्न र विभिन्न निकायहरूसँग उचित समन्वय तथा सहकार्य गर्नका लागि संघीयस्तरमा अन्तरमन्त्रालय जलवायु परिवर्तन समन्वय समिति र प्रदेशस्तरमा प्रादेशिक जलवायु परिवर्तन समन्वय समिति स्थापना भएको छ । साथै नौ वटा महत्वूर्ण क्षेत्रहरूमा जलवायु परिवर्तनसम्बन्धी प्राविधिक कार्यहरूको मूल्याङ्कन गर्न, नीति र योजना तर्जुमा गर्न विषयगत कार्य समूहहरु गठन भएका छन् ।

जलवायु परिवर्तनबाट सिर्जित समस्याको समाधान गर्ने क्रममा एसिया तथा अफ्रिकामा सामुहिक अनुकुलन अनुसन्धान प्रयाससम्बन्धी कार्यक्रम संचालन गरिएको छ । एसिया र अफ्रिकामा जलवायु परिवर्तनबाट बढी प्रभावित क्षेत्रहरूमा अनुसन्धान र निति निर्माणमार्फत जलवायु परिवर्तनबाट पर्ने असर गरिब जनताको क्षमता अभिवृद्धिमा सहयोग गर्ने उद्देश्यले एसिया र अफ्रिकाका केही देशहरूमा नमुनाका रूपमा केही सामुहिक अनुकुलन अनुसन्धान सम्बन्धी केही कार्यक्रम संचालन गरिएको छ । गत ७ मार्च २०१४ मा अफ्रिकामा सुरू भएको यो कार्यक्रम ३० अप्रिल २०१४ बाट एसियामा पनि सुरू भएको छ । एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड) को संयोजनमा आयोजित कार्यक्रममा कार्यक्रम कार्यान्वयनका बारेमा बिभिन्न सरकारी एवं गैरसरकारी संस्थाका व्यक्तिहरूले आफ्ना धारणा राखेका थिए । इसिमोडका महानिर्देशक डेभिड मोल्डेनले विश्वका अधिकांश मानिस बसोवास गर्ने एसिया र अफ्रिकी देशहरूमा जलवायु परिवर्तनबाट सिर्जित समस्याले खासगरी गरिब जनता ठुलो संकटको अवस्थामा गुज्रिन बाध्य रहेकोले यस कार्यक्रमले ति जनताको क्षमता अभिवृद्धि गरी जीवनयापनमा सुधार ल्याउने अन्तरक्षेत्रीय एव आपसी ज्ञानको आधारमा निति निर्माण तथा कार्यान्ववयनमा जोड दिएको बताए । क्यारिया-आईडिआरसी कार्यक्रम प्रमुख बेर्नाल्ड काल्टिनले कार्यक्रममा चार वटा मञ्चहरूमर्फत सामुहिकरूपमा संचालन गरिएको र यसले मुख्यतया जलवायु परिवर्तनबाट बढी प्रभावित भएका हट स्पटमा जोड दिए । अन्तर्राष्ट्रिय विकास

---


## बेनीघाट रोराङ गाउँपालिकाको अनुरोध

- **आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।**
- **हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।**
- **गाउँपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।**
- **जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।**
- **जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।**
- **आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।**
- **गाउँपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।**
- **गाउँपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।**
- **आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।**

**बेनीघाट रोराङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**विशालटार, धादिङ, बागमती प्रदेश, नेपाल**

अनुसन्धान केन्द्रका एसिया क्षेत्रिय निर्देशक खनिन्दा चटर्जीले जलवायु परिवर्तनका कारण अहिले नै सुख्खा, अर्धसुख्खा, टापु (डेल्टा) र हिमनदी प्रणालीले ओगटेका तटीय गरी तीन खालका क्षेत्रहरूमा अनुसन्धानमा जोड दिने वताए । कार्यक्रम कार्यान्वयन पछि जलवायु परिवर्तनबाट प्रभावित यस क्षेत्रमा अनुकुलनसम्बन्धी नयाँ ज्ञान र अनुभव प्राप्त हुनेछ । तापक्रम वृद्धि विश्वकै टाउको दुखाइको विषय बनको छ । यसअघि पनि समय समयमा तापक्रम निकै बढेका घटना छन् । सन् १९९३ को जुलाई १० मा अमेरीकाको क्यालिफोर्नीयामा पर्ने डेढ भ्यालप्मा रेकर्ड गरिएको तापक्रम गतसम्मकै उच्च थियो । त्यस दिन त्यहाँको तापक्रम ५६ डिग्री सेन्टीग्रेड रेकर्ड गरिएको थियो । त्यो रेकर्ड ब्रेक गर्दै एक सय वर्षपछि गत वर्षको जुनमै सोही भ्यालीको तापक्रम ५६.७ डिग्री पुगेको थियो । विश्वमा अत्याधिक तापक्रम रेकर्ड गरिएको अर्को तापक्रम अफ्रिकी राज्य ट्युनिसियाको हो, त्यहाँ १९३१ को जुलाई ७ मा ५५ डिग्री रेकर्ड गरिएको थियो । त्यसैगरी अल्जेरियाको सलाहमा ५० डिग्री, इजिप्टको खारगामा ५० डिग्री, लिवियाको जुरामामा ५०.२ यो हालसम्मकै उच्च तापमापन हो ।

नेपालको परिप्रेक्ष्यमा समेत विश्वको बढ्दो तापमानको प्रत्यक्ष असर देखिसकेको छ । इसिमोड र जल तथा मौसम विज्ञान विभागले गरेको एक अध्ययनअनुसार नेपालमा रहेका हिमतालहरूको आकार तथा गहिराइमा वृद्धि भइरहेको छन् । हिमतालहरूको आकार बढेर कुनै पनि समयमा विष्फोटन हुन सक्ने खतरा झन् झन् बढ्दो छ । यसैक्रममा दोलखा जिल्लाको च्छो–रोल्पा हिमतालको बढ्दो खतरालाई ध्यानमा राखी त्यस हिमतालको पानीको पानीको सतह घटाउने काम सम्पन्न भइसकेको छ । सन् १९६० पछि हिउँ तथा बरफले ढाकेको विश्वको क्षेत्रफलमा १० प्रतिशतले कमी आएको वैज्ञानिकहरूले अनुमान गरेको अवस्थामा नेपालका हिम श्रृङ्खलाहरूमा पनि हिउँ तथा बरफले ढाकेको क्षेत्रफलमा कमी आएको मान्न सकिन्छ । स्वच्छ पानीको भण्डारको रूपमा रहेका हाम्रा हिम श्रृङ्खलाहरूमा बढ्दो तापमानले के कति असर पार्न सक्छ र यसबाट हाम्रो सिङ्गो अर्थव्यवस्थामा, सामाजिक पद्दति तथा जैविक विविधतामा के कस्तो असर पर्छ भन्ने कुरा थप अनुसन्धानको विषय वस्तु बनेको छ ।

विकासोन्मुख देशहरूमा खाद्य संकट जलवायु परिवर्तनले गर्दा भएको देखिन्छ । जलवायु परिवर्तनले गर्दा समयमा वर्षा नहुने, वर्षा भएमा कहिले अतिवृष्टि कहिले खण्ड वृष्टि, कहिले अनावृष्टि, बाढी पहिरो, सुख्खा खडेरी, असिना, तुषारो आदि हुने गर्छ । यी सबैको कारणले गर्दा किसानले समयमा खेती गर्न पाउँदैनन् । खेती गरेका पनि नयाँ रोग कीरा आदिको प्रकोप हुँदा खाद्यान्न उत्पादनमा न्हास आउँछ । फलस्वरूप धेरै जनसंख्या गरिबीको चपेटामा पर्दछन् । खाद्य सामग्रीको मूल्य बढ्छ । फलस्वरूप खाद्य वस्तु सर्वसाधारणको पहुँचभन्दा बाहिर जान्छ र आमजनता भोकमरी र कुपोषणको शिकार हुन्छन् । जलवायु परिवर्तनको सन्दर्भमा खाद्य संकट उत्पन्न हुन्छ, जसको कारणले अन्न बाली र प्राणीमा नयाँ नयाँ किसिमका रोगव्याधी उत्पन्न हुन सक्छन् र फलस्वरूप गरिबी र भोकमरीको चपेटाले प्राणी (मानिस सहित) वनस्पति (खाद्यान्न बालीसहित) एउटा डरलाग्दो चक्रव्यूहमा फस्छन् ।

## जलवायु परिवर्तनको समस्यालाई हटाउने सुझावहरूः

- सरकारी वनभन्दा सामुदायिक वन व्यवस्थापन प्रभावकारी भएको हुँदा समुदायलाई हस्तान्तरण गरी वन विनाश रोक्दै दीगो वन व्यवस्थापनको उद्देश्य प्राप्त गर्न जोड दिनुपर्छ ।
- जलवायु परिवर्तनका प्रभावहरूसँग जुध्न तथा कार्बन व्यापारका लागि सक्षम हुन राष्ट्रिय तथा स्थानीयस्तरका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सरोकारवालहरूको भूमिका स्पष्ट बनाउँदै सोहीअनुसार उनीहरूको संस्थागत तयारी र क्षमता अभिवृद्धि गर्नुपर्छ ।
- संरक्षित र व्यवस्थित वनमा संचित कार्बनको व्यापारबाट अधिकतम फाइदा लिन नमूना अभ्यास गर्दै अन्तर्राष्ट्रिय सन्धी सम्भौता तथा वार्तामा दरिलो सहभागिता जनाउने र प्राप्त फाइदाको न्यायोचित वितरणको व्यवस्था मिलाउनुपर्छ ।
- जलवायु परिवर्तनबाट पर्ने अल्पकालिन र दीर्घकालिन प्रभावहरूबारे बृहत अध्ययन तथा अनुसन्धान गरी सम्बन्धित सरोकारवालाहरूलाई यथोचित जानकारी प्रवाह गर्नुपर्छ ।
- जलवायु परिवर्तनको जोखिमबाट सुरक्षित हुन पाउने नेपाली जनताको अधिकारलाई मौलिक हकको रूपमा स्थापित गर्न संवैधानिक व्यवस्था गर्नुका साथै यसलाई व्यवहारमा उतार्नका लागि राष्ट्रिय तथा क्षेत्रगत नीति तथा योजना र कार्यक्रमहरूमा समेत मूल प्रवाहीकरण गर्नुपर्छ ।

तापक्रम वृद्धि र जलवायु परिवर्तनको प्रभाव विशेषगरी कृषि, पर्यटन, जलस्रोत, जैविक विविधता र जनजीवनमा स्पष्टरूपमा देख्न सकिन्छ । तराईमा ०.०४ डिग्री र मुलुकको औषत तापक्रम वृद्धिदर ०.०६ डिग्री छ । प्रभाव देख्न र जान्नका लागि सम्बन्धित क्षेत्रमा विज्ञ नै हुनुपर्छ भन्ने छैन । आफू बसेको क्षेत्र वरपर केही वर्षअघि र अहिलेको अवस्था तुलना गर्ने हो भने यसको असर प्रष्ट देखिन्छ । तराई, पहाड, उच्च पहाड र हिमाली क्षेत्रका प्राकृतिक स्रोत र जनजीवनमा जलवायु परिवर्तनको प्रभाव सामान्य नागरिकले पनि देख्न सक्छ । पर्वतारोहीले हिमतालको पानीको सतह बढेको देख्न सक्छ । हिमनदी खुम्चिँदै गएको देख्न सक्छ । हिउँ पग्लेर हिमताल फुट्ने खतरा बढेको छ । हिमनदी खुम्चिँदै गएका छन् । हिमताल फुट्ने खतर ासँगै तल्लो भेगका बस्ती र त्यस क्षेत्रमा बनाईएका जलविद्युत् परियोजना पुल, सडक लगायत भौतिक संरचना नष्ट हुने खतरा त्यत्तिकै छ । नेपाल, चीन, भारत, पाकिस्तान, अफगानिस्तान लगायत मुलुकमा फैलिएको हिन्दुकुश हिमाली क्षेत्र दुई अर्ब जनसंख्याको पानी स्रोत मानिन्छ । हिउँ पग्लिने क्रम बढ्दै गएको र हिउँ पर्ने क्रम घटेकाले पानीको प्रमुख स्रोत खतरामा रहेको जानकारी वैज्ञानिकले दिइसकेका छन् । मौसमविद्हरूले सार्वजनिक गरेका प्रतिवेदनहरूले जलवायु परिवर्तनले गर्दा नेपालमा थोरै समयमा धेरै पानी पर्न थालेको छ । यसले एकातिर बाढीपहिरोको सम्भावना बढाएको छ भने कृषि उत्पादनमा त्यत्तिकै फरक पारेको छ । खडेरीका कारण धान लगाउने र मकै छर्ने समय पनि परिवर्तन भएको छ । काठमाडौं उपत्यका पनि तापक्रम वृद्धिको चपेटाबाट बाहिर छैन । विगत १० वर्षमा काठमाडौंको तापक्रम ०.५ डिग्रीले बढेको छ । विश्वको औषत तापक्रम वार्षिक दशमलव शून्य र डिग्री सेल्सियसका दरले बढिरहेको छ । विश्वमा हिमनदी पग्लिने र समुद्रको सतह वृद्धि हुने क्रम बढेपछि राष्ट्रसंघीय महासभाले जलवायु परिवर्तन बारे अध्ययन गर्ने भएको छ । महासभाले मुलुकहरूलाई पर्यावरणीय सन्तुलनका लागि आवश्यक कदमबारे सोच विचार गर्न पनि आह्वान गरेको छ । महासभामा प्रशान्त महासागरीय क्षेत्रमा पर्ने ११ वटा मुलुकले जलवायु परिवर्तनको बारे राष्ट्रसंघले अध्ययन गर्नुपर्ने प्रस्ताव प्रस्तुत गरेका छन् । ■

# विषयगत प्रश्नोत्तर

**१. आर्थिक विकास भनेको के हो ?**

अर्थतन्त्रको समग्र सबै पक्षको विकास भएको अवस्थालाई आर्थिक विकास भनिन्छ । आर्थिक वृद्धि उच्च, दिगो र फराकिलो हुँदै जाँदा आर्थिक विकास हुन्छ । समावेशी आर्थिक विकास अहिलेको ज्वलन्त विषय बनेको छ । यो राष्ट्रको मूलभूत लक्ष्य हो, विकासको साध्य हो, जुन विकास मोडेलमा आधारित छ । उच्च एवं दिगो वृद्धि र क्षेत्र विस्तार यसका आधार हुन् । यसले राष्ट्रको समग्र सबै पक्षलाई समेटेको हुन्छ । यो राष्ट्रको सबै क्षेत्रको विकास भएको समृद्धिको अवस्था हो । आयको समानुपातिक वितरण हुने र हरेक क्षेत्रको उत्पादन तथा वितरणको पूर्ण विकास भएको अवस्थाले गर्दा यसमा रोजगारी सिर्जनाको भई गरिबी न्यूनीकरण हुन्छ ।

**२. दिगो विकास लक्ष्यको स्थानीयकरण भन्नाले के बुझिन्छ ? नेपालमा दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नुपर्नाका कारणहरू के के हुन् ?**

राष्ट्रियस्तरमा निर्धारित दिगो विकासका लक्ष्य तथा परिमाणात्मक लक्ष्यलाई स्थानीय वस्तुस्थिति, आवश्यकता र सामर्थ्यअनुसार स्थानीय तहका नीति, योजना, बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने प्रक्रियालाई दिगो विकास लक्ष्यको स्थानीयकरण भनिन्छ । यो स्थानीय तहको योजना तथा बजेट प्रक्रियामा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी लक्ष्य हासिल गर्ने कार्यसँग सम्बन्धित छ ।

**नेपालमा दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नुपर्नाका कारणहरूः**

- संविधानबाट शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता सेवा प्रवाह गर्ने जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको छ । यी कार्य दिगो विकासका लक्ष्य एवं सूचकसँग सम्बन्धित छन् ।
- संविधानले राजस्व अधिकार, वित्तीय हस्तान्तरण प्राप्त गर्ने र आन्तरिक ऋण उठाउने अधिकार स्थानीय तहहरूलाई प्रदान गरेको छ । दिगो विकासका लक्ष्य हासिल गर्न स्रोत परिचालन गर्ने अवसर स्थानीय तहलाई समेत प्राप्त भएको छ ।
- स्थानीय तहलाई योजना र वार्षिक बजेट निर्माण र कार्यान्वयन गर्ने अधिकार प्राप्त छ । दिगो विकास लक्ष्यलाई आफ्नो योजना र बजेटमा आन्तरिकीकरण गरी कार्यान्वयन गराउन सकिन्छ ।
- दिगो विकास लक्ष्यमा उल्लिखित लक्ष्य र सूचकलाई स्थानीय तहको आवश्यकता र वस्तुस्थितिअनुसार समायोजन गरी कार्यान्वयन गर्दा स्थानीय खर्चको गुणस्तर र प्रतिफल सुनिश्चित गर्न सहयोग पुग्दछ ।
- दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक स्रोतको न्यूनता स्थानीय जनसहभागिताबाट समेत पूरा गर्न सकिने अवस्था रहन्छ । यसमा स्थानीय तहहरु अन्य तहका सरकारभन्दा बढी सफल हुन सक्छन् ।
- संघ र प्रदेशले योजनामा आन्तरिकीकरण गरेका लक्ष्यसँग स्थानीय योजना प्रणालीलाई तादात्म्यता मिलाई योजनागत अन्तरसम्बन्ध कायम गरेर सहकारितामूलक संघीयता कार्यान्वयन गर्न सकिन्छ ।
- नेपालको संविधानले तीनै तहका सरकारको कार्यजिम्मेवारी निर्धारण गरेको छ । स्थानीय पूर्वाधार विकास, सेवा प्रवाह र सुशासनजस्ता विषय स्थानीय तहको क्षेत्राधिकारभित्र पर्दछन् । तहगत सरकारबीचको सहकार्य र समन्वयबाट मात्र दिगो विकासका लक्ष्यहरु हासिल गर्न सकिन्छ ।

**३. गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा के कस्ता विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ?**

गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सहिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- दिगो विकास, वातावरण संरक्षण तथा संवर्द्धन गर्न सघाउ पु¥याउने ।

**४. नीति निर्माण भनेको के हो ? प्रभावकारी नीति निर्माणका लागि ध्यान दिनुपर्ने विषय के–के हुन् ?**

सरकारले के गर्ने, कसरी गर्ने, कहिले गर्ने, के नगर्ने, किन नगर्ने भन्ने विषयको छनोट गर्ने कार्य नीति निर्माण हो । नीति निर्माण नीति तर्जुमा गर्ने कार्य हो, जसमा समस्याको पहिचान, समस्या समाधानका लागि विभिन्न विकल्प खोजी, विकास, विश्लेषण, छनोट, स्वीकृति, कार्यान्वयन, अनुगमन, मूल्यांकन, पृष्ठपोषणलगायतका प्रक्रिया पर्छन् । यो नीति बनाउने कार्य हो । देश, काल, परिस्थिति, आवश्यकता, समय–सन्दर्भ आदिले नीति निर्माण विभिन्न किसिमले हुने गर्छ । नीतिको अवधारणापत्र तयार गर्ने, नीतिको मस्यौदा तयार गर्ने, नीति परिमार्जन गर्ने, सम्बन्धित निकायको सहमति लिने, नीति स्वीकृत गर्ने कार्य पनि नीति निर्माणअन्तर्गत पर्छन् । नेपालमा व्यवस्थापिका संसद्, कार्यपालिका, न्यायपालिका, संवैधानिक निकाय, राष्ट्रिय योजना आयोगलगायतका निकायले नीति निर्माण गर्छन् ।

**प्रभावकारी नीति निर्माणका लागि ध्यान दिनुपर्ने विषयहरूः**

नीति निर्माण निरपेक्ष होइन, सापेक्ष हो, त्यसकारण नीति निर्माणमा विभिन्न विषयमा ध्यान दिनुपर्छ । समग्रमा प्रभावकारी नीति निर्माणका लागि निम्न विषयमा ध्यान दिनुपर्छः

- नीति मुलुकको संविधान अनुकूल हुनुपर्ने एवम् संविधान, ऐन, नियमलगायतका कानुन,
- संस्थागत संरचनामार्फत नीति कार्यान्वयन गर्नुपर्ने भएकाले मुलुकमा उपलब्ध संस्थागत संरचना कार्यान्वयन क्षमताको विश्लेषण,
- नीति कार्यान्वयन गर्ने जनशक्तिको अवस्था,
- लक्षित वर्गको पहिचान तथा सम्बोधन,
- मुलुकमा निर्माण भएका अन्य नीतिसँगको सामन्जस्यता,
- निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्रको भूमिका, समन्वय एवम् सहकार्यका विषय,
- पहिला निर्माण भएका नीतिको कार्यान्वयन अवस्थाको विश्लेषण,
- अनुगमन र मूल्यांकनको व्यवस्था,
- अन्तर्राष्ट्रियस्तरमा भएका प्रतिबद्धतालगायतका समग्र बहुआयामिक विषयमा ध्यान दिनुपर्छ ।

**५. स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार के के हुन् ?**

गाउँपालिका वा नगरपालिकामा राजस्वसम्बन्धी परामर्शका लागि गाउँपालिकाको उपाध्यक्ष वा नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा एक स्थानीय राजस्व परामर्श समिति गठन गरी उक्त समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छ, जुन निम्नअनुसार छन्ः

- राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने,
- राजस्वका स्रोत, दायरा र दरसमेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,
- राजस्वका दर र क्षेत्रलगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,
- राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने ।
- यस समितिले आवश्यकताअनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने र समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुने व्यवस्था छ ।

**६. निजामती सेवाको पदमा हुने स्थायी नियुक्तिसम्बन्धी प्रक्रियागत व्यवस्थाहरू लेख्नुहोस् ।**

योग्य र क्षमतावान् जनशक्तिलाई सङ्गठनको सदस्यका रूपमा स्वीकार गर्ने औपचारिक कार्य नै नियुक्ति हो । निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० ले निजामती सेवाका पदमा हुने नियुक्ति प्रक्रियाको सम्बन्धमा निम्नानुसार उल्लेख गरेको पाइन्छः

- खुला वा आन्तरिक प्रतियोगिताद्वारा पूर्ति हुने पदमा नियुक्तिका लागि लोकसेवा आयोगको सिफारिस आवश्यक हुने,
- सो म्यादभित्र नियुक्तिपत्र बुझ्न नआएमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति गरी सोको सूचना पन्ध्र दिनभित्र लोकसेवा आयोगमा पठाउने,
- निरोगिताको प्रमाणपत्रबिना नियुक्ति गर्न नसकिने,
- प्रथम पटक नियुक्ति भई कार्यभार सम्हाल्नुअघि अनिवार्य रूपमा शपथ ग्रहण गराइने,
- महिला कर्मचारीको हकमा छ महिना र पुरूष कर्मचारीको हकमा एक वर्ष परीक्षणकालमा रहने गरी स्थायी नियुक्ति प्रदान गरिने ।
- निजामती सेवाको पदमा हुने स्थायी नियुक्तिबाट सरकारमाथि दीर्घकालीन वित्तीय दायित्व सिर्जना हुन जान्छ । तसर्थ यस प्रक्रियालाई कानुनद्वारा प्रस्ट पारी व्यवस्थित गरिएको देखिन्छ ।

**५. अर्थतन्त्रमा बजेट घाटाको प्रभावबारे चर्चा गर्नुहोस् ।**

सरकारी खर्चको तुलनामा सरकारी आय कम भएको अवस्था बजेट घाटा हो । यो न्यून वित्तको अवस्था हो । यसलाई पूर्ति गर्न न्यून वित्त परिचालन गरिन्छ । बजेट घाटा प्रायः साधन-स्रोत कम भएका र विकासको आवश्यकता बढी भएका नेपालजस्ता देशहरूले अवलम्बन गर्दछन् । सन् १९३० मा विश्वमा आएको आर्थिक मन्दीको समस्या समाधान गर्न विकल्पका रूपमा बजेट घाटा अगाडि ल्याइएको हो । यसलाई जेएम किन्सले प्रतिपादन गरेका हुन् । नेपालमा यसलाई सरकारी बजेट प्रणालीको सुरूवात भएको साल विसं २००८ देखि नै अवलम्बन गरिँदै आइएको छ । बजेट घाटाको अवस्थामा नेपालमा सरकारले आन्तरिक तथा विदेशी ऋण परिचालन गरी न्यून वित्त पूर्ति गर्दै आएको छ । यसरी उठाएको ऋणबाट पनि खर्च जुटाउन नसकेको अवस्थामा नपुग रकम नगद मौज्दातबाट पूरा गर्ने गरेको छ ।

- बजेट घाटा पूर्ति गर्न आन्तरिक तथा विदेशी ऋण परिचालन गरिने हुँदा यसबाट अर्थतन्त्रमा निम्नानुसार प्रभाव पर्दछः

**सकारात्मक प्रभाव**

- छरिएर रहेको पुँजी एकीकृत रूपमा परिचालन हुने,
- उपयोगमा नआएको साधन परिचालन हुने,
- उत्पादनशील क्षेत्रमा लगानी विस्तार हुने,
- रोजगारी सिर्जना हुने,
- विदेशी पुँजी, प्रविधि एवम् सीपको प्राप्ति हुने,
- आर्थिक मन्दीको समस्या समाधानमा सहयोग पुग्ने,
- आन्तरिक बचत र लगानीबीचको खाडल पूरा हुने,
- भुक्तानी सन्तुलनमा सहयोग पुग्ने,
- सरकारले गर्ने र निजी क्षेत्रले गर्ने कार्यको सीमा निर्धारणमा सहयोग हुने,
- आर्थिक विकासमा सहयोग हुने ।

**नकारात्मक प्रभाव**

- बजेट घाटाले मुद्रा प्रदायकको मात्रा बढाउँदछ । मागको सिर्जना गर्दछ, मूल्य वृद्धि हुन्छ ।
- मागअनुसार आन्तरिक उत्पादन भएन भने आन्तरिक माग पूरा गर्न आयात बढ्दछ । निर्यात घट्दछ । यसबाट व्यापार घाटा झन् बढ्दछ ।
- व्यापार घाटा बढेर भुक्तानी सन्तुलनमा नकारात्मक प्रभाव पर्दछ । विदेशी विनिमय दरमा समेत प्रतिकूल प्रभाव पर्न सक्दछ ।
- सरकारले घाटा बजेटमार्फत आन्तरिक ऋण परिचालन गर्दा निजी क्षेत्र साधनविहीन हुन सक्ने
- विदेशी ऋणको साँवा-ब्याज भुक्तानीको मात्रा बढ्दै जाने,
- मुलुकको आन्तरिक साधन परिचालन क्षमतामा ह्रास ल्याउन सक्ने,
- परनिर्भरता बढ्दै जाने ।

**६. नेपालमा के-कस्ता व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था छ ?**

नेपालमा दलित र एकल महिला ६० वर्ष पूरा गरेका र अन्य नागरिक ७० वर्ष पूरा गरेकालाई ज्येष्ठ नागरिक भत्ता, विपन्नलाई विपन्न नागरिक भत्ता, अशक्तलाई अशक्त र असहाय भत्ता, असहाय एकल महिलालाई भत्ता, अपाङ्गलाई भत्ता, अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच वर्ष पूरा नगरेका बालबालिकालाई बाल पोषण भत्ता, आफ्नो हेरचाह आफैँ गर्न नसक्नेलाई स्याहार भत्ता, लोपोन्मुख जातिलाई लोपोन्मुख जाति भत्ताजस्ता सामाजिक सुरक्षा भत्ताको व्यवस्था छ । नेपालको संविधानले सामाजिक सुरक्षालाई मौलिक हकका रूपमा लिई तोकिएका नागरिकलाई सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गरेको छ । यही व्यवस्थाअनुसार सामाजिक सुरक्षा ऐन-२०७५ जारी गरी कार्यान्वयनमा ल्याइएको छ । सामाजिक सुरक्षालाई व्यवस्थित गर्न तर्जुमा गरिएको सामाजिक सुरक्षा ऐनले नेपालमा हाल मासिक रूपमा वितरण हुँदै आएको सामाजिक सुरक्षा भत्ता देहायका व्यक्तिले नपाउने व्यवस्था गरेको छ :

- कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित एवम् मनोनीत भएको व्यक्ति,
- सरकारी कोषबाट निवृत्तभरण पाइरहेका व्यक्ति,
- अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवम् अन्य सुविधा पाइरहको व्यक्ति ।

# वस्तुगत प्रश्नोत्तर

हरेक ४/४ वर्षमा पर्ने अधिक वर्ष कति दिनको हुन्छ ?
- ३६६

पृथ्वीको जुम्ल्याहा ग्रह भन्ने कुन ग्रहलाई चिनिन्छि ?
- शुक्र

प्रकाशको तिव्रता नाप्ने यन्त्रलाई के भनिन्छ ?
- क्यान्डेला

चन्द्रमामा रहेको सबैभन्दा ठूलो पहाड कुन हो ?
- डार्फल पिक

सौर्य सम्वत ३५४ दिनको हुन्छ भने चन्द्र सम्वत कति दिनको हुन्छ ?
- ३५४

सबैभन्दा चिसो ग्रह कुन हो ?
- बरूण

वायुमण्डल नभएको ग्रह कुन हो ?
- बुध

प्रथम अन्तरिक्ष यात्रा को हुन् ?
- युरी गागरिन

नुनमा कुन भिटामिन पाइन्छ ?
- भिटामिन ए

नेपालमा नेपाली भाषापछि सबैभन्दा बढी बोलिने भाषा कुन हो ?
- मैथली

सौर्यमण्डलमा कति वटा ग्रहहरू छन् ?
- ८ वटा

पेप्सी कुन देशको कम्पनी हो ?
- अमेरिका

महाकवि लक्ष्मीप्रसाद देवकोटाले कतिवटा भाषा बोल्न जान्दथे ?
- ९ भाषा

छट पर्वमा कुन भगवानको पुजा गरिन्छ ?
- सूर्य

नेपालमा कतिवटा सुख्खा बन्दरगाहा छन् ?
- ४ वटा

सूर्य सबैभन्दा पहिले कुन देशमा उदाउँछ ?
- न्यूजिल्याण्ड

एउटा आँखा खुल्ला राखी सुत्ने माछा कुन हो ?
- डल्फिन

मानिसको आँखा कति डिग्रीसम्म घुम्न सक्छ ?
- १८० डिग्री

एउटा मात्र आँखाले हेर्ने चरा कुन हो ?
- काग

संसारको कुन देश हो जहाँ एउटा पनि नदी छैन ?
- साउदी अरेबिया

विश्वमा सबैभन्दा बढी गहुँ उत्पादन हुने देश कुन हो ?
- चीन

न्वागी पर्व कुन जाति मनाउँछन् ?
- लिम्बु

नेपालको पहिलो सार्वजनिक संस्थान कुन हो ?
- विराटनगर जुटमिल

हाइपरइन्फ्लेसन भन्नाले के बुझिन्छ ?
- अत्यधिक मुद्रास्फीति

सरकारी कार्यालयका साइनबोर्डहरु नेपालीमा राख्नुपर्ने व्यवस्था कहिलेदेखि भएको हो ?
- वि.सं. २०१८ जेठ ९

नेपालको कुन हिमाललाई 'म्याटरहर्न अफ हिमालयज' उपनामले चिनिन्छ ?
- माछापुच्छ्रे

जलवायु परिवर्तन र विश्वव्यापी द्वन्द्व बढ्दै जाँदा हुने विश्वव्यापी खाद्य संकट रोक्नका लागि उल्लेख्य भूमिका निर्वाह गर्न सक्ने स्रोत केलाई मानिएको छ ?
- बीउ बैंक

नेपालमा औद्योगिक गणनाको थालनी कहिलेदेखि भएको हो ?
- वि.सं. २०२२

नेपालमा सबभन्दा पहिले स्थापना भएको संरक्षण क्षेत्र कुन हो ?
- अन्नपूर्ण संरक्षण क्षेत्र

नेपोलियन बोनापार्टको पतनपछि कुन शान्ति सन्धिमा हस्ताक्षर भएको थियो ?
- पेरिस सन्धि

पृथ्वीको ओजोन तह विनाश गर्ने मुख्य कार्बन कुन हो ?
- क्लोरोफ्लोरो कार्बन

प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल सुन्दावती सेतीदेवी कुण्ड कहाँ रहेको छ ?
- दोलखा

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सन् २०२४ अप्रिलमा सार्वजनिक गरेको 'नेपाल पर्यटन तथ्या' २०२३ अनुसार नेपालमा विदेशी पर्यटकको औसत बसाइ अवधि कति रहेको छ ?
- १३.२ दिन

संयुक्त राष्ट्रसङ्घले 'क्लाइमेट प्रोमिस' (जलवायु प्रतिज्ञा) २०२५ कहिले सुरू गरेको हो ?
- विसं २०८१ वैशाख ११

छिन्नलता गीत पुरस्कार-२०८० कसलाई प्रदान गरियो ?
- गीत रचनाः वीरेन्द्र पाठक, सङ्गीतः चण्डी काफ्ले र गायनः मनिला सोताङ

गोरखाको नुब्री क्षेत्रलाई अहिंसा उपत्यका घोषणा कहिले गरिएको हो ?
- विसं २०८१ वैशाख ८

जलवायु क्लब कार्यान्वयनमा ल्याउने अन्तर्राष्ट्रिय निकाय कुन हो ?
- जी-७

पृथ्वी, चन्द्रमा र मङ्गल ग्रहबिच प्रस्तावित रेल यातायात 'हेक्जागन स्पेस ट्र्याक सिस्टम' कुन देशको परियोजना हो ?
- जापान

युरोकप २०२४ को आयोजना कहाँ गरिएको छ ?
- जर्मनी

एआई सेफ्टी समिट २०२३ कहाँ आयोजना गरियो ?
- बेलायत

नेटोको ३१ औँ सदस्यका रूपमा थपिएको राष्ट्र कुन हो ?
- फिनल्यान्ड

जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता लागु गर्ने पहिलो सार्क राष्ट्र कुन हो ?
- माल्दिभ्स

चार्ली फोस्टर भनेको के हो ?
- साइबर अपराधविरूद्ध नेपाल र चीनद्वारा सञ्चालित अपरेसन

राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस कहिले मनाइन्छ ?
- मे २

आयुर्वेद कुन वेदको उपवेद हो ?
- अथर्ववेद

मधेश प्रदेशको पहिलो बालमैत्री घोषित नगरपालिका कुन हो ?
- कञ्चनरूप नगरपालिका (सप्तरी)

गिद्ध प्रजनन केन्द्र कहाँ छ ?
- चितवनको कसरा

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताको बिमा गर्ने कार्यको सुरूवात कहिलेदेखि गरेको हो ?
- विसं २०७५ मङ्सिर १

तामाङ र नेपाल भाषा बागमती प्रदेशको सरकारी कामकाजी भाषाका रूपमा कहिलेदखि लागु भएको हो ?
- विसं २०८१ वैशाख २४

कर्णाली प्रदेशकै पहिलो चारतारे होटल कुन हो ?
- सिद्धार्थ होटल (वीरेन्द्रनगर, सुर्खेत)

राष्ट्रिय तथ्याँ कार्यालयका अनुसार नेपालीको औसत आयु कति रहेको छ ?
- ७१.३ वर्ष (पुरुषः ६८.२ वर्ष र महिलाः ७३.८ वर्ष)

सन् २०२४ अप्रिल–मे महिनामा सम्पन्न स्पेनिस ला लिगाको उपाधि कसले जित्यो ?
- रियल मेड्रिड

चीनले नेपाली नागरिकलाई कहिलेदेखि भिसा निःशुल्क गरेको छ ?
- सन् २०२४ मे १

हाल नेपालमा वन क्षेत्रले ओगटेको हिस्सा कति रहेको छ ?
- ४४.७४ प्रतिशत

सरकारले सरदार भक्ति थापालाई राष्ट्रिय विभूति घोषणा कहिले गरेको हो ?
- वि.सं. २०७८ असार १४

'ग्रेट ग्रिन वाल प्रोजेक्ट'कहाँ कार्यान्वयनमा ल्याइएको छ ?
- अफ्रिकाको साहेल क्षेत्र

सिद्धार्थ गौतम बुद्धको धर्मपत्नी को हुन् ?
- यशोधरा

विश्वकै लामो दूरीको हवाई उडान गर्ने हवाई सेवा कुन हो ?
- अस्ट्रेलियाको राष्ट्रिय ध्वजावाहक क्वान्टास

चाँगुनारायणको मन्दिर कुन शैलीमा निर्मित मन्दिर हो ?
- प्यागोडा

बाघको बच्चालाई डमरू भनिन्छ भने ऊँटको बच्चालाई के भनिन्छ ?
- उल्लु

महिलाले बोलेको सुन्ने तर पुरूषले बोलेको नसुन्ने रोगलाई के भनी चिनिन्छ ?
- रिभर्स स्लोप हियरिङ लस

पोतला दरबार कहाँ रहेको छ ?
- ल्हासा, चीन

विश्वमा सबैभन्दा बढी संख्यामा चरा पाइने उपत्यका कुन हो ?
- अरूण उपत्यका

'हिप्पोक्याम्प' भनेको के हो ?
- एक खगोलीय पिण्ड

सार्सको पूरा रूप के हो ?
- सिभियर एक्युट रेस्पिरेटरी सिन्ड्रोम

भ्रष्टाचारविरूद्धको अन्तर्राष्ट्रिय दिवस कहिले मनाइन्छ ?
- डिसेम्बर ९

चीनले मङ्गल ग्रहको अध्ययनका लागि तियानवेन-१ अन्तरीक्ष यान कहिले प्रक्षेपण गरेको हो ?
- सन् २०२० जुलाई २३

'विपत्तिले मानव बनाउँछ भने सम्पत्तिले दानव' भन्ने विद्वान् को हुन् ?
- भिक्टर ह्युगो

कुवेरको बगैँचालाई के भनिन्छ ?
- चैत्ररथ

कुन सभ्यतालाई वैदिक सभ्यता भनेर चिनिन्छ ?
- आर्य सभ्यता

चेपाङ जातिले बोल्ने भाषालाई के भनिन्छ ?
- खाम्ची

अफ्रिका महादेशको सबैभन्दा ठूलो देश कुन हो ?
- अल्जेरिया

पोथी सुँगुरलाई भुनी भनिन्छ भने भाले सुँगुरलाई के भनिन्छ ?
- बुचो

अन्तर्राष्ट्रिय वन दिवस कहिले मनाइन्छ ?
- मार्च २१

अमिलो मह कुन देशमा पाइन्छ ?
- ब्राजिल

इतिहासका पिता भनी कसलाई चिनिन्छ ?
- हेरोडोटस (प्राचीन ग्रिक दार्शनिक)

विश्व बैंकको प्रधान कार्यालय कहाँ रहेको छ ?
- वासिङ्टन डिसी (अमेरिका)

कुन हिमाललाई अफ्रिकाको छानो भनेर चिनिन्छ ?
- किलिमञ्जरो

नागरिक लगानी कोषको स्थापना कहिले भएको हो ?
- वि.सं. २०४७ चैत ४

जात्रा र पर्वको सहर भनी कुन सहरलाई चिनिन्छ ?
- भक्तपुर

हेरिटेज ट्रेक सम्पदा पदमार्गको लम्बाइ कति रहेको छ ?
- २.२ किलोमिटर

खस आर्य भन्नाले कुन-कुन जाति बुझिन्छ ?
- ब्राह्मण, क्षेत्री, ठकुरी, सन्न्यासी–दशनामी

नेपालसँग हवाई सम्झौता भएको प्रथम राष्ट्र कुन हो ?
- भारत

विश्वमा सबैभन्दा बढी विद्युत् उत्पादन गर्ने राष्ट्र कुन हो ?
- चीन

विश्वकै ठूलो खगोल विज्ञान सङ्ग्रहालय कहाँ रहेको छ ?
- साङ्घाई (चीन)

विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमालमध्ये १३ वटा हिमाल बिनाअक्सिजन सफल आरोहण गरी कीर्तिमान कायम गर्ने पर्वतारोही को हुन् ?
- निर्मल पुर्जा

सर्वव्यापी घोलक केलाई मानिन्छ ?

- पानी

मानिसको वैज्ञानिक नाम के हो ?

- होमो सेपिन्स

शिलापत्र वर्ष व्यक्ति २०८० घोषित व्यक्तित्व को हुन् ?

- सावित्रा भण्डारी 'साम्बा'

ओजोन तह संरक्षणसम्बन्धी पहिलो अन्तर्राष्ट्रिय सम्मेलन कहिले र कहाँ आयोजना गरियो ?

- सन् १९८७, क्यानडाको मन्ट्रियल

नेपालमा निकासी वृद्धि गर्ने उद्देश्यले द्वय विनिमय दर प्रणाली कहिलेदेखि लागु गरियो ?

- विसं २०३४

वसुन्धारा-मान प्रज्ञा प्रतिष्ठानले २०८१ सालमा प्रदान गर्ने वसुन्धराश्री पुरस्कारबाट कसलाई सम्मानित गऱ्यो ?

- कूटनीतिज्ञ भेषबहादुर थापा

नेपाली कविताको क्षेत्रमा प्रयोगवादी धाराको सूत्रपात गर्ने कवि को हुन् ?

- मोहन कोइराला

पृथ्वीमा सबैभन्दा बढी पाइने धातु के हो ?

- अल्मुनियम

लिखित संविधान भएको एसियाको पहिलो राष्ट्र कुन हो ?

- जापान

मानिसको वृद्धावस्थाबारे अध्ययन गर्ने विषयलाई के भनिन्छ ?

- जेरेन्टोलोजी

हवाईजहाजको टायरमा कुन ग्याँस भरिनछ ?

- नाइट्रोजन

नेपालको राष्ट्रिय खेल कुन हो ?

- भलिबल

नेपालको वनलाई कति भागमा विभाजन गरिएको छ ?

- ५ भाग

हरेक वस्तुलाई दोब्बर ठूलो देख्ने जनावर कुन हो ?

- हात्ती

विश्व पर्यटन दिवस कहिले मनाइन्छ ?

- सेप्टेम्बर २७

बाख्राको औसत आयु कति हुन्छ ?

- १४ वर्ष

नेपालका प्रथम प्रमाणिक राजा को हुन् ?

- मानदेव

सौर्यमण्डलको सबैभन्दा हल्का ग्रह कुन हो ?

- शनि

कुन जनावरको दुधमा अधिकतम् प्रोटिन हुन्छ ?

- भेडा

कहिल्यै नबिग्रने त्यस्तो खानेकुरा कुन हो ?

- मह

कुन जीवको ५ वटा आँखा हुन्छ ?

- मौरी

बुर्ज खलिफा निर्माण गर्न लगभग कति समय लाग्यो ?

- ५ वर्ष

संसारमा सबैभन्दा सस्तो ऊन कुन देशमा पाइन्छ ?

- अष्ट्रेलिया

सूर्य सबैभन्दा पहिले कहाँ उदाउँछ ?

- न्यूजिल्याण्ड

छुने बित्तिकै मर्ने चरा कुन हो ?

- टिटोनी

चन्द्रमामा सर्वप्रथम खेलिएको खेल कुन हो ?

- गल्फ

भारतको राष्ट्रिय फल कुन हो ?

- आँप

कहिल्यै आँखा नचिम्लने जीव कुन हो ?

- कछुवा

कुन प्राणीले जिब्रो भएर पनि आवाज निकाल्न सक्दैन ?

- जिराफ

गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई 'पञ्चशील क्षेत्र' घोषणा कहिले गरिएको हो ?

- वि.सं. २०७५ मङ्सिर ५

संसारको पहिलो रोग केलाई मानिन्छ ?

- कुष्टरोग

काग कुन देशको राष्ट्रिय चरा हो ?

- भुटान

सुमेरू महासागर कुन आकारको छ ?

- त्रिभुज

चन्द्रमामा पुग्न कति समय लाग्छ ?

- ३ दिन

हरियो गुलाफ कुन देशमा पाइन्छ ?

- चीन

कुन रूखलाई छुँदा मानिसको तुरून्तै मृत्यु हुन्छ ?

- किलर ट्री

नेपाल समुद्री सतहदेखि कति किलोमिटर टाढा रहेको छ ?

- ११२७

नेपालको 'वाटर लु' भनेर कुन पर्व/घटनालाई चिनिन्छ ?

- अलौ पर्व

नेपालको प्रदेश सभा कति सदनात्मक हुने व्यवस्था छ ?

- एक

नेपाली भाषाका प्रथम कवि कसलाई मानिन्छ ?

- सुवानन्द दास

सात पहाडको सहर भनी कुन सहरलाई चिनिन्छ ?

- इटालीको रोम

पहिलो विश्वकप फुटबल प्रतियोगिता कुन देशमा भएको थियो ?

- उरूग्वे (सन् १९३०)

EPG को पूरा रूप के हो ?

- Eminent Person Group

युरोपेली सङ्घ दिवस कहिले मनाइन्छ ?

- मे ९

विश्वको सबैभन्दा पुरानो अन्न कुनलाई भनिन्छ ?

- भटमास

नेपालको इतिहासमा कुन घटनालाई बस्नेत पर्व पनि भनिन्छ ?

- भण्डारखाल पर्व

अरूण ग्रहका कति वटा उपग्रह रहेका छन् ?

- २७ वटा

सूर्यबाट सबैभन्दा टाढा रहेको वरूण ग्रहको रंग कस्तो छ ?

- आकाशे निलो

ज्योतिषशास्त्र अनुसार नक्षत्र कति वटा छन् ?

- २७ वटा

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । सडक निर्माण गर्दा राज्यको ठूलो धनराशी खर्च हुन्छ । त्यसैले निर्माण भइसकेको सडक संरचनामा प्रतिकूल असर पर्ने गरी निम्न क्रियाकलापहरु नगरीदिनु हुन विनम्र अनुरोध गर्दछौं ।

- निर्माणाधीन सडकको सीमा अतिक्रमण गरी घर टहरा निर्माण नगरौं ।
- सडक तथा सडकमा  निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीहरुलाई अवरोध नगरौं ।
- सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउने जस्ता कार्य नगरौं ।
- सडकको पानी कुनै किसिमबाट निकास गरौं ।

नेपाल सरकार

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

सिंहदरबार, काठमाडौं

---

# "आर्थिक विकास र स्वरोजगार: समृद्ध देवचुली निर्माणको आधार"

- आफ्नो पालिकाको विकास निर्माण र सुशासनमा चासो राखौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- नगरपालिकाबाट हुने सार्वजनिक सुनुवाई कामर्यक्रममा सहभागी बनौं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आयआर्जनमुखी पेशा अपनाई स्वरोजगार बनौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।

**देवचुली नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

देवचुली, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश

# खानाको स्वच्छताको लागि ध्यान दिनुपर्ने कुराहरू




नेपाल सरकार
## खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं